CC-0. In Public Domain. Digitization by eGangotri

श्रेय चिन्तन



MAHENDRA SANSKRIT UNIVERSITY

२०५०

मातृभूमि सेवक संघ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्

विजया दशमी २०५० को पावन्
अवसरमा हामी हाम्रा समस्त ग्राहक
महानुभावहरुमा सुख, समृद्धि, सुस्वास्थ्य
तथा
दीर्घायुको लागि मङ्गलमय

शुभ - कामना

व्यक्त गर्दछौं ।

पुस्कर संघाई
बाबा इन्टरप्राइजेज
गुच्चाटोल, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री मान क्याम्पस प्रमुख ज्यू
वाल्मीकि क्याम्पस, प्रदर्शनी मार्ग

या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥

नेपाली मात्रको महान् पर्व

पावन विजया दशमीले

राष्ट्र र राष्ट्रिय अस्मिताका लागि

एवं धर्म र संस्कृतिका लागि

हामी सम्पूर्ण नेपालीलाई

सदा प्रेरित गरोस् भन्ने

हार्दिक मङ्गलकामना ॥

□ मातृभूमि सेवक संघ
□ हिन्दू विद्यापीठ–नेपाल
ललितपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मातृभूमि सेवक संघ

केन्द्रीय कार्य समिति

अध्यक्ष : डा० विहारीलाल श्रेष्ठ
उपाध्यक्ष : भरतमणि रिसाल
सचिव : रामप्रसाद सत्याल
सह-सचिव : सरोज सिंह हमाल
कोषाध्यक्ष : श्रीओम श्रेष्ठ
सदस्य : चिरन्जिवी विष्ट
,, : डा० ज्ञानलाल श्रेष्ठ
,, : ओमभक्त योगी
,, : केदार ताम्राकार
पदेन सदस्य : चिन्तामणि योगी
,, : विमलराज पाठक

सल्लाहकार

डा० स्वामी प्रपन्नाचार्य
बद्रीविक्रम थापा
बिन्दुलाल श्रेष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

माता मे भूमिः पुत्रोऽहं पृथिव्याः

ध्येय चिन्तन

२०५०

विजया दशमीको शुभ उपलक्ष्यमा

प्रमुख सल्लाहकार

डा० विहारीलाल श्रेष्ठ

सल्लाहकार

श्री दीर्घराज कोइराला

श्री वद्रीविक्रम थापा

प्रकाशन सहयोगी

जीवनचन्द्र कोइराला

विमलराज पाठक

सम्पादन

चिन्तामणि योगी

श्रीओम श्रेष्ठ 'रोदन'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक:
मातृभूमि सेवक संघ
केन्द्रीय कार्यालय
जावलाखेल, ललितपुर
फोन नं. ५ – २७९२५
५ – २२१०९
पोष्ट वक्स नं. ६८०७, काठमाडौं

प्रति:– एक हजार

मूल्य:– १०/–

आवरण:– वामदेव योगी

मुद्रक:
भिमशिवा छापाखाना
झम्सिखेल, ललितपुर ☎ ५-२२९१२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुभ-कामना

"ध्येय चिन्तन" पत्रिका वडा दशैंको उपलक्ष्यमा ध्येयप्रतिको विविध चिन्तन लिएर फेरि हाम्रो समक्ष आएको छ। राष्ट्रमा एउटा नयाँ वातावरणको सृजना भएको छ। नयाँ जोश, जाँगर र नयाँ सोचाइको अंकुर जुर्मुराउँदै प्रजातन्त्रको न्यानो घाम ताप्न फस्टाउने प्रयास गर्दैछ। यसको संरक्षण, सम्वर्धन र ठीक रूपले विकास गर्दै लैजानु हाम्रो परम कर्तव्य बन्न आएको छ।

राष्ट्रलाई अनेकौं समस्याहरूले घेरिराखेका छन्। शैक्षिक, आर्थिक, सामाजिक तथा राजनैतिक जीवन दिशाबोधको अभावमा आफ्नो गन्तव्य नै ठम्याउन नसकी अलमलिएको छ। जातियताको आधारमा राष्ट्रलाई टुक्राउन खोज्ने, पहाड-मदेस-तराईको निहुँमा आफ्नो राजनैतिक स्वार्थ पूरा गर्न राष्ट्रको एकतालाईनै खण्डित पार्न खोज्ने साम्प्रदायिक स्वार्थको लागि धार्मिक तथा साँस्कृतिक एकता र आस्थालाई विथोल्न खोज्ने राष्ट्रघाती सोचाईको भयानक डढेलो शुरू भैसकेको छ। यसलाई समयमा नै रोक्न नसके सर्वनाशको ताण्डव नृत्य हामीले चाँडै नै देख्नु पर्नेछ।

स्वाभिमानी नेपाली भएर बाँच्नु छ भने नेपाललाई बचाउनु पर्छ। नेपालीपनलाई चिनाउने संस्कृति, सभ्यता र दर्शनको एकता र सामन्जस्यतालाई सुरक्षित राख्नुपर्छ, यस पूण्यभूमिको पवित्र माटोको एक-एक कणप्रति श्रद्धा आस्था जगाउनुपर्छ, विचार र आचरणको उचित संस्कार बोकेको जागृत तथा सचेत जनशक्तिको निर्माण हुनुपर्छ। यही नै संघको एक मात्र आकांक्षा रहेको छ।

संघका स्वयंसेवकहरूमाथि अब ठूलो जिम्मेवारी थपिएको छ। समाज, राष्ट्र र विश्वमा एउटा आदर्श सोचाइको विकास गर्दै विश्वभातृत्व र बन्धुत्वको भावनालाई अघि सार्न भगीरथ प्रयास गर्नुपर्ने छ। मानव सभ्यताको प्रथम किरण झुल्केको यस पवित्र भूमिको त्यो आदर्शलाई फेरि प्रज्वलित पार्नुछ। "एतत् देशः प्रसुतस्य सकासाद् अग्रजन्मनः, स्वं स्वं चरित्रम् शिक्षेरन् पृथिव्यां सर्वमानवाः ।।" जस्ता महान् सिद्धान्त र "वसुधैव कुटुम्बवम्", "एकंसद्विप्रा वहुधावदन्ति" जस्ता उद्घोषलाई पुनः विश्वसमक्ष ल्याउनु छ। आफ्नो जीवनको प्रत्येक क्षणमा ध्येयप्रतिको चिन्तन भई राख्नुपर्छ। राष्ट्रप्रतिको समर्पणले हाम्रा पाइला पाइला झङ्कृत हुनुपर्छ। नेपाल आमाको सेवामा आफूलाई होम्न सक्नुपर्छ। यस्तै आदर्शयुक्त व्यक्तित्वको निर्माण नै संघको सर्वोपरि लक्ष रहेको छ।

यस्तो महान् लक्ष बोकेर प्रकाशित "ध्येय चिन्तन" पत्रिकाको यो अङ्कले आफ्नो सन्देश सर्वत्र पुऱ्याउन सफल होस् भन्ने मेरो शुभकामना छ।

डा. बिहारीलाल श्रेष्ठ
अध्यक्ष
मातृभूमि सेवक संघ, केन्द्रीय समिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय

जुन देशमा धर्म र संस्कृतिको सुरक्षा एवं स्थायी हुँदैन त्यो राष्ट्र स्वयम्‌मा अस्थिर भएको हुन्छ। यस अर्थमा कुनै पनि राष्ट्रको धर्म-संस्कृति त्यस राष्ट्रको प्राण समान रहेको हुन्छ। हाम्रो देश धर्म-संस्कृतिको दृष्टिले हिमाल झैं स्थिर छ, बुद्ध झैं शान्त छ र वीर झैं प्रसिद्ध छ। यी भावनाहरूलाई सदैव अभिप्रेरित गरिरहने काममा मातृभूमि सेवक संघले अविछिन्न रूपमा सघाउ पुऱ्याउँदै आएको छ। संघले मूलतः समाज र राष्ट्रप्रति भावनात्मक प्रेम जगाउने, धर्म, संस्कृति र राष्ट्रियताप्रति गर्व गर्ने व्यक्तिहरूको निर्माणमा आफूलाई समर्पण गर्दै आएको छ। जसको निम्ति आफ्नो श्रोत, साधन र शक्तिले भ्याएसम्मका विविध माध्यमहरू अवलम्वन गर्दै आएको छ। पत्रिका प्रकाशन त्यसैं मध्येको एक सशक्त माध्यम हो। वि. सं. २०४४ मा सम्पन्न विश्व हिन्दू महासम्मेलन विशेषाङ्कको रूपमा प्रकाशित भएको 'ध्येय चिन्तन'' नियमित हुन नसके तापनि प्रकाशन चाँहि भई नै रहेको छ।

□ □ □

नेपालमा राष्ट्र भाषा नेपाली भाषालाई लोकसेवा आयोगले अवमूल्यन गरेको छ। यस्तै स्थिति बढ्दै जाने हो भने नेपालको नेपाली भाषा इतिहासमा हुनेछ र नेपालमा नेपाली बोल्नेहरूको संख्या गिनिस बुकमा छापिने छ। यस्तो सम्वेदनशील विषयप्रति भएको अन्याय खेदजनक छ। यस्तो स्थितिमा हामीले 'ध्येय चिन्तन' को निरन्तरताको टड्कारो महसूस गरेका छौं र नियमित हुने आशा पनि राखेका छौं।

□ □ □

गत साउनमा भएको प्राकृतिक प्रकोप राष्ट्रको निम्ति ठूलो घाउ भएको छ। असंख्य र अतुलनीय धन-जनको क्षति, हजारौं घरवार विहीन भएका छन्। यसरी प्रकृतिको मारमा पिल्सिरहेका सम्पूर्ण नेपालीहरूको शिघ्रातिशिघ्र यथोचित व्यवस्थाकासाथ सुखमय जीवनको कामना गर्दछौं। अन्त्यमा, नेपालको भूगोलभित्र समेटिएका विविध भाषा र संस्कृतिका नेपालीहरू वडा दशैंलाई महान् राष्ट्रिय पर्वको रूपमा, एकताको रूपमा दशैंलाई स्वीकारीरहेका छन् र मनाउँदैआएका छन्। यो शाश्वतता हो। यस्तो पावन अवसरमा विश्वभरिका समस्त नेपालीहरूका हितका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

क्र.सं. विषय	लेखक	पृष्ठ
१. चिन्तन-मननको ध्येय	–पार्थमणि भट्टराई	१
२. दुर्गासप्तशती: एक अध्ययन	–हरि मञ्जुश्री	६
३ राष्ट्रभाषा नेपाली राष्ट्रिय एकताको सूत्रको रूपमा	–प्रा. शिवगोपाल रिसाल	१२
४. नेपालको साधारण शिक्षा प्रणालीमा अनिवार्य संस्कृत विषयको आवश्यकता एक विवेचना	–रामप्रसाद सत्याल	२०
५. बझाङ जिल्लाको संस्कृतमा मण्टो	–स्व. कुलचन्द्र कोइराला	२९
६. भेटवार्ता: डा. स्वामी प्रपन्नाचार्य	–प्रस्तुति: रोदन	३४
७. शक्ति समाराधनको सन्दर्भ र विजया दशमीको संकेत	–चेतोनाथ शर्मा आचार्य	४२
८. राष्ट्र-जीवनका सञ्चालक: धर्म र संस्कृति	–डा. तुलसी भट्टराई	४८
९. लागू पदार्थ: योग	–नरेन्द्रनाथ भट्टराई	५४
०. ध्यानले के गर्छ ?	–पूर्णकृष्ण 'पथिक'	६२
१. अनुकरणीय उदाहरण	–लक्ष्मीकान्त निरौला	६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१२. संस्कृत भाषा–प्राचीन हिन्दू विज्ञानको भण्डार	–डा. ज्ञानलाल श्रेष्ठ	७०
१३. योग विज्ञानमा "तप"को गलत प्रयोग	–मानसाग्नि	७५
१४. संघ सामाजिक जागरणको अभियानमा	–बिमलराज पाठक	७९
१५. स्वयं-सेवकप्रति	–अजय रिसाल	८३
१६. स्वयं-सेवक अभिव्यक्ति	–दिव्य पन्त	८४
१७. हामी बालक	–हिमाललाल श्रेष्ठ	८५
१८. वीरको गाथा	–राजेन्द्रबहादुर शाही	८६
१९. आऊ हे कृष्ण ! आऊ	–संजय श्रेष्ठ	८७
२०. अब शक्ति देऊ	–हीरा पोखरेल	८८
२१. संघ-गतिविधि		८९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिन्तन–मननको ध्येय

–पार्थमणि भट्टराई

'ध्येय चिन्तन' ले विजया दशमीको उपलक्ष्यमा पाठकलाई बौद्धिक खुराकी प्रदान गर्ने भएको छ। देखादेखीका धेरै कुरा स्मृतिपटलमा रूमलिन्छन् । लेख्नै पर्‍यो देखेका कुरा ! कलम कागतको साजमा आसन जमाउँछु । मनमा र दिमागमा हुँडलिएका थुप्रै कुरा एकसाथ मडारिएर ओइरिन खोज्छन् । लेखनी चल्न सक्दैन । मानसपटलमा जम्मा भएका मेरा विषयवस्तु विस्मित् हुन्छन् । आखिरी कुनचाहिं गतिलो अभ्यस्त लेखक हुँ र ? स्मृति र विस्मृति त जीवनमा भइ नै रहन्छन् । एक एक गर्दै थुप्रिएका अनुभूतिका शृङ्खलाका क्रम टुट्दै जान्छन्–जुट्दै जान्छन् । फेरि टुट्छन् । जे भए पनि कनिकुथी एउटा खेस्रा त गर्नै पर्‍यो । नाउँ पनि चल्ने, सम्पादक मण्डलको अनुरोध पनि टर्ने ।

लेखनधेय लिई विषयवस्तुको चिन्तनमा डुब्छु । हिन्दू विद्यापीठ, मातृभूमि सेवक संघ, हिन्दू धर्म संरक्षण संघदेखि सिलसिला जोडेर विश्व हिन्दू महा-संघ, सनातन धर्म सेवा समिति, पशुपति क्षेत्र सुधार कोष अनि पछि गुठी संस्थान, पशुपति तहविल. . . .यस्तै यस्तै हिन्दू धर्म र संस्कृतिको संरक्षण एवं संवर्द्धन गर्न जन्मेका अन्य अन्य धेरै संस्थाहरू सम्झनामा आउँछन् । अनि मलाई लाग्छ हिन्दू धर्म संस्कृति संमृद्ध छ । यसको परिष्कृत दर्शनले विश्वव्यापी लट्टो लिएको छ । नहोस् पनि किन ? परापूर्व कालदेखि नै सनातनी हुँदै आएको अहिले पनि सनातनी नै छ । बुद्धपूर्व पनि सनातनी, त्यो भन्दा पूर्व पनि सनातनी अझ पूर्व. . . .। विस्मृत यसका सारांश पुनः स्मृतिमा बाँकटे हान्छन् । डुब्छु डुब्छु भयो फेरि उत्रिन्छु । यसै गरी स्मृति विस्मृतिको रोगटे पिङ मच्चिरहेकै छ ।

विश्वव्यापी सनातनी हिन्दू धर्म र यो धर्म संस्कृतिलाई अनवरत प्रवाह दिने ऋषिमुनिका अलौकिक लौकिक दिग्दर्शन, यसका अनुगामी अनुचर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदिका कार्यकलाप अव पनि समयको कसौटीमा घोट्तै जाने क्रम अटूट छँदै छ । निक्खरा उत्रिसकेको यो हिन्दूत्व फेरि पनि परीक्षणकालमै प्रतिस्पर्धा गर्दैछ । आकृति कस्तो थियो ? विकृतिमा के हुँदै, के वन्दैछ, के हुनुपर्ने हो अव भविष्यमा कुन रूप लेला ? यी सवै प्रश्न चिन्हका अगाडि उयर्युक्त मातृभूमि सेवक संघ लगायतका अन्य संस्थाहरू ठडिएका हुन्छन् । मेरा विस्मृतिले यी विकृति परम्पराउपर फेरि एक झड्का स्मृति ल्याउँछन् ।

विस्मयसाथ नेपालवाट हिन्दू सभ्यता र संस्कृतिका प्राचीन निधि विलुप्त र विकृत अवस्थामा देखिन्छन् भन्नुपरेको छ । पशुपति क्षेत्रका वरपर चारैतिर आशावदी नेत्रले संरक्षणका, सम्वर्द्धनका रूपरेखा कोरिएको हेर्न चाहन्छ हिन्दू । उही पुरानो जीर्ण अवस्थाको मर्यादित क्षेत्र, अव अहिले नै खण्डहर हुनै आँटेका सत्तल, पाटी, पौवा, धर्मशाला । यीभित्र वसोवास गरी व्यस्त राजधानीमा जवान भएको प्रदूषणका उपभोक्ता वालवच्चा सहित विविध व्यवसायमा संलग्न वासिन्दा, पशुपति मन्दिर हाताभित्र यत्र-तत्र टाँगिएका व्यवसायिक विज्ञापन पाटी, क्षुब्ध श्वान जस्ता हिन्दूत्वको विकृत अहं दर्शाउने व्राह्मण अनन्य भक्तजन दर्शनार्थी, भेषधारी योगी, सन्त के के हो के के देखेपछि भगवानको घरमा नअट्ने नै के थियो र ? सचेत र आफ्नो सभ्यता संस्कृति धर्मदर्शनका निमित्त सक्षम हुन सक्ने मानवले सम्भवतः विस्मृतिवस विकृति अँगाल्दै गयो होला, यिनै भग्न मन्दिरका खण्डहरू समेटेर ।

अझै पनि मेरो हिन्दू जागेकै छ, किनभने म विश्वको एक मात्र हिन्दू राष्ट्रको नागरिक हुँ । म जस्ता अनेक नागरिकले त 'हिन्दूत्व' को दम्भ मात्र लिएर भट्टवाजेसँग वास्ना आउने चन्दन हकदावी गरेका होलान् । अँ त कहिलेकाहीं भट्टवाजे पनि स्मृति र विस्मृतिको दोधारमा अलमलिएको देखेको छु । पशुपतिभित्र रूद्री, पूजा, जप, वेद, पुराण आदि भन्न सक्ने विकत्थ पेशा हाँक्ने त्रा हुन् वाजेले जजमानलाई लुछाचुंडीसाथ तानेको पनि देखेको हुँ । धेरै वर्ष पहिले नौतनवातिर आउने लाहुरेलाई लजका महिला कार्यकर्ता पनि लुछाचुंडी गर्थे । वोलवाला र चल्तिफिर्ति भएका वाजेहरूले एकैदिन एकैपटक रूद्री पाठ गरिदिने गरी आफू एक्लैले १०।११ ठाउँ निधार वेचेको पनि देखेको छु । पाठ भनेको हुँदै गर्छ । जजमानले खर्च र दक्षिणा टक्रयाईहाले, वाजेलाई अर्को जजमानको धूनले फुर्सत हुँदैन । १०।११ ठाउँको टीको ११ × ११ = १२१ आवृति रूद्रीपाठ एक विहानमा कतिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्भव होला । बरू पाठको नामोच्चारणले टीको लाएपछि सबैलाई ढुक्क ! अनि लाग्छ पूजापाठ र धर्म, पेशा र फेशन जस्तो भएछ । श्रद्धा भक्ति नामेट भइसकेछ ।

विश्वमा चर्चित नेपालका आराध्यदेव पशुपतिनाथ, यिनै चर्चित देवताको अन्य सहायक मठ मन्दिरहरू चारैतिर सतर्कावस्थामा छन् । परा-पूर्व कालको श्लेषमान्तक वन अव त आवादी बढेर हो क्यारे पातलिदै छ । वृद्ध, मगन्ते, भजन्ते, साधु, योगी, सन्त, व्यापारी, कर्मचारी आदि अनेक पेशामा आवद्ध मानिसद्वारा खचाखच भरिएको पशुपति क्षेत्रका इमारतहरू; पशुपति क्षेत्रभित्रैका वासिन्दावाट काटिंदै वाल्दै रिक्तप्रायः हुन आँटेको जङ्गल वेवारिसी लाश जस्तो लाग्छ । जुनसुकै चिलले झाम्टा हाने पनि हुने । अझ वेलावखत पशुपति क्षेत्रभित्र अलि कुनाकाप्चा हुँदो हुँदै रहने पशु हत्या र मारकाट एवं मद्यपानले विशेषतः भारतीय तीर्थयात्री स्तब्ध भएका घटना वारम्वार देखिन्छन् । अनि लाग्छ सरोकारवाला को हुन्, कता होलान् ।

शायद पशुपति क्षेत्रभित्र मन्दिरहरू त दुलहाको रूपमा विराजित छन् । सिंगारपटार गर्ने सेवक सुसारेको पनि कमि छैन यहाँ । स्मृतिमा मन्दिरैपिछे दुलहा छन्, दुलही छन् लाग्छ । वरियाँती खेद्नुपर्ने थियो । तर दुलहा विरामी छ । आजभन्दा धेरै वर्ष पहिलेदेखि नै उसलाई सञ्चो भएको छैन । विश्वरूप विश्वलाई देखाई आफ्नो सामर्थ्यको पहिचान गराउने दुलहा विरामी भएको निकै भयो । यस्तै अरू पनि विरामी छन् । स्मृतिमा आएपछि म कहिलेकाहीं सोध्न जान्छु । तर विरामी पनि सिकिस्त झैं छन् मानौं बोली छैन, आवाज छैन । विचराले अस्तिमात्र मलाई सुनाएका थिए–पशुपति क्षेत्र विकास कोषले अव छेउछाउका वाटामा, रूखमा सिंगारपटार गर्ने, चौतारो चिन्ने र हाम्रो विहे गरिदिने भएको छ अरे ! त्यसो नगर्दा पर्यटकलाई भद्दा लाग्यो रे इम्प्रेशन राम्रो दियो भने लाष्टमा . . . अरे । अनि पो कलमील.ई घटना याद आउँछ । होतनि पशुपति क्षेत्र विकास कोष प्रचारमा आउनु पर्ने, विश्वमै चिनिनु पर्ने, वन्द व्यापारमा होम्मिनु पर्ने, आफ्नो ट्रेडमार्क अरूलाई देखाउनै पर्ने थियो र पो त 'The best' क्यालेण्डर निकाल्नु पऱ्यो वि.सं. २०५० मा । लाखौं करोडौं नभई पुर्खाको नासो मरम्मत सम्भार हुँदैन । जाबो क्यालेण्डर त भेटघाट आधालाखको दिनो त हो ! दुलाहा लिएर जन्ती हो कि जन्ती लिएर दुलाहा यसको सही उत्तर दाता चाहिं विकास कोष र विश्वरूपकै जिम्मा छाडौं । यस्तै स्मृत र विस्मृत धेरै दुलहा-दुलही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रोग व्याधले मरणासन्न भए पनि विवाह मण्डप सिंगार्नै पर्ने विडम्बना छ।

मलाई त धेरै वर्षभयो विस्मृति रोग लागेको छ। धेरै खेप विस्मातुसाथ निदानको उपाय रचियो। केही लागेन। संस्कृत जान्ने बाजेहरूको सारै ठूलो जगजगी हुँदाहुँदै पढेलेखेका तर आफैं हीनतामा पछि परेका बाजे खोज्नुपर्छ भने संस्कृतवालातर्फ ध्यान आकृष्ट हुन्छ। वेधविद्याश्रमका अधिकांश कोठा र घरका निःशुल्क उपभोक्ता संघ, समिति र सपरिवार गुलजार आवाद गर्ने निवासी जानुन्— वेदविद्याश्रमलाई आफूले दिएको योगदान सम्झेर भनुन् पनि पढ्ने विद्यार्थी अब कति छन्। बटुकलाई त पढ्ने ठाउँ चाहिंदैन, गुरुसित जजमानी प्राक्टिस नै त वेद पढ्नु हो। गुरुजीका मुखबाट सुन्न पाइन्छ।

संस्कृत, संस्कृत वाङ्मय, वैदिक वाङ्मय आदिको अध्ययन चिन्तन नभएकोले इतिहास हरायो, संस्कृति हरायो जस्ता डेट एक्सपायर विषयको चर्चा उठाउने दुई जना सन्त पनि पशुपति क्षेत्रभित्रै विकृत व्यवस्थाको मूल्यांकनमा संलग्न छन्। न जातका बाहुन बाजे हुन्, न यी सन्तहरूका जहानबच्चा छन्, न त उमेरको हिसावले युवक छन्। के को स्वार्थ होला यिनलाई र यत्रो हण्डर र अपमान सहेर वैदिक, संस्कृतकै पक्षसाथ दगुरेका छन्। मेरो स्मृतिमा एउटा कुराचाहिं ताजै छ— संस्कृत जान्ने विद्वान् नेपालमा पछि पनि होलान्, इतिहास जान्ने पनि होलान्। तर इतिहास र संस्कृतको गहिरो सम्बन्ध गाँसिई धाराप्रवाह निःसृत प्राचीन श्रुति स्मृति र पुराणका गाँठा फुकाउने र ऐतिहासिक घटनाक्रमका तुक जोड्न सक्ने विद्वान् यो दशकतिर देखा पर्न कठिन झैं लाग्छ। सम्भवतः मेरो विस्मृत पटलले काम नगरेर होला।

मेरो राष्ट्रले, यहाँका चातुर्दिक चासो राख्ने यस्तै यस्तैमा आवद्ध इकाईले यी दुई सन्तको उपयोगिता लिइसक्यो होला वा लिन बाँकी होला, अथवा यिनीहरूसित उपयोगी कुरा लिग नसकिने भएर होला वा यी दुई सन्त पनि आफ्नै डम्फुको तालमा मात्रै नाच्ने भएर होला, के गर्दैछन् यी सन्त केही भन्न सकिन्न। यस्तो लाग्छ कि "यत्रै सित्" भनेर लगौंटी टक्टक्याउँदै हिंडी दिए भने पनि "रामजीका लेना न देना"। नोक्सान राष्ट्रकै हुन्छ। योगी, सन्तलाई बुढुन पनि शायद दुर्छे गाई जस्तै व्यवहार गर्नुपर्ने हो कि ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

योगी नरहरिनाथ र स्वामी प्रपन्नाचार्य जस्ता विद्वान् सन्त "पुराणेतिहास" विषयमा इतिवृत्त पाइला चाल्न सक्छन् भन्ने दृढ्ता व्यक्त गर्ने स्मृति सम्म हो। यस्ता अन्याय योगी, विद्वान्, विदूषी थुप्रै हुन सक्लान् यदि यस प्रलेखमा उल्लेख भएका र छुटेका समेतले सचेष्टतासाथ सम्वर्द्धनको चासो राखिदिए भने ।

अन्त्यमा चिन्तन मात्र भएर हुँदो रहेन छ । चिन्तनविन्दु रसाउनु र शरीरमा जुरुवजुरुक केही गर्नै पर्ने जागरण नभएसम्म कसैको पिताम चल्दैन, सिङ्गो राष्ट्रको निमित्त मातृभूमि सेवक संघ वा हिन्दू विद्यापीठ स्थापना गर्ने चिन्तकले मात्र ध्येय-चिन्तन गरेर सार्थकता हुन्छ कि हुँदैन, यो कलमी अनभिज्ञ छ। तर यो चाहिं अवश्य थाहा छ कि चिन्तकको चिन्तनलाई मनन र विश्लेषण एवं मूल्यांकन गरेर कम से कम सम्वद्ध संस्था वा इकाईले चिन्तन विन्दु रसाउनै पर्ने हो । यो क्षेत्रमा सेवा गर्न तत्पर भई स्थापित जुनसुकै संस्थाले पनि संयुक्त प्रयासमा विकृतिलाई शमनसम्म गर्न सके भविष्यमा निराशाजनक हुने थिएन । राष्ट्रिय स्तरको गौरवमय कार्यको चिन्तन एकवाट भएपनि मनन र विकासका निमित्त सवैको सहयोग अपेक्षित रहन्छ नै । संस्था स्थापनाका चिन्तक र संस्था सम्वर्द्धन र प्रवर्द्धनका चिन्तन साथसाथै प्रवाहित हुन सके गौरवमय इतिहासलाई अक्षुण राख्न सकिन्थ्यो । एउटै उद्देश्य प्राप्तिका निम्ति समान धर्मी संस्थाहरुकावीच गरुड र सर्पको सम्वन्ध देखा पर्छ भन्ने प्राणसमान यो पक्ष सम्वेदनशील भएर पनि उपेक्षित त छँदै थियो, अझ कति उपेक्षित बनेर पछि पर्ने हो यसै भन्न सकिन्न । अतः चिन्तन मननको ध्येयसाथ सहिष्णु बनी हातेमालो गरी हिन्दू, धर्म, संस्कृति, सभ्यता, वैदिक, वाङ्मय आदिको संरक्षण गर्ने चिन्तन–विन्दुमा मधुरस भर्ने प्रेरणा जम्मा गरौं, अस्तु ।

卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्गासप्तशती: एक अध्ययन

–हरि मञ्जुश्री

दुर्गासप्तशती हिन्दू धर्मको सर्वमान्य ग्रन्थ हो । मार्कण्डेय पुराणको सावर्णिक मन्वन्तरको कथा अन्तर्गतको यो देवीमहात्म्य १३ अध्यायमा विभक्त छ र यसमा श्लोक, अर्धश्लोक र उवाच आदि मिलाएर ७०० मन्त्रहरू छन् । कर्म, भक्ति र ज्ञान वढाउने यो ग्रन्थ भक्तहरूका लागि वाञ्छाकल्पतरू नै हो । यसवाट सकाम भक्त मनोवाञ्छित दुर्लभतम वस्तु सजिलै प्राप्त गर्छन् भने निष्काम भक्त दुर्लभ मोक्षका उत्तराधिकारी हुन्छन्, किनभने सप्तशतीमा धर्म, अर्थ, काम र मोक्षजस्ता चारै पुरूषार्थ प्रदान गर्ने क्षमता छ । जसले जस्तो कामनाले श्रद्धा एवं विधिपूर्वक यसको पारायण गर्छ, त्यसलाई त्यस्तै फलसिद्धि हुन्छ । आर्त, अर्थार्थी, जिज्ञासु तथा भक्तहरूले यही आशीर्वादरूप मन्त्रमय ग्रन्थको आश्रयवाट आपनो मनोरथ सफल पार्ने गरेका छन् ।

दुर्गासप्तशतीका देवी कवच, अर्गलास्तोत्र कीलक, रात्रिसूक्त, देवीसूक्त र तीन वटा रहस्य अंगहरू छन् । देव्यर्धशीर्षलाई चाहिं सप्तशतीको अंग वनाएर कहीं पनि उल्लेख गरिएको छैन, तर अथर्ववेदमा यसको ठूलो महिमा देखाइएको छ । यसमा २६ मन्त्रहरू छन् । २६ औं मन्त्रमा यसको महात्म्य छ । १४ औं मन्त्र अत्यन्त गोपनीय र महत्वपूर्ण तथा १६ औं मन्त्र देवीप्रणव मानिएको छ । देव्यर्धशीर्षको पाठ गर्नेलाई अन्य ५ अधर्वशीर्षको जपको फल प्राप्त हुन्छ । यो थाहा नपाई प्रतिमास्थापन गरेमा जपको अर्चासिद्धि प्राप्त हुँदैन । अष्टोत्तरशत जप यसको पुरश्चरण विधि हो । यसको पाठ दश पटक गर्‍यो भने तत्काल पाप मुक्त हुन्छ र संकण्ट नाश हुन्छ ।

देवी कवच सप्तशतीको अभिन्न अंग हो । 'हरिहर ब्रह्मा विरचित' कवचको गणना सप्तशतीको श्लोक संख्यामा भने छैन । अर्गलास्तोत्र, कीलक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रात्रिसूक्त, देविसूक्त र ३ रहस्यका श्लोकहरू पनि सप्तशतीको श्लोकसंख्यामा गणना गरिएका छैनन् । कवचमा ५६ श्लोक, अर्गलास्तोत्रमा २५ श्लोक र कीलकमा १४ श्लोक छन् । सबै श्लोक अनुष्टुप छन्दमा छन् ।

कवचलाई अत्यन्त गोपनीय पवित्र तथा सम्पूर्ण प्राणीहरूको उपकार गर्ने साधन बताइएको छ । भगवान् ब्रह्माजीले मार्कण्डेय ऋषिलाई बताएका कुराहरू कवचमा उल्लेख गरिएका छन् । यसमा ब्रह्माले देवीका ९ वटा मूर्ति देखाएका छन् - शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघन्टा, कूष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्री । कवचको ९ देखि ११ श्लोकसम्म देवीका वाहनको तथा १२ देखि १६ श्लोकसम्म देवीका उद्देश्यको वर्णन गरिएको छ । श्लोक १७ देखि ४१ सम्म देवीसंग स्वरक्षार्थ प्रार्थना गरिएको छ भने त्यसपछि कवचको पाठ गर्दा पाइने फल र सिद्धिको उल्लेख गरिएको छ ।

अर्गलास्तोत्रमा रुप (आत्मस्वरुपको ज्ञान), जय (माया - मोहमाथि विजय), यश (ज्ञानप्राप्तिरुपी यश) र द्विष (वैरिहनन्) को कामना गरिएको छ । "जुन मनुष्य यो स्तोत्रको पाठ गरेर सप्तशतीरूपी महास्तोत्रको पाठ गर्छ । उसलाई सप्तशतीको जपबाट मिल्ने फलमध्येको उत्तम फल र प्रचुर संपति प्राप्त हुन्छ" भनी यसको महात्म्यमा लेखिएको छ । यसमा देवीका ११ रूप जयन्ती, मङ्गला, काली, भद्रकाली, कपालिनी, दुर्गा, क्षमा, शिवा, धात्री, स्वाहा र स्वधाको वन्दना पनि गरिएको छ । त्यसपछि आउने कीलकमा मार्कण्डेय मात्र बोलेका छन् । यसलाई सप्तशतीको महात्म्य भने पनि हुन्छ ।

सप्तशती पाठ गर्दा दुईवटा सूक्त पाठ गरिन्छ रात्रिसूक्त र देवीसूक्त । सप्तशती शुरू गर्नुअघि र कीलकको पाठ भइसकेपछि रात्रिसूक्तको तथा सप्तशती पाठ गरेपछि र रहस्यको पाठ गर्नुअघि देवीसूक्तको पाठ गरिन्छ । रात्रिसूक्त दुई प्रकारका छन् । वैदिक र तान्त्रिक । साधारणतः वैदिक रात्रिसूक्तको प्रचलन नभए पनि यसको उल्लेख ऋग्वेद्मा गरिएको छ । यसमा ऋग्वेद्का आठ वटा ऋचा छन् । तान्त्रिक रात्रिसूक्तमाचाहिं सप्तशतीको पहिलो अध्यायका ७१ देखि ८७ सम्मका श्लोकहरू छन् ।

रात्रिसूक्त भनेको रात्रिदेवताको प्रतिपादक सूक्त हो । रात्रिदेवीका दुई प्रकार छन् – जीवरात्रि र ईश्वररात्रि । जसमा जगत्का साधारण जीवहरूका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै व्यवहार लुप्त हुन्छन् उनलाई जीवरात्रि र जसमा ईश्वरका जगत्रूप व्यवहार नै लुप्त हुन्छन् उनलाई ईश्वररात्रि भनिन्छ। ईश्वररात्रि भनेको कालरात्रि या महाप्रलय- रात्रि पनि हो। यस समयमा केवल ब्रह्म र माया शक्ति अर्थात् अव्यक्त प्रकृति बाँकी रहन्छन्। यसकी अधिष्ठात्री भुवनेश्वरी हुन्। रात्रिसूक्तले यिनै भुवनेश्वरी देवीको स्तवन गर्छ।

देवीसूक्त पनि दुई प्रकारका छन् – वैदिक र तान्त्रिक। वैदिक देवीसूक्तमा ऋग्वेदका ८ वटा मन्त्रहरू छन्। तान्त्रिक देवीसूक्तमा चाहिं सप्तशतीको पाँचौं अध्यायका ९ देखि ८२ श्लोकसम्मका मन्त्रहरू छन्, तर ''या देवी सर्वभूतेषु' देखि 'चितिरूपेण यो कृत्स्न' भन्ने श्लोकसम्म सप्तशतीको पाठमा जस्तो तीन पटक भन्नुपर्दैन। महर्षि अम्भृणकी ब्रह्मज्ञानिनी कन्या वाक्ले देवीकोसाथ अभिन्नता प्राप्त गरेकी थिइन्। वैदिक देवीसूक्त उनैको उद्गार हो। यसको विनियोग गर्नुपर्छ। वैदिक देवीसूक्तको पाठ गरेपछि तान्त्रिक देवीसूक्तको पाठ गर्नुपर्छ। यो चाहिं देवताहरूद्वारा गरिएको देवीको स्तुति हो। देवीसूक्त पाठ गर्नुअघि 'ध्यान' गर्नुपर्छ।

देवीसूक्तभन्दा पहिले दुर्गासप्तशतीको मूल पाठ गर्नुपर्छ। मूल पाठमा १३ अध्याय छन्। सबैमा अनुष्टुप छन्दको प्रयोग गरिएको छ तर चौथो अध्यायको २ देखि २३ श्लोकसम्म तथा एघारौं अध्यायको २ देखि ६ श्लोकसम्म र २९ देखि ३४ श्लोकसम्म चाहिं सो छन्द छैन। प्रत्येक अध्यायमा 'ध्यान' राखिएको छ। 'ध्यान' पनि अनुष्टुप छन्दमा छैन। पहिलो' दोस्रो र पाँचौं अध्यायमा 'विनियोग' गर्नुपर्छ, अरूमा पर्दैन। यी 'विनियोग' र 'ध्यान' लाई सप्तशतीको संख्यामा गणना गरिएको छैन। सप्तशतीमा मेधा ऋषिले देवीको कथा राजा सुरथ र समाधि वैश्यलाई सुनाएका छन्।

पहिलो अध्यायको नाम 'मधुकैटभवद' हो यसलाई चरित्र भनिएको छ। यसमा उवाच १४, अर्धश्लोक २४ र श्लोक ६६ गरी जम्मा १०४ मन्त्रहरू छन्। यो अध्यायमा राजा सुरथ र समाधि नामको वैश्यलाई मेधा ऋषिले भगवतीको महिमा सुनाउँदै मधु र कैटभ नामक दुई राक्षसको वधको प्रसंग बताएका छन्।

दोस्रो, तेस्रो र चौथो अध्यायलाई मध्यम चरित्र भनिएको छ। दोस्रो अध्यायको नाम 'महिषासुर सैन्य बध' हो। यसमा देवताहरूको तेजबाट देवीको प्रादुर्भाव भएको र महिषासुरका सेनाको वध गरेको कथा मेधा ऋषिले सुरथ र समाधिलाई सुनाएको कुरा उल्लेख छ। यसमा उवाच १ र श्लोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६८ गरी जम्मा ६९ मन्त्रहरू छन् । तेस्रो अध्यायको नाम 'महिषासुर वध' हो । यसमा सेनापतिहरूसहित महिषासुरको वध भएको कथा आउँछ । यसमा उवाच ३ र श्लोक ४१ गरी जम्मा ४४ मन्त्रहरू छन् । चौथो अध्यायको नाम 'शक्रादिस्तुति' हो । उवाच ५, उअर्धश्लोक २ र श्लोक ३५ गरी जम्मा ४२ मन्त्रहरू भएको यो अध्यायमा इन्द्रादि देवताहरूद्वारा गरिएको देवीको स्तुतिको उल्लेख छ ।

पाँचौंदेखि तेह्रौं अध्यायसम्मलाई उत्तम चरित्र भनिन्छ । पाँचौं अध्यायको नाम 'देवी-दूत संवाद' हो । ६ उवाच ,६६ त्रिपान्मन्त्र र ५४ श्लोक गरी १२६ मन्त्रहरू भएको यो अध्यायमा देवताहरूद्वारा देवीको स्तुति गरिएको, चण्ड-मुण्डले शुम्भको सामुन्ने अम्बिका देवीको रूपमा प्रशंसा गरेको, देवी भएका ठाउँमा शुम्भले दूत पठाएको र दूत निराश भई फर्केको कथा वर्णित छ । 'धुम्रलोचन वध' नामक छैटौं अध्यायमा शुम्भ निशुम्भका सेनाहरू र धुम्रलोचनको वध भएको कथा छ । यसमा उवाच ४ र श्लोक २० गरी २४ मन्त्रहरू छन् । चण्ड र मुण्डको वध भएको कथा वर्णन गरिएको सातौं अध्यायमा उवाच २ र श्लोक २५ गरी २७ मन्त्रहरू छन् । यो अध्यायको नाम 'चण्ड-मुण्ड वध' हो ।

'रक्तवीज वध' नामको आठौं अध्यायमा रक्तवीजलाई देवीले मारेको कथा उल्लेख छ । उवाच १, अर्धश्लोक १ र श्लोक,६१ गरी यसमा ६३ मन्त्रहरू छन् । उवाच २ र श्लोक ३९ गरी ४१ मन्त्रहरू भएको 'निशुम्भ वध' नामक नवौं अध्यावमा देवीले निशुम्भलाई वध गरेको कथा वर्णन गरिएको छ । शुम्भ वध' नामक दशौं अध्यायमा उवाच ४, अर्धश्लोक १ र श्लोक २७ गरी ३२ मन्त्रहरू छन् । यसमा शुम्भलाई भगवतीले वध गरेको कथाको वर्णन छ ।

एघारौं अध्यायको नाम 'देवी स्तुति' हो। यसमा देवताहरूद्वारा देवीको स्तुति गरिएको र देवीले देवताहरूलाई वरदान दिएको कुरा वर्णित छ । यसमा उवाच ४, अर्धश्लोक १ र श्लोक ५० गरी ५५ मन्त्रहरू छन् । 'फलस्तुति' नामको बाह्रौं अध्यायमा २ उवाच, २ अर्धश्लोक र ३७ श्लोक गरी ४१ मन्त्रहरू छन् । यसमा देवीका चरित्रका पाठको महात्म्य बनाइएको छ । तेह्रौं अध्याय दुर्गासप्तशती मूल पाठको अन्तिम अध्याय हो । उवाच ६. अर्धश्लोक ११ र श्लोक १२ गरी जम्मा २९ मन्त्रहरू भएको यो अध्यायको नाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'सुरथ-वैश्य वरप्रदान' हो। यसमा सुरथ राजा र समाधि वैश्यलाई देवीको वरदान मिलेको कुरा उल्लेख गरिएको छ।

यसप्रकार सप्तशतीको मूलपाठका ७०० मन्त्रहरूमध्ये जम्मा उवाच ५७, जम्मा अर्धश्लोक ४२, जम्मा त्रिपान्मन्त्र ६६ र जम्मा श्लोक ५३५ छन्। यसैगरी सबैभन्दा लामो अध्याय पाँचौं, सबैभन्दा छोटो अध्याय छैठौं, सबैभन्दा बढी उवाच भएको अध्याय पहिलो, सबैभन्दा कम उवाच भएको अध्याय दोस्रो र आठौं, सबैभन्दा धेरै अर्धश्लोक भएको अध्याय पहिलो र सबैभन्दा थोरै अर्धश्लोक भएको अध्याय दशौं र एघारौं तथा त्रिपान्मन्त्र भएको एक मात्र अध्याय पाँचौं देखिन्छ।

सप्तशतीको मूल पाठपछि देवीसूक्त र त्यसपछि देवीका रहस्यहरूको पाठ गरिन्छ, गर्नु अनिवार्य छ। रहस्यहरू तीन प्रकारका छन्– प्राधानिक, वैकृतिक र मूर्ति। यिनको जप गर्दा 'विनियोग' गर्नुपर्छ। सुरथ राजाले सोधेको प्रश्न र त्यसको उत्तर प्राधानिक रहस्यमा दिइएको छ। वैकृतिक रहस्य र मूर्ति रहस्यमा चाहिं मेधा ऋषिले मात्र बोलेका छन्। तीनै वटा रहस्य अनुष्टुप छन्दमा लेखिएका छन्। प्राधानिक रहस्यमा एउटा अर्धश्लोक पनि छ। प्राधानिक रहस्यमा ३१, वैकृतिक रहस्यमा ३९ र मूर्ति रहस्यमा २५ श्लोकहरू छन्। रहस्यहरू मूल पाठमा पर्दैनन्।

प्राधानिक रहस्यमा महालक्ष्मी नै देवीका समस्त अवतारहरूकी प्रधान प्रकृति हुन् भनी पराशक्ति महालक्ष्मीको स्वरूपको प्रतिपादन गरिएको छ। वैकृतिक रहस्यमा विशेष रूपबाट प्रकृतिसहित विकृतिहरूको ध्यान, पूजन, पूजनोपचार तथा पूजन-महिमाको वर्णन गरिएको छ। त्यसैले यसलाई वैकृतिक रहस्य भनिएको हो। मूर्ति रहस्यमा चाहिं देवीका स्वरूपको प्रतिपादन गरिएको छ। देवीका अङ्गभूता देवी ६ वटी छन्– नन्दा, रक्तदन्तिका, शाकम्भरी, दुर्गा, भीमा र भ्रामरी। यिनीहरू देवीका साक्षात् मूर्तिहरू हुन्। यिनीहरूकै स्वरूपको प्रतिपादन गरिएकोले यो प्रकरणलाई मूर्ति रहस्य भनिएको हो।

दुर्गासप्तशतीको पाठ गर्दा नवरात्रिजस्ता विशेष अवसरहरूमा तथा शतचण्डीका अनुष्ठानहरूमा विस्तृत विधिको उपयोग गरिन्छ। विस्तृत विधिबाट पूजा गर्ने इच्छा गरेका भक्तहरू अन्यान्य पूजा पद्धतिहरूको सहायताबाट भगवतीको आराधना गरी पाठ आरम्भ गर्दछन्। एक दिनमा एकभन्दा बढी आवृत्ति पाठ गर्दा कवच, अर्गला र कीलकको पाठ गर्नुपर्दैन, पहिलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाठ एकपटक गरे पुग्छ। षडङ्ग अर्थात् कवच, अर्गला, कीलक र तीन रहस्यसहित सप्तशतीको पाठ गरिसकेपछि क्षमाप्रार्थना गरिन्छ, देवीसँग यसरी क्षमा मागेपछि पाठ-जप पूरा हुन्छ।

षडङ्गसहित सप्तशतीको पाठ गर्दा के फल प्राप्त हुन्छ, यसबारे पनि सप्तशतीमा उल्लेख छ। त्यस अनुसार आफ्नो शरीरका अंगहरूको रक्षा हुन्छ, यात्रामा मनुष्य सुरक्षित हुन्छ, सम्पूर्ण कामनाको सिद्धि हुन्छ, मनुष्य निर्भय र पूजनीय हुन्छ, उसको अपमृत्यु हुँदैन, रोगव्याधि नष्ट हुन्छ, स्थावर–जंगमले कहिल्यै असर गर्दैन, आफूमाथिका आभिचारिक प्रयोग र तन्त्रमन्त्रहरू नष्ट हुन्छन्, आफूमा तेज बढ्छ, आफ्नो सुयश फैलन्छ, ग्रह-भूत-पिशाच-बेताल-शाकिनी-डाकिनी आदिले बिगार्न सक्तैनन् र देहको अन्त भएपछि परमपद प्राप्त हुन्छ। कीलकका अनुसार सप्तशतीको पाठ गर्दा दुर्लभ वस्तुहरू प्राप्त हुन्छन्, देवी खुशी हुन्छिन् र यसबाट प्राप्त हुने पुण्य कहिल्यै समाप्त हुँदैन। कीलककै अन्तिम श्लोकमा भनिएको छ– जसको प्रसादबाट ऐश्वर्य, सौभाग्य, आरोग्य, सम्पत्ति, शत्रु नाश तथा परममोक्षको प्राप्ति हुन्छ, त्यस्ती कल्याणमयी जगदम्बाको स्तुति मनुष्यहरूले किन नगर्ने ?

बानेश्वर, काठमाडौं
२० भाद्र २०५०

साहस दुई प्रकारको हुन्छ। एउटा हो–तोपको सामुन्ने उभिन सक्नु। दोस्रो प्रकार हो– अध्यात्मिक विश्वासमाथि डटिरहनु।

–विवेकानन्द

मानवको सर्व गुणमा साहस प्रथम गुण हो, किनकि यसले सबै गुणको दायित्व लिन्छ।

–चर्चिल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रभाषा नेपाली
राष्ट्रिय एकताको सूत्रको रूपमा

(नेपाल लोकसेवा आयोगले आफ्ना पाठ्यक्रमबाट राष्ट्रभाषा नेपालीलाई निष्कासन गरेको सन्दर्भमा)

–प्रा. शिवगोपाल रिसाल

१. नेपाली नेपालको राष्ट्रभाषा हो, साझा भाषा हो, सम्पूर्ण नेपालीलाई एकताको सूत्रमा आवद्ध गर्ने संवाहक र कारक तत्त्वका रूपमा सर्वस्वीकृत योजक भाषा हो । यसले नेपाल अधिराज्यका मात्रै होइन भारत, वर्मा, भुटान, तिब्बत, फिजी, थाइल्याण्ड, अमेरिका, बेलायत, क्यानाडा आदि मुलुकहरूमा छरिएर रहेका सम्पूर्ण नेपालीहरूको साझा माध्यम (LINGUA FRANCA) का रूपमा समेत आफ्नो गौरवमय इतिहासलाई, गरिमामय भूमिकालाई निर्वाह गर्दै आएको छ । नेपाली भाषा कसैको दयाले वा राजनैतिक शक्तिले लोकप्रिय बनेको होइन परन्तु यसका आफ्नै मौलिक विशेषताहरू छन् । यो अत्यन्त सरल, प्राञ्जल, सरस मिलनसार र जसको पनि जिब्रोमा, मन र मस्तिष्कमा, कान र भावनामा अटाउन सक्ने भएकैले आज नेपालका र विश्वकै करीब दुई करोड नेपालीको साझा माध्यम भाषा बन्न सफल भएको छ । नेपाली भाषाले आफ्नो झण्डै एघार सय वर्षको लामो इतिहासमा प्रसस्त विकास गरिसकेको छ । साहित्य, व्याकरण, कोष, ज्ञान-विज्ञान,प्रविधि, विविध व्यवसाय, वाणिज्य-उद्योग, दर्शन, चिन्तन आदि अनेकानेक क्षेत्रमा यसले व्यापक प्रचार प्रसार, प्रकाशन आदि गरेर आफूलाई सर्वाधिक लोकप्रिय बनाएको छ। नेपालमा त नेपालीको उपयोगिता, उपादेयता यति व्यापक, यति विस्तृत बनेको छ पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म, उत्तर चीनदेखि दक्षिण भारतसम्मका सम्पूर्ण भू-भागमा संख्यात्मक र गुणात्मक सबै दृष्टिले नेपाली भाषा सम्पूर्ण नेपालीको मुटुको ढुकढुकी भइसकेकोछ । हुँदा-हुँदा भारतमा बसोवास गर्ने पचास लाखभन्दा बढी नेपालीहरू-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को पचास वर्षदेखिको लामो संघर्षको फलस्वरूप भारतको संविधानले आफ्नो आठौं अनुसूचिको एघारौं भाषाका रूपमा नेपाली आत्माको आकांक्षालाई ससम्मान् स्थान दिएर नेपाली भाषालाई भारतका अन्य भाषा सरह राष्ट्रिय भाषाकारूपमा विधिपूर्वक स्थापना गरेको छ। यो पनि नेपाली भाषा स्वयंको महान् विशेषता एवं नेपाली भाषाभाषी सम्पूर्ण नेपालीको त्याग, तपस्या, सेवाभाव, सहृदयता, भाषा-साहित्यप्रतिको निष्ठा आदिको सुपरिणाम हो भन्नु पर्दछ। नेपाली भाषाको विकासमा नेपालका र भारतका सिक्किम, कालिङ्-पोङ, दार्जिलिङ, आसाम, मेघालय, मणीपुर, नागालैण्ड त्यस्तै कुमाउँ, गढवाल, देहरादून, वनारस, नैनिताल, पंजाब, काश्मिरसम्मका नेपाली भाषा-भाषी वाहुन, क्षत्री, गुरूङ, राई, लिम्वु, मगर, लेप्चा, शेर्पा, दमाई, सार्की, कामी, नेवार, गुप्ता, चौधरी, तामाङ आदि सम्पूर्ण जाति-जनजातिका मानिसहरूको ठूलो योगदान छ। नेपाल अधिराज्यभित्र र वाहिर पनि नेपाली भाषालाई साहित्यिकरूपमा सम्पन्न वनाउनमा नेवारहरूको महान् योगदान छ; त्यस्तै— राई, लिम्वु, मगर, गुरूङ. शेर्पा, लेप्चा, तामाङ आदिको प्रेम, सद्भाव, आत्मीयता अविस्मरणीय छ। नेपालभाट वाहिर गइसकेपछि त जात-जाति र तेरो मेरोको घेरा नाघेर सम्पूर्ण नेपाली एउटै ढिक्कोमा परिणत भएको हामीले व्यवहारमा देखेका छौं।

२. कर्णाली प्रदेशवाट जन्मेर, हुर्केको नेपाली भाषा गण्डकी प्रदेश हुँदै काठमाडौं उपत्यकामा आइपुगेपछि तन्नेरी वन्छ। यसको शुभागमनमा यहाँका प्रबुद्ध विद्वान्हरू, लेखकहरू, कविहरू र प्रशासकहरूसमेत हृदयतः स्वागत गर्दछन्। यहाँका कलाकारहरू, संगीतकारहरू नेपाली भाषाको मिठास र सरलतावाट अत्यन्त प्रभावित् हुन्छन्। यहाँका शासक, प्रशासक र अनु-शासकहरू आफ्नो राज्य प्रशासनको सहायकको रूपमा लिएर शिलापत्रमा नेपाली भाषालाई सम्माननीय स्थान दिएर यसको लोकप्रियताको, शालन्नेता-को मर्यादा स्थापित गर्दछन्। रानीपोखरी शिलालेख, मखन शिलालेख आदि यसका साक्षीका रूपमा प्रस्तुत छन्। यो त भयो मल्ल कालको कुरा। लिच्छविकालमा पनि नेपाली यहाँका जनताको भाषा थियो तर त्यति विक-सित भइसकेको थिएन। लिच्छविकालमा संस्कृतको महत्व थियो भने मल्ल-कालमा नेवारी, मैथेली आदि भाषाले उपत्यकाको प्रमुख भाषा हुने सौभाग्य पाए तापनि नेपालीले आफ्नो वर्चस्व कायमै गरेको थियो। नेपालीलाई करले होइन रहरले स्वीकार गरे त्यतिबेलाका शासक र जनता जनार्दनले।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो लादिएको भाषा थिएन, कसैको करकापले नेपाली बोलाइएको थिएन। भनेर नेपाली बोले वा नेपालीमा लेखे यस्तो पुरस्कार दिइन्छ भनेर तत्कालीन प्रशासकहरूले भनेका थिएनन् । नेपालीभाषा नभएकाहरूले नेपालीलाई स्वीकार्नुमा राजनैतिक दवाव दिएन । आज पनि अंग्रेजी कतैबाट लादिएको छैन । शिक्षित र पठित नेपालीहरू मात्र होइन सर्वसाधारण बाबुआमा सर्व साधारण विद्यार्थीसमेत आफ्नो अन्तरप्रेम देखाएरै अंग्रेजी पढ्छन्, पढाइ दैन । जनताको चाहना अनुसारै सरकारले पनि अंग्रेजी शिक्षाको लागि करोडौंको लगानी गरिरहेको छ । अंग्रेजी माध्यम भएका विद्यालयमा भर्ना हुनका लागि मारामार छ, केजीमा पढ्ने केटाकेटीका लागि हजारौं रुपियाँ चन्दा दिन तयार छन्, अभिभावकहरू । यसलाई लादेको, बाध्य गराइएको भन्न नमिले झैं नेपालीलाई पनि लादेको भन्न मिल्दैन । संभवतः भोलि अंग्रेजीको ठाउँ नेपालीले लिन सक्छ। यो त नेपालीप्रति नेपाली जनताको आस्थाको, प्रेमको, राष्ट्रिय अस्मिताको राष्ट्रिय एकताको कुरो हो । शिक्षा-दीक्षाको, राज्यप्रशासनको, अड्डा-अदालतको, उद्योग-व्यापारको, वाणिज्य-व्यवसायको, धर्म-कर्मको ज्ञान-विज्ञानको र सम्पूर्ण व्यवहारको भाषा हो नेपाली ओलाङ्चुङ गोलाको शेर्पाले धनगढीको थारूसंग, हुम्ला जिल्लाको लामाले मेचीको राजवंशीसंग, रसुवाको गुरुङले जनकपुरको मिश्रसंग, भक्तपुर को प्रजापतीले चैनपुरको श्रेष्ठसंग विचार र भावनाको आदान-प्रदान गर्ने ए मात्र साझा, सरल र सुगम माध्यम हो नेपाली भाषा । नेपाली भाषाकै पनि बैतडेली, जुम्लेली, डोटेली आदि नाना भाषिका र उपभाषिका पाइन्छन् तर सबै भाषिका र उपभाषिकाका विभेदलाई पन्छाएर एउटा स्तरीय, मानक भाषामा अहिले हामीले नेपाली भाषालाई स्थापना गरेका छौं । त्यही मानक भाषा, स्तरीय भाषा, साहित्य र कोषको भाषा, व्याकरणसम्मत भाषा नेपालीको राष्ट्रभाषा नेपाली हो। यसले वर्तमान रूपमा आइपुग्नका लागि धेरै-धेरै, हुरी र आँधी. पैरो र बाढी, अनिकाल आक्रमण, पहाड, र हिमचुली खिसिच्युरी र अपहेलना, उपेक्षा र अनास्था पार गर्नुपरेको थियो, दुः व्यहोर्नु परेको थियो ।

३. राणाकालमा पनि नेपाली त्यति सम्मानित थिएन । दरबारियाह अंग्रेजी, उर्दू आदिलाई प्रेमले स्वीकार गर्दथे । अंग्रेजी पढ्न-पढाउन, बोल्न बोल्ने लगाउनमा आफ्नो इज्जत ठान्दथे । आजसम्म पनि ठूलाबडा, संभ्रान्त परिवारका मानिस नेपालीलाई उपेक्षाकै दृष्टिले हेर्छन् । अंग्रेजीबाजले प

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाक चेप्रयाइएको भाषा नेपाली अनि संस्कृतका पण्डित बाजेहरूले पनि भाषा भनेर हेला गरिएको नेपालीले आफ्नै मौलिक विशेषता, भाषिक गुणवन्ताका कारणले नै वर्तमान स्वरूपमा आइपुगेको हो। आदिकवि भानुभक्त आचार्यले नेपाली भाषामा रामायण लेख्नु यस क्षेत्रकालागि अभूतपूर्व र अद्वितीय घटना थियो। हुन त यसभन्दा अगाडि पनि नेपालीमा रामायण, कृष्ण चरित्र आदि लेखिइसकेका थिए तर भानुको तेज ज्यादा प्रोज्ज्वल थियो। यसैका उज्यालाले सम्पूर्ण नेपाली आलोकित भएका, सम्पूर्ण नेपाल मात्र होइन नेपालीहरूले टेकेको भूमि पनि आलोकित भएकोछ। एकातिर भानुले काव्यका रूपमा नेपाली भाषालाई राष्ट्रभाषाको अत्युच्च आसनमा आसीन गराउन गरिमामय भूमिका खेलेका छन् भने अर्कातिर बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको राजनैतिक एकतामा आबद्ध गर्ने अभियानले पनि सदा सदा स्मरणीय योगदान दिएको छ। त्रिभुवन विश्व विद्यालय स्थापना भएर नेपालमा स्नातकोत्तर कक्षा संचालन हुने भयो– अंग्रेजी, अर्थशास्त्र, इतिहास, गणित, संस्कृत आदि विषयमा। तर नेपालीले स्थान पाएन। ठूलो संघर्षको परिणाम स्वरूप बल्लबल्ल राष्ट्रभाषा नेपालीले पनि स्नातकोत्तर कक्षामा अध्ययन अध्यापन हुने सौभाग्य पायो। त्यस्तै पद्मकन्या क्याम्पसमा नेपालीमा स्नातकोत्तर कक्षा संचालन गर्नका लागि ४/५ वर्षसम्म संघर्ष गर्नुपऱ्यो। पटना विश्वविद्यलाय, कलकत्ता विश्वविद्यालय आदि भारतका विश्व विद्यालयहरूमा आई. ए., बी. ए. मा नेपाली समावेश गर्नका लागि पनि तत्कालीन भाषाविद्, साहित्यकार, विद्वान्हरूले ठूलै संघर्ष गर्नु परेको थियो। यसरी कहिले नेपालभित्रै त कहिले विदेशमा अनेक प्रकारका प्रयत्न, प्रयास र संघर्ष गर्दै, नेपालीले आफ्नो अस्मिता र वर्चस्व, आफ्नो क्षमता र उपयोगिता देखाउँदै जनमानसमा भिज्दै आएको हो। विकासका अनुक्रममा यसले नानाप्रकारका गौंडा र गल्छेडाहरू, बाधा र व्यवधानहरू, भेल र भङ्गालक्षाहरू संघर्षलाई उछिन्दै, पार गर्दै, सामना गर्दै आएका तथ्यहरू इतिहासमा साक्ष्य बनेकाछन्।

४. यसरी युगौं युगदेखि विकास गर्दै वर्तमान समयमा राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय स्तरकै मानकमा पुगिसकेको राष्ट्रभाषा, जनभाषा, राज्यभाषा, राजभाषा, राष्ट्रियभाषा, सम्पूर्ण नेपालीको माध्यम भाषा, शिक्षा, प्रशासन र अदालतको भाषा, सरकारी कामकाजको भाषा नेपालीलाई, नेपालको लोकसेवा आयोगले १०० देखि १५० सम्मको पूर्णाङ्कका रूपमा अधिकृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्तरको पाठ्यक्रममा रहेको विषयलाई २०४६ सालको आश्विन १३ गतेदेखि निष्कासन गरिदिएको छ, निर्मूलपारी उखेलेर मिल्काइदिएको छ, नेपालको प्रशासनको लागि नचाहिने अनावश्यक भनी घोक्र्याइदिएको छ, नेपालका अधिकृतहरूले नेपालको राष्ट्रभाषा, प्रशासनको समेतभाषा नजाने पनि हुन्छ भन्ने विचारले गलहत्याइदिएको छ र नेपालको झण्डै एक शताब्दीदेखि अनिवार्यरूपमा प्रशासनले स्वीकार गरेको नेपालीभाषाको इतिहासमा कालो धब्बा लगाइदिएको छ, नेपालको लोकसेवा आयोगकै इतिहासमा नयाँ कलङ्क थपिदिएको छ, नेपालको प्रशासनकाप्रति अक्षम्य अपराध गरेको छ, नेपाल अधिराज्यभरको संविधान २०४७ को अवहेलना गरेको छ, गैर संवैधानिक निर्णय गरेर सम्पूर्ण नेपालीका हृदयमा मार्मिक आघात पुऱ्याएको छ र नेपाली भाषालाई नै सांघातिक प्रहार गरेको छ ।

लोकसेवा आयोगका पदाधिकारी र आयोगकातर्फबाट वकालत गर्नेहरू भन्छन्–

क) प्रजातन्त्रमा एउटै भाषालाई यत्रो सम्मान दिनु हुँदैन रे,

ख) विदेशी विश्वविद्यालयहरूबाट स्नातक उत्तीर्ण भएका तर नेपाली पटक्कै नजान्ने नेपालीहरूकालागि प्रशासनको उच्च पदमा प्रवेश गर्ने ढोका खोलिदिनु पऱ्यो रे,

ग) प्रशासनको माथिल्लो स्तरमा काम गर्नको लागि राष्ट्रभाषा नेपाली नजाने पनि प्रशासनिक वाधा पर्दैन रे,

घ) प्रशासनका ठूला ठूला पदाधिकारीहरू (शाखा अधिकृत, उपसचिव, सहसचिव, सचिव, न्यायाधीश. सरकारी वकिल, अधिवक्ता आदि इत्यादि) का लागि राष्ट्रभाषा नेपालीको आधिकारिक ज्ञानको आवश्यकता पर्दैन रे, सामान्य बोलचालको भाषा जाने पुगिहाल्छ रे,

ङ) उत्तीर्ण प्रतिशतमा नेपाली भाषा भाषीको संख्या ·बढी भयो रे, यस्तै यस्ता लङ्गडा, संकुचित, तर्कविहीन, अनुत्तरदायी, संविधान विपरीत बुंदाहरू प्रस्तुत गरेर लोकसेवा आयोगले आफ्नो गम्भीर अपराधलाई ढाकछोप गर्ने प्रयास गरिरहेको छ । लोकसेवा आयोगले एउटा चक्रव्यूह रचना गऱ्यो, त्यसभित्र आफू पस्यो तर उम्कन जानेन र अहिले पश्चाताप भइरहेछ । अझै मौका छ आफ्नो भूल सुधार गर्ने, आफ्नो महानता प्रदर्शन गर्ने, नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषयलाई पूर्ववत स्थापना गरी आफ्नो पाप प्रक्षालन गर्ने, आफूले गरेको अपराधको प्रायश्चित गर्ने । राष्ट्रभाषा नेपालीको मर्यादा र संवैधानिक स्वरूप एवं संरचनालाई हृदयंगम् गरी यसको उपयोगिता, उपादेयता र लोकप्रियता अनुरूप प्रशासनिक क्षमता बुझी पहिले जस्तै पाठ्यक्रममा समावेश गरी पाफ्नो सोचाइको व्यापकतालाई परिचित गराउनु यसैमा लोकसेवा आयोगको बुद्धिमानी हुनेछ । नत्रभने–पुनः विचार भएन भने, नेपाली यथावत रहेन भने, त्यसको गम्भीर परिणाम लोकसेवाले भोग्नु त पक्कै पनि पर्छ पर्छ, साथसाथै श्री५को सरकारका अधिकृतहरू, पदाधिकारीहरू राष्ट्रभाषा नेपालीको आधिकारिक ज्ञानका अभावले भाषिक क्षेत्रमा मात्र होइन प्रशासनिक क्षेत्रमासमेत अत्यन्त दुर्वल, असक्षम र लघुताभासले भासित हुने छन् । कमजोर भाषाले सम्पूर्ण प्रशासनिक संयन्त्रलाई अतिनै कमजोर बनाउने छ । नेपाली नजान्ने नेपालीप्रति आस्था नभएका, नेपालीको विरोधी अनेपाली विचारधारावाट प्रभावित, अत्यन्त दुर्वल नेपाली कलम र दुर्वलवाणी भएका अधिकृत र पदाधिकारीका हातमा पुगेको मुलुकको प्रशासन कुन भड्खालामा पुगेर जाक्किने हो भविष्यले वताउने छ । नेपालीलाई अफाप सिद्ध गरी वहिस्कार गर्न जान्ने लोकसेवा आयोगले परराष्ट्र सेवामा जाने अधिकृतहरूका लागि को पाठ्यक्रममा अंग्रेजी विषयको १०० पूर्णाङ्क यथावत् राखेको छ । नेपलभित्र, नेपालीले, नेपालको, नेपालका निमित्त गरिने प्रशासनका लागि जुन तर्कको औचित्यका आधारमा राष्ट्रभाषा नेपालीलाईसमेत घोक्रेठ्याक लगाई निर्मूल वनाइयो त्यहीनै तर्कको आधारमा नेपालीले नेपालका निमित्त गरिने परराष्ट्र सम्वन्धी प्रशासनमा अंग्रेजी अनिवार्य कसरी भयो नि ? यसको जवाफ लोकसेवा आयोगसंग छैन । अंग्रेज र अंग्रेजीले नेपाल र नेपालीलाई कहिल्यै दास र उपनिवेश वनाएको त थिएन तर दुर्भाग्यवश लोकसेवा आयोग त्यो दासत्वभाववाट मुक्त हुन सकेन र आफ्नो राष्ट्रभाषा नेपालीलाई इतिहासवाटै खुर्केर मिल्काइदिन हिम्मत गऱ्यो तर अंग्रेजीका मोहभंग गर्न सकेन । राजनैतिक दृष्टिमा हामी सृष्टिको आरम्भदेखिनै कहिल्यै, कसैको दास वनेनौं, हाम्रो मुलुक नेपालले कहिल्यै, कसैको उपनिवेश वन्न परेन तापनि हाम्रा पदाधिकारीहरू, ठूलावडा भनाउँदाहरू, सामन्त र पुराना शोषकहरू, नवधनाढ्यहरू, संभ्रान्त परिवारका सदस्यहरू, पुराना भाइभारदारहरू, विदेशी मुलुकका स्नातकहरू, विदेशी विचारवाट प्रेरित नीति निर्माणहरू अझै पनि वैचारिक दासताभित्र अल्मलिरहेका छन्, वौद्धिक उपनिवेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वीकार गरिरहेका छन् । शैक्षिक अराजकता र विदेशी एकाधिकारबाट मुक्त हुन सकेका छैनन्–यो कति दुर्भाग्य हो । राष्ट्र र राष्ट्रिय एकताका लागि ।

५. नेपालीलाई निकालेर त्यसका ठाउँमा अंग्रेजी राख्ने रे, हिन्दी राख्ने रे भन्ने हल्ला पनि चलाइसके । 'नेपाली माध्यम पनि उडाइदिन्छु' भन्ने अवाज पनि कमलपोखरीका माछाले सुनेछन् । कमलपोखरी कति शक्तिशाली भइसकेछ ! नेपालीलाई त उडाइदिइहालें अब नेपाल पनि उडाइदिन्छु भन्न के वेर ? पदका मोहमा शक्तिका मदमा र सम्पत्तिका आडमा यो अजव गजव नेपालमा जे पनि हुनसक्छ भन्छन् । बानरले आफ्नो घर पनि बनाउँदैन रे अनि अर्काको घर पनि भत्काइदिन्छ रे । तर त्यस मूर्ख बानरलाई अर्काको भन्ने ठानेको घर भत्काइदिदा आफ्नै घर पनि भत्किसकेको थाहै पाउँदैन रे । यसप्रकारको विखण्डन, विचलन र वितण्डाबाट नेपाल र नेपालीको कदापि हित हुँदैन बरू हामी नेपाली नेपालीलाई फुटाएर, पारस्परिक वैमनस्य र असहिष्णुताको आगो लगाइदिएर नेपाल र नेपालीको हित नचाहनेहरू फाइदा उठाइरहेका हुन्छन्– त्यो कुरो हाम्रा पदासीन महापुरूषहरूलाई बोध छैन । नेपालीलाई निकाल्न सफल भएकोमा गम्म परेकालाई पछि ठूलो पछुताउ हुनेछ । किनभने नेपालीका ठाउँमा मैथिली, भोजपुरी, नेवारी, मगर, गुरूङ, तामाङ आदि राष्ट्रिय भाषा आए बरू ठीकै भएछ भन्न सकिएला तर त्यसो त पक्कै हुने छैन । त्यो खाली ठाउँ भर्न सातसमुद्र पारबाट आउने अतिथिले कम्मर कसे भने वा छिमेकीलेनै सहयोग गर्ने उदारता देखाए भने 'हामी त सौताका रीसले लोग्नेको काखमा मुत्ने' भएनौं त । हामीले नेपालीप्रति त्यति ठूलो सजाय दिन खोजेका त हैनौं क्यारे । फेरि नेपालीभाषाको त्यति अक्षम्य अपराधै पनि के छ र ?

नेपालका सम्पूर्ण राष्ट्रिय भाषाहरूको समुचित समुत्थान गर्नैपर्छ । त्यसका लागि सरकारले पनि सहयोग गर्नै पर्छ । लेपालका राष्ट्रिय भाषाहरूको समुत्थानबाट नेपालीको कल्याण हुन्छ, नेपालको छवि समुज्यलित हुन्छ, यसमा विकल्प छैन, वितर्क छैन । तर नेपालीलाई निकालेर, विस्थापित गरेर, गलहत्याएर हैन । तँलाई खाने बाघले मलाई नखाला भन्न सकिन्न । यहाँ त 'बूढी मरी भन्ने पीर होइन, काल पल्क्यो भन्ने पीर' हो । भोलि 'राष्ट्रभाषा नेपाली' कै बिरूद्ध प्रश्न नआउला भन्न सकिन्न अनि पर्सि हिन्दू अधिराज्यमा विरोध हुन थाल्ला र निपर्सि संवैधानिक राजतन्त्रमा प्रश्न नआउला भन्न सकिन्न । त्यसकारण राष्ट्र र राष्ट्रियता अनि राष्ट्रिय एकता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाहने सम्पूर्ण नेपाली यस घटनाबाट चिन्तित भएका छन् क्षुब्ध भएका छन्, स्तब्ध भएका छन्, आन्दोलित भएका छन् र अत्यन्त मर्माहत भएका छन् । लोकसेवा आयोगले यो ऐतिहासिक भूल गरेको छ । राष्ट्रिय एकताको सूत्रलाई चुंडाल्ने रोग पस्यो अब । राष्ट्रभाषा नेपाली कुनै व्यक्ति विशेषको, जात विशेषको, वर्ग, बर्ण, धर्म, सम्प्रदाय विशेषको भाषा नभइकन सम्पूर्ण नेपाली-को सम्पूर्ण वर्ण, जात-जाति, धर्म, सम्प्रदायको साझा सम्पत्ति हो । नेपाली सम्पूर्ण नेपाली–नेपालीलाई रष्ट्रिय एकताको सूत्रमा बाँध्ने सर्वसम्मत बलियो आधार हो; नेपाली नेपालीलाई फुटाउने होइन जुटाउने कडी हो; नेपाली नेपालीलाई मिलाउने सेतु हो, नेपालीको राष्ट्रिय वर्चस्वको, राष्ट्रिय अस्मिताको हेतु हो । एउटा रूख काटेर त्यहीं अर्को बिरूवा रोप्ने हो भने एउटा मन्दिर भत्काएर अर्को गिर्जाघर निर्माण गर्ने हो भने नेपाल त कदापि बन्दैन बन्दैन बरू अनेपालीले मौका पाउँछ । भएको भत्काउन त कति सजिलो भयो अब निर्माण गर्ने को आउने नि ? अहिले यस दुर्घटनाले निम्त्याइएको प्रकोपले नेपालीको आत्मा रोएको छ, नेपाल आमालाई ठूलो घाउ लागेको छ । लोकसेवा आयोगसँग अझै सविनय अनुरोध छ– यसले नेपाल आमाको घाउमा मृतसंजीवनी बुटी लगाएर पूर्णरूप धारण गराओस् ! नेपालीको आँखाको आँसु पुछिदेओस् ! यसैमा नेपाल र नेपालीको कल्याण छ । –शिवमस्तु

'शिव मन्दिर' शान्तिकुना
जावलाखेल

卐

थोरै साहसको अभावमा पनि धेरै प्रतिभा विश्वबाट लोप (खो)हुन्छ । प्रत्येक दिन यस्ती अपरिचितलाई चिहानमा पठाउँदछ जसको भीरूताले उसलाई प्रथम प्रयासबाट बंचित राखेको छ ।

–सिठनी स्मिथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको साधारण शिक्षा-प्रणालीमा अनिवार्य संस्कृत विषयको आवश्यकता एक विवेचना

–रामप्रसाद सत्याल

१. भूमिका:

नेपाल अधिराज्यको राष्ट्रभाषा नेपाली हो र सरकारी कामकाज र लेखापढीमा प्रयोग गरिने भाषा पनि यही हो । देवनागरी लिपिमा लेखिने र नेपालका उच्च पहाड, पहाड र तराईका विभिन्न भागमा राष्ट्रिय स्तरमा बोलिने र विद्यालय, महाविद्यालय तथा विश्व-विद्यालय स्तरकोसमेत पठनपाठन, अध्ययन-अध्यापनको मूल भाषा पनि नेपाली नै हो र बहुभाषिक नेपालको अन्तर सामुदायिक सम्पर्क भाषा पनि यही हो । प्रजातन्त्रको पुनः स्थापना पछि २०४७ सालमा बनेको नेपाल अधिराज्यको संविधानको भाग १ को दफा ६ को उपदफा (१) र (२) मा नेपालको भाषाबारे यसप्रकार उल्लेख भएको छ- "देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ । नेपालका विभिन्न भागमा मातृ-भाषाका रूपका बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा हुन्"। यसरी संविधानद्वारा व्यवस्थित र निर्देशित नेपालको राष्ट्रभाषा नेपाली र अन्य राष्ट्रिय भाषाहरूमध्ये अधिकांश भाषाहरूको मूल स्रोत (माऊ भाषा) संस्कृत हो । आधुनिक नेपालको इतिहासको अध्ययन बाट संस्कृत भाषालाई कुनै स्थान विशेष जाति या वर्ग विशेषले बोलिने र लेखिने भाषाको रूपमा नभेट्टाए पनि प्राचीन नेपालका अधिकांश शिलालेख र अभिलेखहरूमा यो भाषाको प्रयोग भएको देखिए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाट कुनै समयमा संस्कृत नेपालको साधारण बोलीचाली र लेखापढीको भाषा थिएन होला भन्न सकिने कुनै बलियो आधार छैन। वर्तमान अवस्थामा आम जन-संचारको भाषा संस्कृत नभए तापनि नेपालका विभिन्न भागमा बसोबास गर्ने विभिन्न संप्रदाय, वर्ग र जाति विशेषले बोलीने र लेखिने भाषाहरूको मूल स्रोत एवं पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका संपूर्ण नेपालीले राष्ट्रभाषाको रूपमा बोलिने र लेखिने नेपाली भाषाको जननी तथा नेपाली भाषाको शब्दभण्डारलाई समृद्ध र उत्पादनशील बनाउने भाषा संस्कृत हो। यस सन्दर्भलाई विचार गर्दा नेपाली भाषाको स्रोतको रूपमा संस्कृत भाषालाई लिनुपर्ने हुन्छ। राष्ट्रिय शिक्षा आयोगबाट तयार गरिएको मस्यौदामा साधारण शिक्षाको तहहरूमा संस्कृतलाई समावेश गर्ने सम्बन्धमा उल्लेख भएको नपाएको हुँदा नेपाली भाषाप्रति चासो र अभिरुचि राख्ने संपूर्ण नेपालीको ध्यान यसतर्फ जानु ज्यादै नै प्रासङ्गिक हुन आएको छ र यसै सन्दर्भमा यो छोटो चर्चा उठाइएको हो।

२. साधारण शिक्षा प्रणालीमा संस्कृतलाई अनिवार्य गराउनुपर्ने कारणहरू

नेपालको माध्यमिक र उच्च माध्यमिक शिक्षा प्रणालीमा संस्कृतलाई समावेश गराउनुपर्ने थुप्रै कारणहरूमध्ये केही प्रमुख कारणहरू संक्षिप्त रूपमा तपसिल अनुसार छन्।

२.१ नेपालको राष्ट्रभाषा र सरकारी कामकाजको भाषा नेपाली भएकोले संभव भएसम्म नेपाली भाषा शुद्ध बोलिनु र लेखिनुपर्छ। नेपाली भाषामा प्रयोग भैरहेका र चलन चल्तीमा आएका अधिकांश शब्दहरू (झण्डै ६० प्रतिशत जति) संस्कृत मूलरूपबाट तत्सम रूपमै प्रयोग हुँदै आएका छन्। संस्कृतको भाषिक विशेषताले गर्दा कुनै शब्दलाई ह्रस्व या दीर्घ लेख्नाले र श, स, ष लाई बोल्दा साधारण रूपमा एउटै स्वर सुनिए तापनि ती अक्षरबाट बन्ने शब्दको अर्थ फरक हुने हुन्छ, ठीक हिज्जे लेख्नु हरेक भाषाको मानक र स्तरीय रूप हो र राष्ट्रिय प्रतिष्ठानको विषय पनि हो। त्यसैले त्यस्ता शब्दको भेद ज्ञान नभएसम्म अर्थ फरक भएको थाहा हुदैन। त्यसैले यो साधारण ज्ञानको लागि पनि संस्कृतको पठन–पाठन हुनु आवश्यक छ।

२.२ राष्ट्रभाषाका अतिरिक्त नेपालका अरू विभिन्न राष्ट्रिय भाषाहरूमा पनि संस्कृत मूलरूपबाट आएका प्रशस्त शब्दहरू प्रयोग हुँदै आएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । एउटा भाषाबाट सापटी लिई प्रचलनमा आइसकेका शब्दहरू-लाई छोडेर अर्को भाषाबाट शब्दहरू सापटी लिई कुनै भाषालाई समृद्ध र धनी बनाउने प्रयास महंगो र ढिलो हुन्छ । त्यसैले संस्कृत-बाट अरू भाषामा आई प्रयोग भैसकेका शब्दहरूलाई अझै विकसित गर्नको लागि पनि यसको पठन पाठनको व्यवस्था आम रूपमा हुने अनुत्पादक र अनुपयोगी हुँदैन ।

२.३ नेपाल अधिराज्यको शैक्षिक इतिहास र विद्यापरम्परा अविच्छिन्न रूपले संस्कृतसँग गाँसिएको छ । आज हामीले जे जस्तो शिक्षा जुन स्रोतबाट जसरी पाए पनि अतीतका सम्बन्धबाट अलग रहन सक्तैनौं। अतीतको बलमा नै वर्तमान बलियो भएर उभिन सक्तछ ।

२.४ नेपालको बौद्धिक, दार्शनिक परम्परा र जीवन–शैली संस्कृत शिक्षा-संग जोडिएको छ । संस्कृत शिक्षाबाट विकसित बुद्धि, तर्क प्रणाली र विचारशैलीबाट मुलुकका बुद्धिजीवी, ज्ञानी, पंडित, स्रष्टा, समालोचक, आविष्कारक प्रेरितप्रभावित हुँदै आएका छन् । यस परम्पराबाट हामी एकै पटक अलग हुन सक्तैनौं ।

२.५ ऐन, कानून, नियम र आचार तथा नीतिशास्त्रको सन्दर्भमा पनि हामी संस्कृतको परम्पराबाट छुट्टिन सक्तैनौं । श्रुति–स्मृतिका मौलिक मान्यताको एकदम प्रतिकूल हुने गरी यस अधिराज्यको चिन्तनशैली अघि बढेको छैन । हाम्रो जीवनशैली अन्ततः श्रुति स्मृतिद्वारा नै प्रभावित छ । कानूनको भाषाले पनि संस्कृत भाषाको उपयोग बढाउँदै लगेको छ । मुलुकी ऐनको प्राचीन संस्करण र यस दशकमा बनेका अरू ऐनको भाषिक तुलना गरे पनि यो कुरा स्पष्ट हुन्छ । यस हिसावले पनि हामीलाई संस्कृतको ज्ञान चाहिने हुन्छ ।

२.६ विश्वको व्यापक विकासको क्रममा आएका अनेक वैज्ञानिक, प्राविधिक र औद्योगिक क्षेत्रका शब्दको खाँचो हामी संस्कृत स्रोतबाट टारिरहेका छौं । भावी पुस्तालाई पनि त्यस्तो स्रोतको ज्ञान दिनुपर्छ।

२.७ विश्वका अनेक शिक्षा प्रणालीले पठनपाठन गराउँदै आएको (सन्दर्भ गोरखापत्र २०४३ माघ १४) र अति प्राचीन भएर पनि आधुनिक उपयोगमा रहेको सम्पन्न भाषा संस्कृतलाई शताब्दियौंदेखि चलेर आएको देश नेपालमा मात्र छोड्नु सुहाउँदो हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२.८ नेपाली बाहेक आर्य परिवारका अरू धेरै भाषाहरूमा पनि संस्कृत श्रोतबाट शब्द सापटी लिने प्रक्रिया उत्तिकै चलेको छ, अझ बढेको पनि छ। आफ्नो योग्यता, कार्यक्षेत्रको आवश्यकता र अभिरूचि अनुसार शब्द स्रोतको प्रयोग गर्ने अवसर हामीले आउँदो पुस्तालाई दिनुपर्छ। आर्य भारतीय परिवारका भाषाभाषीलाई मात्र होइन नेपालमा बोल्ने अरू परिवारका भाषा–भाषीलाई पनि संस्कृत शब्द भण्डार उपयोगी नै रहेको छ। यसैले पनि संस्कृत भाषाको पढाई गरिनुपर्ने देखिन्छ।

२.९ आधुनिक युगका विज्ञान, प्रविधि र आविष्कारका वस्तु तथा दर्जा र पेशा बुझाउने प्रयोग सिद्ध शब्दको भरपर्दो भण्डार संस्कृत भएकोले आफ्नोपन र प्रवृत्ति बुझाउन यस भाषाले सजिलो पार्दछ। जिज्ञासा र आविष्कारको आजको युगमा त्यस्ता संभावना खोलिदिनु शिक्षाको उद्देश्य हुनुपर्दछ।

२.१० नृवंशशास्त्र लगायत्त मानविकी क्षेत्रका विषयहरूको पटन–पाठन र अनुसन्धान संस्कृतसंग जोडिएको छ। यस भाषाको ठीक ज्ञानले मानविकी क्षेत्रका विषयमा अनुसन्धान गर्दा पूर्णता र आधिकारिकता बढ्ने निश्चित छ। नत्र नेपालीले नेपालमा बसेर जति अध्ययन अनुसन्धान गरे पनि नेपाल झल्कन, टल्कन भने धौ धौ नै पर्छ।

२.११ देवनागरी लिपिमा लेखिने नेपाली भाषाको लागि संस्कृतको शब्द, शैलि र स्वरूप लिनु सहज धर्म हो। यसो गर्दा राष्ट्रभाषामा थपिन आएका शब्दको कारण उठ्न सक्ने समस्या तुलनात्मक रूपमा कम हुन्छन्। शब्दहरूको व्यूत्पादन, अर्थापन र अनुवाद (राजश्री, नरेश, महामहिम आदि) गर्न पनि यसमा सजिलो पर्दछ। यस्ता भाषिक सुविधा र अवसरको उपयोग गर्ने मौका भोलिको सन्ततीलाई नदिनु बुद्धिमानी हुन सकोइन।

२.१२ त्रि.वि.वि ले संस्कृत विभागको संचालन गरिरहेको र उच्च शिक्षाको सबै तहमा संस्कृत पढ्ने अवसर दिँदै नै आएको लामो इतिहास तथा छुट्टै महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना र संचालनको सन्दर्भमा हेर्दा पनि संस्कृत शिक्षा सर्वसाधारणका लागि निरन्तर खुला राख्ने मुलुकको ठोस अठोट रहेको प्रष्ट छ। यसैले तल्लो तहमा नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय समावेश नगराउँदा साधारण विद्यालय सम्बन्धी नीति राज्यले लिएको मूल–नीतिसँग पनि मेल खाने छैन ।

२.१३ साधारण भनिने विद्यालय प्रणाली र क्याम्पस प्रणालीनै मुलुकको शिक्षाको मूलधारा बनेको छ भने अलग्गै संचालन गर्दै आएको संस्कृत विद्यालय प्रणाली त्यस मूलधाराको तुलनामा सानो रहेको यथार्थ सर्वविदित छ । वास्तवमा हजारौं बालबालिका र युवायुवती साधारण भनिने शिक्षा प्रणालीबाट अगाडि बढ्दछन् । तिनलाई उपयुक्त व्यापकता लिएको भाषाको प्रारम्भिक ज्ञान, सीप तथा तिनबाट विकसित गर्न सकिने अवधारणबाट अलग राखी शिक्षा दिनु हुन्छ कि हुन्न, साच्चिकै जरो काढेर सोच्नुपर्ने र अनि मात्र निर्णय लिनुपर्ने हाम्रो वास्तविकता छ ।

२.१४ विशेषज्ञ र बुझ्रुकहरूले आफ्ना आस्था, पूर्वाग्रह र पूर्वधारणाका कुरा गर्दा यस मुलुकका सर्वसारण जनताको आस्थाको पनि संज्ञना गर्नुपर्छ । यस मुलुकका जनता साँच्चिकै आफ्ना सन्तानलाई संस्कृतको गन्धबाट बिलकुलै टाढा राख्न चाहन्छन् ? कि ज्ञान विज्ञानका अरु विषयकासाथै संस्कृत पनि जानुन् भन्ने उनीहरूको चाहना छ ? छ भने त्यसलाई अनादर कसरी गर्ने ?

२.१५ राष्ट्रिय मूल्य, मान्यता वा मर्यादा वा चरित्र, शान्ति, समन्वय, सहिष्णुता तथा त्याग, सहानुभूति र सद्भावनाका प्रश्नहरू बराबर चर्चामा आए पनि ती प्राप्त गर्ने सामग्री र जीवनशैलीको रेखांकन सुविधायुक्त रीतले भइसकेको छैन । कुनै वैज्ञानिक र प्रामाणिक प्रक्रियाद्वारा तिनको स्पष्ट परिभाषा र मापदण्ड स्थापित हुनु त छँदैछ । त्यो भएपछि पनि हामी के पढ्छौं, के सुन्दछौं र के गर्दछौं यदि हामी पूर्वीय दर्शन र आदर्शसंग अपरिचित नै रहन्छौं भने ? पूर्वीय दर्शनमा जानु पर्छ को अर्थ हुन्छ, संस्कृत भाषाको दर्शनको उपयोग । यसर्थ राष्ट्रिय मूल्य र मान्यताका सन्दर्भमा पनि संस्कृत भाषा आवश्यक हुन आउँछ ।

२.१६ बौद्ध दर्शन लगायत सम्पूर्ण दर्शनको अध्ययनमा विश्वमा रुचि बढिरहेको छ । यी सबै दर्शनको निधि संस्कृत वाङ्मय नै भएकोले यसको संरक्षण गर्नु जरुरी छ । संस्कृतको ज्ञान बिना बौद्ध दर्शन पढ्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नपाइने र नेपाली भाषामा पाइने उपदेश जातक कथा आदि पनि संस्कृत मूलसम्म नपुगी ठीक बुझ्न सकिन्न ।

२.१७ दैनिक दिनचर्यामा हामी विभिन्न कामको सिलसिलामा संस्कृतसंग संलग्न रहन्छौं । संस्कृतको सहारा विना नेपाली जीवनका दैनिक कृत्य सम्पादित हुन सक्तैनन् । हाल संचालित कर्मकाण्ड कार्यक्रमको लोकप्रियताले दैनिक व्यवहारमा यसको अपरिहार्यता बुझिन्छ । नेपालका विभिन्न जातीय सम्प्रदायहरू एक वाणीमा आफ्ना धार्मिक, सांस्कृतिक कृत्य गर्दछन् र यहाँ आएर हामी एकपटक फेरि एक सूत्रमा बाँधिन्छौं ।

२.१८ वैज्ञानिक आधारमा धर्मको व्याख्या गर्ने साधन दर्शनशास्त्र हो । पूर्वीय दर्शनले विश्वका धेरै धर्मको वैज्ञानिक व्याख्या गर्नु बाँकी छ । यसको विधान मानिएका धर्मलाई सचेत हिन्दूत्वको परिधिभित्र पर्छ भनी साबित गरिसकेको छ । धर्मको सम्बन्ध चरित्र; आचरण र मानवतासंग स्थापित गरी मानवभन्दा ठूलो केही छैन भन्ने प्रतिपादन गर्दछ ।

२.१९ संविधानमा हिन्दू अधिराज्यको व्यवस्था भएको छ र यसलाई दर्शनका आधारमा पुनर्व्याख्या गरिनुपर्दछ । धर्म मानवजातिको साझा आचरण र त्यसको पालनको परिणाम सुशीलता, शालीनता; अनुशासन, देशभक्ति र राष्ट्रनिष्ठा र व्यक्तिका प्रतिष्ठा भएपछि धर्मको नाममा हुने भ्रम र दोष हटी स्वस्थ समाजको स्थापनामा बल पुग्नेछ ।

२.२० संस्कृत वाङ्मयको समयानुकूल विकास-प्रस्तुति भएपछि हाम्रो यो भूखण्ड विज्ञान, धर्म र दर्शनको क्षेत्रमा विश्वमा नै अग्रणी हुने संभावना छ । संस्कृत विश्वविद्यालयको ऐनमा उल्लेख भए जस्तै ज्ञानको केन्द्र नेपाल अधिराज्य हुनेछ । यो गोरवपूर्ण कुरा हो ।

उपर्युक्त सबै कारणले जनसाधारणलाई संस्कृत वाङ्मयसंग सामान्यः परिचित राख्नु आवश्यक हुने हुँदा साधारण शिक्षामा संस्कृतलाई अनिवार्य रूपले समावेश गराइयोस् । होइन भने सम्पूर्ण नेपाली समाज नै आयोगको विरुद्ध उत्रनु पर्ने बाध्यता रहनेछ ।

३. हाम्रो देशमा यदा कदा यस्ता कुराहरू पनि नसुनिएका होइनन् कि संस्कृत भाषा यस देशको कुनै वर्ग वा जाति विशेषको पेशागत रूपमा कामलाग्ने भाषा मात्र भएकोले यसको सार्वजनिक उपयोग छैन । यदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो कुरा सत्य हो भन्ने कुनैपनि स्वाभिमानी नेपालीलाई लाग्छ भने यो एक दुर्भाग्यकै कुरा हुन्छ तापनि त्यस परिस्थितिमा संस्कृतलाई अंगाल्नु पर्छ भन्ने पक्षमा जनमत तयार गर्दै हिड्नुपर्ने कुनै औचित्य छैन। संस्कृत भाषा न त हिन्दूधर्मको संरक्षणको लागि मात्र खाँचो पर्ने भाषा हो न त पुरोहितको पेशालाई बचाएर राख्ने भाषा मात्र हो न कुनै जाति वा वर्ग विशेषको नै। यस्तै न यो लेखपढ गर्न अत्यन्त कठिन र सामाजिक उपयोगिता कम भएको भाषा हो न त नेपालको कुनै ठाउँ विशेषको जाति वा वर्ग विशेषले मात्र उपयोग गर्नुपर्ने भाषा हो। यसलाई मृत भाषाको संज्ञा दिएर आजको आधुनिक वैज्ञानिक युगमा यसको औचित्य र उपयोगिता नभएको, यसबाट जीविकोपार्जन हुन नसक्ने आदि जस्ता धेरै अपवादहरू यस भाषाका बारेमा सुनिने गरिएका छन्। यीमध्ये कुनै एउटा मात्र तर्क पनि सत्य-तथ्यमा आधारित छ भने यो भाषाको बारेमा बढी खोजी नगरौं, यसलाई राष्ट्रिय शिक्षा नीतिमा पुनः स्थापित गराउने जमर्को नगरौं। किनभने आजको समसामयिक सामाजिक परिवेश र सन्दर्भमा हामी त्यसै पनि निकै नै पछि परेका राष्ट्रको सन्तान गनिन्छौं र त्यसमा पनि भाषाजस्तो कुरा, त्यो पनि यदि मरेकोलाई बचाएर त्यसबाट काम लिने हाम्रो प्रयास हो भने हाम्रो त्यो प्रयास निकै महंगो हुन सक्छ। यदि त्यसो होइन र संस्कृतको सनातन र शाश्वत उपयोगिता नेपाली समाजको प्रत्येक व्यक्तिलाई छ भन्ने सबैलाई लाग्छ भने यसलाई अंगाल्ने र अंगीकार गर्ने प्रयास सामूहिक रूपमै गरौं। यसलाई क्षेत्रीयता, जातीयता र वर्गीयताका दृष्टिले नहेरौं, बरु राष्ट्रियताका आधारमा यसको उपयोगिता, सान्दर्भिकता र औचित्य छ भने खुला दिलले स्वीकारौं। अरण्य-रोदन कसैको पनि हितमा हुँदैन र त्यो आवश्यक पनि छैन। संस्कृतलाई सर्वोपरि स्थान दिएर यसलाई यसैको लागि मात्र दिगो, दरिलो बनाउन पर्छ भन्ने आजको माग होइन। राष्ट्रका प्रत्येक व्यक्तिले बोल्नु, बोल्नुपर्ने भाषा शुद्ध लेखियोस् र कसैले पनि के बोलिएको र के लेखिएको हो भन्ने कुरा बुझ्न अप्ठेरो नपरोस् र अज्ञ बोल्ने या लेख्ने आफैंले पनि के बोलेको र के लेखेको भन्ने कुरा सोध्न अरूकहाँ जान नपरोस् भन्ने अभिप्रायले मात्र संस्कृतलाई भाषाको रूपमा साधारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा पढ्नेले पनि पढ्नुपर्छ भन्न खोजिएको हो । नेपाली भाषाको विकास गरी राष्ट्रभाषा सबैले जान्ने र बुझ्ने बनाउन राष्ट्रिय सम्पर्क माध्यम अझै सुदृढ्, सम्पन्न र वर्चस्वयुक्त बन्न सजिलो होस् भन्ने अभिप्राय हो । मात्र यसको पठन-पाठन विद्यालय तहमा पढ्ने हरेकका लागि अनिवार्य हुनु पर्छ भन्न खोजिएको हो । आज नेपालका आम सञ्चारका माध्यमहरू रेडियो नेपाल, गोरखापत्र, नेपाल टेलिभिजनले बोल्ने भाषाको जुन दुर्दशा देखिएको छ त्यस लज्जाजनक स्थितिको क्रमशः अन्त्य होस्, 'सांसद सदस्यहरू', 'सधन्यवादसहित' जस्ता शब्दहरू प्रयोग गर्दा प्रयोगकर्ता अलिकति सजग र सचेत होस् 'उपर्युक्त' र 'उपयुक्त'मा फरकपर्छ भन्ने बुझ्न कसैलाई गाह्रो नपरोस् भन्ने मनसायले मात्र साधारण शिक्षाका सबै तहहरूमा भाषाको रूपमा अनिवार्य संस्कृत पढाइने व्यवस्था होस् र साधारण उच्च शिक्षामा-चाहिं यो ऐच्छिक बनेर रहोस् भन्ने यो सानो चर्चाको आशय वा अभिप्राय हो । वास्तवमा यति लामो परम्परादेखि पठन–पाठनमा रहेको संस्कृत पढ्न पाउनु सम्पूर्ण नेपालीको अधिकार पनि हो र पढ्ने अवसरबाट वञ्चित नगराउनु हामी सबैको दायित्व पनि हो ।

उपर्युक्त ऐतिहासिक तथ्यप्रति आँखा चिम्ली वा बुझ पचाई संस्कृत पढेकाको र कुनै धर्म, वर्ण, वर्ग वा जाति विशेषको मात्र पेवाको रूपमा कसैले सोचेको छ र यथार्थमा नै त्यस्तै हो भने पनि तिनको मात्र स्वार्थरक्षाको लागि राष्ट्रिय शिक्षा प्रणालीमा यसले कुनै स्थान पाउनु हुँदैन । यसलाई यहीं बिर्सिदिनुपर्छ । तर हामी सबैले त्यति ठूलो भूल गर्ने छैनौं जसबाट त्यसको मूल्य आजभन्दा दश पन्ध्र वर्षपछि गएर चुकाउनु परोस् । भोलि राष्ट्रका भाषाहरू, राष्ट्रका जातीय संस्कृति सभ्यता तथा मूल्य र मान्यताको जरो खोज्न विदेश जान नपरोस् । आजको हाम्रो निर्णयले भोलि हामी रित्ता र दिशाविहीन नबनौं, यस पक्षमा भने नीतिनियमको तहमा बस्नेदेखि राष्ट्रका सचेत नागरिकले गम्भीर भएर विचार गरौं । यस विचारपत्रको आग्रह यति मात्र हो, चिन्ता र चिन्तनको सीमा यही हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ सामग्री:

१. नेपाल अधिराज्यको शिक्षा प्रणलीमा संस्कृत समावेश गर्ने सम्बन्धमा सुझाव (मिति २०४८ फागुन ११ गते राष्ट्रिय शिक्षा आयोगमा श्री केशव पोखरेल समेतले पेश गरेको सुझाव)
२. साधारण विद्यालय प्रणालीमा संस्कृत राख्नु किन आवश्यक छ (शिवप्रसाद सत्याल, गोरखापत्र असार ६, २०४६)
३. संस्कृत नै किन ? –डा. दुर्गाप्रसाद दवाडी (२०४९ वैशाख १)
४. नेपाल अधिराज्यको संविधान २०४७ (श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय कानून किताब व्यवस्था समिति)
५. राष्ट्रिय शिक्षाको उद्देश्य तथा नीति (सुझाव संग्रहको लागि प्रस्तुत प्रारम्भिक मस्यौदाको सारांश पुस्तिका) राष्ट्रिय शिक्षा आयोग ०४८

वाल्मीकि विद्यापीठ, विद्यार्थी युनियनद्वारा २०४६ वैशाख २५ गते आयोजित संस्कृत शिक्षा सम्बन्धी कार्यशाला गोष्ठीमा प्रस्तुत कार्यपत्र (मर्यादा – २१, संस्कृत विशेषाङ्क – २०४६ श्रावणमा प्रकाशित)

卐

साहस र धैर्य धर्म-रथका दुई पांग्रा हुन् ।

गोस्वामी तुलसीदास

सत्य, चन्द्र मण्डल भन्दा पनि धेरै सौम्य छ र सूर्य मण्डल भन्दा पनि धेरै तेजस्वी छ ।

–महावीर स्वामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बझाङ जिल्लाको संस्कृतमा मष्टो

–स्व. फुलचन्द्र कोइराला

बझाङ जिल्लाका मष्टादेवता सुदूर पश्चिमाञ्चल क्षेत्रको निम्ति प्रसिद्ध छन् ।

यी देवतालाई पनि दाह्रे मष्टो भन्दछन् । दाह्रे मष्टाका धामीले कामेको बेलामा दाँतले सयौं बोकाको गर्दन छिनाउँथे । मष्टो आङ चढेको बेला धामीका दाह्रा निस्कन्थे, जो तीक्ष्ण खड्ग भन्दा पनि मापाका थिए ।

बझाङका प्रगतिशील विचार राख्ने राजाले धामीको वा मष्टोको परीक्षाको निम्ति मोटो गर्दन भएको जख्खु बोकाको घाँटीमा फलामे पाताका जंजीर लगाएर बोका बलि गर्न ल्याएछन्। धामीले टोकेर नै गर्दन र फलामे पट्टी पनि छिनाई दिए, तर उनका दुइटा दाह्रा पनि टुटेछन् । त्यसपछि मष्टा आँग चढेका बेलामा फलानाको जाँच गर्ने कर्तूतले मेरा दाह्रा टुटे भनेर दुई दाह्रा टुटे-को मष्टाका धामीले देखाउँथे भनेर पचास वर्ष नाघेका स्थानीय मानिसहरूको भनाई छ ।

वर्तमानमा त्यसरी बलिदान गर्ने चलन धेरै हटेको छ र दुधेमष्टाको रूपमा पनि पूजा गरिन्छ । मष्टालाई मोटेश्वर पनि भनिन्छ । यो सुधारिएको नाउँ हो । यी मष्टालाई इन्द्र पुत्र हुन् भनेर पनि लोकमा विश्वास गरिन्छ । यसबाट मष्टा र इन्द्रको बाबु छोराको सम्बन्ध भएको बुझिन्छ ।

मष्टालाई, लेखकले मरूत् देवताको प्रतीक अथवा मरूत्-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाट नै मष्टा भएको कुरा स्वीकार गरेको छ। यो धारणालाई पनि स्थानीय लोकोक्तिले पुष्टिनै गर्दछ। इन्द्र र मरुत् गणको ज्यादै नजिकको सम्वन्ध भएको कुरा हाम्रा पौराणिक साहित्यले पनि स्वीकार गर्दछन् र वेद्मा भने, मरुत्गणलाई रुद्र पुत्र भनिएको पनि पाइन्छ।

मरुत् २१ वा एक सय भएको कुरा वैदिक साहित्यवाट जान्न पाइन्छ भने इन्द्रका सहचारी र रुद्रका पुत्र अथवा गणको रूपमा मरुत्को उल्लेख भएका छ।

मरुत् र वायु, भनिएका देवता समानार्थक नै हुन्। जल वर्षा तथा विजुली चम्कने क्रियालाई पनि मरुत्कै अनुग्रह भनिन्छ। ध्वनिमय मेघ र झञ्झावानयुक्त वातावरण अगाडि आकाशमा चम्कने विजुली आँधी मरुत्कै रूप हो।

मष्टादेवताको मान्यता सम्पूर्ण पश्चिम नेपालमा भए पनि वझाङ जिल्लाका मष्टाको ज्यादै प्रसिद्धि छ।

काँकड (लिङ्गाको) चलन

चैत्र कृष्ण औंसीका दिन मष्टाको काँकर ल्याउन गाउँलेहरू खाजा सामल लिएर वाजा गाजाकोसाथ भोकै जङ्गलमा प्रस्थान गर्दछन्। यो औंसीलाई सम्वत्सर औंसी भन्ने चलन छ किनकि चैत्र शुक्ल प्रतिपदाको दिनदेखि शक सम्वत्सर शुरु हुन्छ।

सल्लाको सुरिलो रूख छानेर काँकर काटिन्छ। ६०/६५ हातको रूख काटेर ताछतुछ पारी बोक्न सक्ने वनाएपछि रूख काटेको ठुटासा बोकाको वलि दिन्छन्। यो वलिको निम्ति हजारौं मानिमले इच्छापूर्तिको निम्ति भाकल गरिराखेका हुन्छन्। पाँच छ सय बोका काटिनु साधारण कुरा हो।

(१) यो लिङ्गो मोडाल थर हुनेहरूले काट्दछन्। पूजारी पनि लिङ्गो काट्ने ठाउँमा जानुपर्छ। यसको लम्वाई परिमाण ३२ वाँहाभर भन्दछन् अर्थात् ६४ हात।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) घामीको काकर काटेर त्याउने र (घामीगाउँ) कर्णेल गा.वि.स. ले ल्याउँछन् ।
(३) जैदुमैदु वोहोराहरूको लिङ्गो वान्नीकोट गा.वि.स.ले ल्याउँछन्
(४) पूजारी सुवेडा (सुवेदी)हरूको,लिङ्गो यस वापत गुठी जग्गा-खाने, मुडुलेल, कडायत, ऐणो थरवाला खसले ल्याउँछन् । यिनीहरूको २ वर्षको पालो हुन्छ । अर्को २वर्ष पाटा गाउँकै १ नं. वार्डमा वस्ने ठकुरी मोत्याल, रोकाया, ऐणी कडायत तीन जातले ल्याउँछन् । वोकेर लडाएर घिसारेर ल्याउँदा लिङ्गो भाँचियो भने तुरुन्तै गएर नयाँ ल्याउनुपर्छ । यी लिङ्गाहरू ल्याएर तोलेनी भन्ने मैदानमा राखिन्छ ।

किवदन्ती

तोलेनी भन्ने चौरमा पहिले कुण्ड थियो । त्याहाँ मष्टा र महिषासुर भन्ने दानवको १२ वर्षसम्म लडाइँ भयो । त्यसपछि मष्टाका वहिनी–घर्का, सुर्मा, स्याही आदि १६ बहिनीले महिषा-सुरलाई जालमा पारी पछि मारे । त्यसपछि त्यो दानवको जेग-जाँगडो र जोडखुट्टाहरू फ्याँक्दा डोटी जोरायलमा पुग्यो । त्यसैले डोटो जोरायल नाउँ रहेको हो ।

औंसीका दिन काटेको लिङ्गो भोलि या पर्सिपल्ट सम्ममा मष्टाको नजिकको नोलेनो मैदानमा ल्याएर राखिन्छ, चैत्रशुक्ल त्रयोदशीका दिनमा फेरि मानिसहरू जम्मा भएर मुख्य काँकर खडाको खडै रूपमा वोकेर मष्टाको माडु नजिक पुर्याउँछन् खडा काँकरले त्यो चौरकोवीच चिर्दै लैजाने चलन छ र त्यसलाई महिषासुरको छाती चिरेको भनिन्छ । पहिले पहिले यसरी काँकरले चौर कोरिंदा रगत आउँथ्यो रे, किन्तु अव त्यस्तो हुँदैन ।

काँकर लिङ्गो यहाँको जात्रामा जस्तो गाडेर खडा गर्ने चलन छैन । अर्थात् खडा गरेर ढाल्यो अनि त्यसलाई ४५ हात लामो मष्टाको माडुमा लगेर चढाइन्छ अर्थात् - सुताएर नै चढाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) धामीको काँकर (लिङ्गोमा) ध्वजा–पताका र चमर घण्टी बाँधेर सिगारिन्छ।
अन्य लिङ्गामा ध्वजा पताकाले मात्र सिगार्ने चलन छ।
(ख) धामीको लिङ्गो ल्याउँदा बाटामा दुई ठाउँ ठड्याउनु पर्छ, बोहोराको लिङ्गो पनि अन्यत्र दुई ठाउँ खडा गरी त्यस ठाउँमा ल्याउँछन्।
पूजारीको लिङ्गो भने ल्याउँदा ८ ठाउँमा खडा गरी ल्याइन्छ।
(ग) लिङ्गो खडा गर्ने काम सकिएपछि दुई गाउँ तल्लो छविसे र उपल्लो छविसेकाबीच मष्टाको खुशियालीमा भकुन्डो खेल्दछन्। पहिले पहिले त्यसै दिन बाघले मारेको गाईगोरुको छाला ल्याई भकुन्डो बनाउने चलन थियो। आजकल जंगल मासिएको र बाघ चितुवा पनि सकीदै गएकोले यो सम्भव छैन। कहिलेकहीं यस्तो परिहाल्यो भने, प्राचीन मान्यताको पालना गरिंदैछ।

यो पर्वलाई चैतुली चाड भन्दछन्। यो मेलामा अनिवार्य रूपमा बझाङका सबै व्यक्तिहरू जानु पर्थ्यो। डोटी, डडेलधुरा आछामदेखिका मानिसहरू यो मेलाभर्न आउँछन्।

पूजा-पर्व:

आइतवार र बुधबार मष्टाको माडौमा नित्य पूजा हुन्छ। पूजारी सुवेदी ब्राह्मण छन् र उनले नभ्याउने बेलाको निम्ति अन्य उपाध्याय ब्राह्मण पनि राखिएका छन्।

मष्टालाई गाई, घोडा, सुन, चाँदी र रूपियाँ चढाउने चलन छ। यो चढौना धामी, पूजारीको हुन्छ।

धामी - धामी थरको जातै हुन्छ। यही जातबाट धामी छानिन्छन्। जसको आङमा चढेर मष्टादेवता बोल्न थाल्दछन्, त्यसको अनेक किसिमले परीक्षा लिइन्छ। मष्टाको शक्तिले युक्त भएको जनविश्वास भएपछि मात्रै धामीको रूपमा स्वीकार गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नमरेसम्म उही व्यक्ति नै धामी हुन्छ र मरेपछि नयाँ धामीको निम्ति उपर्युक्त नियम लागू गरिन्छ।

मष्टाको मन्दिरमा वेद्, रूद्री, चण्डीपाठ गरिन्छ र यसको प्रतिष्ठाको निम्ति वा पूजा पछि यज्ञ गरेर हवन गरिन्छ।

(१) महादशैंको अष्टमीको दिन विशेष पूजा र वलिदान गरिन्छ। वेद्, रूद्री, चण्डीपाठ र यज्ञ पनि यो दिन हुन्छ।

(२) दोस्रोपर्व - जन्माष्टमी हो। यो दिन त्यस क्षेत्रभरिका घरमा गाई-भैंसी जति दूध दिन्छन्, त्यो सम्पूर्ण दूध ल्याएर मष्टालाई चढाउनु पर्दछ। यो बेला दाह्रे मष्टाको रूप दुधेमष्टाको हुन्छ। अर्थात् दूध, खीर, रोट (वावर) चढाउने सात्विक पूजा मात्र हुन्छ। यो दिन राती जात्रा पनि लाग्दछ।

(३) पौषको शुक्लपक्षको अष्टमीमा पनि मष्टाको विशेष पूजा र पर्व हुन्छ।

(४) असारको शुक्लअष्टमीमा पनि विशेष पूजा पर्व हुन्छ।

(५) चैतुले चाड, चैत्र शुक्ल त्रयोदशी (कांकर खडा गर्ने र चढाउने र भकुण्डो खेल्ने) सबैभन्दा विशेष जात्रा।

यो वान्नीमाडुमा रहेको मष्टामाडुमा ४५ हातको लामो माडु छ। त्यसमा मूर्तिविनाका कोठामा नै मष्टाको आराधना गरिन्छ। मष्टाको कोठामा जान धामी पूजारी वाहेक अरूलाई मनाही छ।

मष्टा १ 'मण्डाली' (देवी ?) जसलाई मष्टाकी आमा भनिन्छ। र अलिपर 'लाटाहिन्न' (मष्टाका गण प्रमुख)को स्थान छ। यी तीनै देवताको मष्टाको पर्वसँगै पूजा-आजा हुन्छ।

मष्ट (मरूत् देवता) पश्चिम नेपालका प्रमुख देव हुन् र यिनका साथमा अनिवार्यरूपले भगवतीको कथा गाँसिएको पाइन्छ। कहीं १६ वहिनी, कहीं ९ बहिनी दुर्गा र कहीं कहीं एक दुई देवी मात्र सम्वन्धित देखिन्छन्। 卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भेटवार्ता: डा. स्वामी प्रपन्नाचार्य

(डा. स्वामी प्रपन्नाचार्यज्यू नेपाली माटो र नेपालीहरूका लागि आदरणीय र प्रसिद्ध नाम हो । पिता धर्म्बे राई र माता दिलमायादेवीको सुपुत्रको रूपमा वि.सं. १९८० मा जन्मनु भएका परमपूज्य श्री १०८ डा. स्वामी रामकृष्ण प्रपन्नाचार्यज्यू आज डा. स्वामी प्रपन्नाचार्यको रूपमा ख्याति आर्जन गर्नु भएको छ । सन् १९७८ मा उहाँले 'दर्शनमा अद्वैत वेदान्त' विषयमा विद्यावारिधी गर्नु भएको थियो । 'वेदमा के छ?' जस्ता पुस्तकका लेखक स्वामीज्यू हाल प्रत्येक विषयका सर्वप्रथम नेपाली व्यक्तित्वहरूको बारेमा पुस्तक तयार गर्दै हुनुहुन्छ । राजसभा स्थायी सेवा समितिका सम्माननीय सदस्य डा. स्वामीज्यू विश्व हिन्दू संघका मानार्थ सदस्य पनि हुनुहुन्छ । प्रस्तुत छ उहाँसँग भएको भेटवार्ता)

□ विश्वमा एकमात्र हिन्दू राष्ट्र नेपाल भए जस्तै विश्वका सम्पूर्ण हिन्दूहरूका लागि नेपाल आस्था केन्द्र हुन सकेको छ छैन ?

卐 जसरी विश्वमा एकमात्र हिन्दू राज्य नेपाल छ, त्यसरी नै विश्वका सम्पूर्ण हिन्दूहरूको आस्था केन्द्र नेपाल नै हो भन्ने कुरामा दुईमत छैन । हिन्दू संस्कृति, सभ्यता, मर्यादा र हिन्दूहरुको परिपालनकोलागि हिन्दूराष्ट्र नभई सम्भव नै हुँदैन । यी सम्पूर्ण वैज्ञानिक दृष्टिकोणले पनि हिन्दू राष्ट्र र हिन्दूहरुको आस्था केन्द्र हुनसकेको छ ।

□ धर्म र समाजवीच कस्तो समन्वय हुनु आवश्यक छ ? धर्मले समाजलाई उठाउँछ वा समाजले धर्मलाई ?

卐 धर्म र समाजको तादात्म्य सम्बन्ध हुन्छ । पानीमा चिसो र भिजाउने पना भए जस्तै धर्म र समाजको आपसी सम्बन्ध रहेको हुन्छ । अर्थात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म विना समाज बाँच्न सक्दैन र समाज विना धर्म पनि। त्यसैले यी दुईबीच अभेद्य सम्बन्ध हुने गर्छ। त्यसैले समाजबाट धर्मलाई अलग गर्न सकिदैन र धर्म अलग हुने वस्तु पनि हैन। त्यो आत्मसात् अन्तर्भूत हुने स्वरूप हो। अतएव धर्म र समाजको सम्बन्धको वास्तविक भाव बुझ्ने व्यक्तिले वैज्ञानिक स्वरूप तथा त्यसको सूक्ष्म दृष्टिकोणले विचार गर्दा कुनै पार्थक्य भएको हुँदैन। धर्म नभएको समाज माथि उठ्न सक्दैन र त्यसमा राष्ट्राभिमान र स्वाभिमान पनि हुँदैन।

☐ धर्म विहीन कुनै पनि मानव हुन सक्दैन तर पनि दिनप्रतिदिन मानव असमझदारी बढेर अमानवीय कार्यहरू भइरहेका छन्, कि धर्ममा कुनै शक्ति हुँदैन?

卐 धर्म विना मानव हुँदैन। सम्पूर्ण मानवमा एउटै धर्म हुन्छ। सृष्टिको आदिकालमा परमात्माले एकै मानवस्वरूप र मानव धर्मलाई दिएका थिए। त्यसपछि मानवमा केही वाद र विचारभेद भयो। त्यो पन्थ र समुदायभेदले भएको हो। पन्थ र सम्प्रदायभेद केही विचार परामर्शबाट नयाँ उपलब्धिको आशामा जन्मिएको भए तापनि त्यसमा स्वार्थप्रधान हुने भएकोले कलहको मूल पनि हुन सक्छ। आज धर्मको नाममा जो भइरहेको छ त्यसको कारण पनि पन्थ र सम्प्रदायको विवाद हो। पन्थ सम्प्रदाय केही विचारको उद्‌बोधक कुराहरू लिएर हिंडेको छ भने केही कुरामा दुराग्रह पनि हुनसक्छ। त्यसैले आजको युगमा कुनै पनि राष्ट्रमा धर्म प्रधान हुनुपर्छ अनि मात्र त्यो राष्ट्रले आफ्नो राष्ट्रिय उन्नति गर्न सक्छ।

☐ तपाई डाक्टर र स्वामी कुन प्रेरणाबाट र कसरी बन्नु भयो, छोटकरीमा तपाईको हिजो र आजको बारेमा केही प्रष्ट पारिदिनु हुन्छ कि?

卐 वि. सं. १९८० मा मेरो जन्म हुँदा मैले के परिकल्पना गरें यो लेख्ने वा भन्ने कुरा भएन। परन्तु मातापिताको परिकल्पनालाई पनि बताउन सकिने कुरा छैन। बालक अवस्थामा कुन प्रकारले जीवन बित्यो ती सबै परिकल्पनाहरूलाई १५ वर्षको उमेर पुगिसकेपछि साकार गर्दै लैजाँदा सान्सारिक वातावरणमा पालन पोषण भएको जीवनको अनुभव हुँदै गयो। यो अनुभव खानपान रहन-सहनदेखि बाहेक जीवनको उज्यालो भविष्य र शिक्षा सम्बन्धी कुराहरूमा प्रस्फुरित हुन लाग्यो, त्यसबेला राणा शासन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएकोले कडा शासन र समाजमा व्याप्त रूढीवाद दुवैतिरको चेपाइमा मेरो जीवन परेको थियो। तैपनि संगत गर्दै जाँदा, घुम्दै फिर्दै जाँदा आमाबावु भएको टुहुराको रूपमा समाजमा देखिन थालें। यसै प्रसंगमा एकदिन आफ्नो देश र मातृभूमिलाई परित्याग गरेर म विदेश लागें। आमाबावु भएको टुहुराको रूपमा मातापिताले कमाएको एक पैसा पनि खर्च नगरी आफ्नै वल पुरूषार्थले अनेकौं प्रकारको यातनाहरू-लाई मित्र वनाएर पाइला सार्दै जाँदा कताकतावाट यस जन्मको पुरूषार्थ र पूर्वजन्मको संस्कार उद्‌वुद्ध हुनाले मेरो पढाई लेखाईको सिलसिला जम्दै गयो। तल्लो कक्षादेखि आचार्यसम्म हुन पुगें। आचार्य भैसकेपछि पनि मनमा एउटा लालसा रह्यो। शिक्षाको अन्तिम सीमा डक्टरेटसम्म हुन्छ भने त्यसलाई पनि पार गर्नु पऱ्यो भनेर अनुसन्धानको काम शुरू गरें। १९७८ मा दिल्ली राष्ट्रिय सम्मेलनवाट मैले भारतीय दर्शनका अद्वैत वेदान्त विषय लिएर डक्टरेट गरें। डक्टरेट गर्ने सवैभन्दा ठूलो प्रेरणाको श्रोत गुरूजनहरू नै थिए। गुरूहरू थुप्रै प्रकारका हुन्छन् ती मध्ये मलाई डक्टरेट गर्नलाई प्रेरणा दिने गुरू स्व. आचार्य देवानन्द वहुगुणी (प्राचार्य स्वामी सचीतानन्द-आदर्श संस्कृति महाविद्यालय रुद्र प्रयाग गडवाल) हुनुहुन्थ्यो। उहाँले मलाई शुरूदेखि लिएर अन्तिमसम्म प्रेरणा नै प्रेरणाले भरिएको जीवन अनुभव गराउनु भयो। उहाँको स्वभाव अत्यन्त तीखो र उग्र थियो भने अत्यन्त मायालु र दयालु पनि। उहाँवाट अरू शास्त्र, अरू भाषा र देश विदेश घुम्ने आदि सवै प्रेरणाहरू पनि पाएको हुँ। उहाँलाई म जीवनमा कहिल्यै भुल्न सक्दिन। यद्यपि सानातिना प्रेरणा स्वरूपहरू अरू पनि छन्। डक्टरेट गरिसकेपछि मैले विताउनु पर्ने जीवन विताउन सकेको छैन। यस रूपमा मैले कल्पना गर्न सकेको पनि थिइँन। जीवनको भूतकाललाई विचार गरेर भविष्यलाई विचार गर्दा वर्तमानले मलाई सन्तोष दिलाएको छैन। त्यसैले भविष्यको अड्कल पनि सहजै काट्न सकिन्छ। भूतले वर्तमानलाई वताउँछ भने वर्तमानले भूत भविष्यलाई वताउँछ। वर्तमानले भविष्यलाई के देला भन्ने कुरा तात्कालीकरूपले वुझिरहेको हुँदा सुनौला भविष्यको परिकल्पना गर्न म सक्दिन।

☐ तपाईले धर्म र राष्ट्रको निम्ति राजसभाको सदस्य रूपमा के गरिरहनु भएको छ र राष्ट्रले के दिइरहेको महसूस गर्नु भएको छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

卐 मैले राष्ट्रलाई के दिइरहेको छु भन्ने कुरा स्वयम्ले भन्ने कुरा हैन । स्वयन् राष्ट्रले वुझ्ने कुरा हो । राष्ट्र भनेको ढुंगा मुढाको नाम हैन । राष्ट्र भनेको वन, पर्वत, खोलानालाको नाम हैन । जहाँ चेतनशील प्राणी रहन्छ र चेतनाले परिपूर्ण भएको हुन्छ त्यसलाई राष्ट्र भनिन्छ । कसले के दिइरहेको छ राष्ट्रलाई भन्ने प्रश्नको उत्तरमा चेतना भएको राष्ट्रले स्वयम् वुझेको हुन्छ र वुझेको हुनुपर्छ । आगोले मैले राष्ट्रलाई यति दिएको छु भन्दैन, पानीले, मौन हावाले पनि भन्दैन, पृथ्वीले पनि राष्ट्रलाई यति दिएको छु भन्दैन । सम्पूर्ण मूल्यांकन राष्ट्रले गर्नुपर्छ त्यसैले मेरो मूल्यांकन म स्वयम् गर्न सक्दिन । जहाँसम्म राजपरिषद्को सम्मानीय भएको नाताले राष्ट्रलाई मैले आफ्नोतर्फबाट सक्दो आगो जले जस्तै, पानी वगे जस्तै, हावा चले जस्तै चन्द्र सूर्य उदाए जस्तै स्वाभाविक रूपले वगिरहेको छु । यो मेरो वग्ने स्वभाव हो । यो स्वभा-वलाई जसले जे सम्झेपनि हुन्छ ।

☐ धर्मको सूत्रात्मक अर्थ के हो ? हिन्दू धर्ममा युवा समुदायको खास सह-भागिता नहुनुको कारण के होला ?

卐 धर्मको वास्तविक अर्थ स्वात्माभिमान हो । घमण्ड होइन । स्वाभिमानी व्यक्ति धर्मात्मा हुन्छ । त्यस व्यक्तिले 'यस्तो अभ्युदय निश्रेयस सिद्धी सःधर्म' भन्ने सूत्रलाई परिपालन गर्दछ । त्यसको अर्थ सुख, धर्मको फल हो, दुःख पापको फल हो । त्यसैले धर्मिष्ठमा प्रजाहरू जान्छन् । पापिष्ठमा प्रजा जाँदैनन् किनभने पापिष्ठ दुःखको कारण हुन्छ । संसार-मा दुःख कसैले चाहँदैनन् । सुखी हुन चाहनेले धर्मको आचार गर्नु पर्छ । पापको आचरण गरेर सुखी कहिल्यै भइन्न यो धर्मको स्वरूप र फल हो । आज धर्मको आचरण गर्नुमा हाम्रो समाज मात्र हैन अपितु विश्वकै समाज विपरित रूपमा गइरहेका देखिन्छ । जहाँ धर्मको आचरण गर्नमा वृद्ध वा प्रौढ अभिभावकवर्गले नै लापरवाही गर्छन् त्यहाँ आजको युवावर्गको धर्मप्रति के दायित्व छ भन्ने प्रश्नै उठ्दैन 'राजा कालस्य करणनम' राजाले नै धर्मको वास्तविक रूपलाई बुझेर शिक्षा नीति अगाडि सार्छ फलस्वरूप जनसमुदायले धर्मलाई सजिलैसित अँगाल्दछ । जहाँ अभिभावकहरूको आचरण र राजाको शिक्षा नीतिमा अन्तर परेको हुन्छ त्यहाँ राष्ट्रका युवापिढीमा ठूलो तहल्का मच्चिएको हुन्छ । वर्तमान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समयमा हाम्रा राष्ट्रका कर्णधार युवावर्गको धर्मप्रति आस्था नहुनु शिक्षा नीति तथा मातापिताहरूको लापरवाही हो । त्यस्तै हिन्दूधर्ममा आएका अनावश्यक विकृतिहरू, पाश्चात्य हावा हो । पाश्चात्य हावाले गर्दा राष्ट्रका कर्णधारहरू विपरित दिशामा बगेका मात्र हैनन् अपितु आफ्नो जीवनको भविष्य पनि अन्धकारमय तरङ्गमा पुराइरहेका छन् । समाजमा धार्मिक सुधार ल्याउनु शिक्षा नीतिको अध्ययन अध्यापन गराउन आवश्यक देखिन्छ । हिन्दूधर्मभित्र आएका विकृतिहरूलाई पन्छाउनुपनि उत्तिकै आवश्यक छ । तब–हाम्रो राष्ट्रको सम्पत्ति युवा पिढीलाई राष्ट्रमा धार्मिक, सामाजिक, नैतिक, आर्थिक, वैज्ञानिक सबै कुराबाट भरपर्दो बनाउन सक्छौं । अन्यथा राष्ट्रले दूरदिन देख्नु पर्नेछ ।

☐ आजको जस्तो व्यवसायिक, वैज्ञानिक र प्रतिद्वन्दी युगमा पनि धर्मको नाममा अलमलिनु कतै अन्य भन्दा पछाडि पर्नु वा सुख सम्पन्नता गुमाउनु त हैन ?

卐 धर्मलाई अपनाउँदा कुनै राष्ट्रको वैज्ञानिकता र सुख सम्पत्तिबाट पछाडि पर्ने कुरा ठीक होइन । प्राचीनकालमा पनि वैज्ञानिकहरू थिए । आर्थिक रूपमा सम्पन्न थिए, राष्ट्र र राष्ट्रधर्म थियो- धार्मिक जनता थिए । धर्मनिष्ठ ऋषिमुनिहरू थिए र कुनै राष्ट्रसंग प्रदिद्वन्दीतामा पछाडि परेका थिएनन् भने आज कसरी पछाडि पर्लान त ? यो सतझदारीमा कमी भएको मात्रै हो । धर्मले कसैलाई पछाडि धकेलीदैन, धर्मले सधैं अगाडि नै बढाउँछ । धर्म र समाजबीच तादात्म्य सम्बन्ध रहेको छ भने धर्मले तल खसाउने या अवनति गर्ने प्रश्नै कहाँबाट आयो ? तल खसाउने अरू नै कुनै स्वार्थी कर्म हुन सक्छ । विश्वमूल नै धर्म हो, प्राणीमूल नै धर्म हो भने राष्ट्रलाई टिकाउने पनि धर्म नै रहन्छ भन्ने बुझ्नुपर्छ । धर्मले सबैलाई माथि उठाउँछ ।

☐ स्वमीज्यू किरांत कूलमा जन्मनु भएर श्रद्धेय स्वामी बन्नु भयो । भन्छन् किरांतीहरू अनार्य हुन्, अहिन्दू हुन्, यसप्रति यहाँको के धारणा रहेको छ ?

卐 म किरांत क्षेत्रीय कूलमा जन्मेको हुँ । किरांत कूलमा मात्र जन्मेर हैन, समयानुकूल संस्कृत भाषाको अध्ययन गरेर वैदिक वाङ्मय र लौकिक वाङ्मयको स्वाध्या गरी इतिहासको गंगामा डुबुल्की मार्दा मैले आफ्नो जीवनलाई अत्यन्तै सार्थक सम्झेको छु । यसबेला यसै इतिहासको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वारेमा दुई कुरा भन्ने जमर्को गर्दछु । किराँतहरूको इतिहास ऋग्वेद्-कालवाट नै शुरू हुन्छ । समस्त वैदिक वाङ्मय तथा लौकिक वाङ्मयमा किराँत शब्द छुटेको छैन । किराँतहरू अनार्य हुन्, अवैदिक हुन्, मङ्गोल हुन् भने उपयुक्त वैदिक, लौकिक वाङ्मयमा किराँतहरूको उल्लेख कसरी भएन ? किराँतहरूलाई अनार्य, अवैतिक, मङ्गोल भनेर लेख्ने दुस्साहस पाश्चात्यहरूले गरेका हुन् । यसबारे पाश्चात्यहरू जे-जस्ले हिन्दूहरूका वारेमा लेख्ने प्रयास गरे तिनीहरूको भावना प्रष्ट बुझिन्छ कि फुट पार र राज्य गर । तर यी धारणा भावना जवसम्म बुझेका थिएनन् तवसम्मको मागि थियो । अब त आश्चार्य लेखकका भावना र धर्मलाई यो पौरस्थ विद्वान्हरूले बुझ्न थालिसकेका छन् । त्यसैले अब इतिहास लेखेर ती विषयहरूलाई सच्याउने पनि भइसकेका छन् । त्यसैले किराँतहरू व्यापक जाति हुन् । अनेकवर्गमा वाँधिएका छन् त र किराँतहरू शुद्ध हिन्दू आर्य र क्षेत्रिय कूलमा पर्दछन् । यसमा सन्देह छैन । आकांक्ष्यमान प्राचीन किराँत इतिहासमा डुवेर हेर्नुहोला ।

□ स्वामीज्यूको सम्पूर्ण जीवन अध्यायन, शिक्षा संस्कृत एवं इतिहासकै लागि वित्यो । यस दृष्टिले यस राष्ट्रका लागि कस्तो शिक्षाको परिकल्पना गर्नु हुन्छ ?

卐 शिक्षा भनेको केवल जीवन निर्वाह गर्नु र खानपान, मोजमस्ती, मोटर-कार, भवन आदि सम्पन्नताले भर्नु मात्रै शिक्षाको लक्ष्य होइन । यो त भौतिक साधन मात्र हो । बाँच्नको लागि मानवले भौतिक साधनको अवहेलना गर्न सक्दैन पनि । तर परिवार, घर मात्र शिक्षा हो भन्ने मानव भएर पनि मानव रूपमा मात्र उभेको हुन्छ । पशुभन्दा माथिको परिकल्पना त्यसको दिमागमा आएको मानिँदैन । त्यति त पशु चराचुरुङ्गीले पनि गरेकै हुन्छन् । त्यसैले मानवीय शिक्षा भनेको भौतिक साधनकोसाथ आचारः हीं परमो धर्मः भन्ने श्रुतिलाई अँगालेर मानवधर्म, राष्ट्रधर्म, अध्यात्म, दर्शन र जीवन दर्शनको परिकल्पनात्मक शिक्षा हुनुपर्दछ । यो भन्दा बाहिर मानव जीवन जान सक्दैन । शिक्षा यसै सीमाभित्र आवद्ध हुन्छ । यो क्षेत्रलाई हामीले राष्ट्रमा लागू गर्न सक्नुपर्छ, अनि मात्र हाम्रो राष्ट्र सुध्रन सक्छ । नत राती रातको आफै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्रै धनी हुने परिकल्पनामा धनी भइरहेको हुन्छ र सदुपयोगको सट्टाम दुरूपयोग गर्दै जान्छ भने अर्कोतर्फ पूरा राष्ट्र गरीबीको ज्वालामा जल जान्छ। यस परिस्थितिमा विषमताको ज्वालामुखीले पूरा राष्ट्रला भष्म गर्न सक्छ । त्यसैले उपयुक्त शिक्षाको बुंदाहरूकासाथ मानवीय राष्ट्रिय शिक्षा हाम्रो राष्ट्रमा लागू हुनु आवश्यक देखिन्छ ।

□ हाल आएर राष्ट्रमा राष्ट्रभाषा नेपालीमाथि पनि विवाद शुरू भएको छ यसबारे स्वामीज्यूको आफ्नो विचार के छ ?

卐 कुनै पनि राष्ट्रको आफ्नो राष्ट्रभाषा हुन्छ र राष्ट्रभाषा समग्र जनसम्पर्क भाषा हुन्छ। राष्ट्रभाषा प्रान्त-प्रान्तमा बोलिने, लेखिने, पढिने भाषा र कतै भाषिका हुन्छन् । संवैधानिक अधिकार पाएको राष्ट्रभाषाको उन्नति र सम्मान भएको हुन्छ । ठीक यस्तै प्रकारले विश्वको एक मात्र हिन्दू राष्ट्र नेपालमा पनि प्रजातन्त्र आएपछि धर्मनिरपेक्षको हल्ला भयो । यो राष्ट्रको लागि राम्रो थिएन किनभने विश्वमा कुनै पनि राष्ट्र (भारतलाई छोडेर) धर्म निरपेक्ष छैन । तर भारत पनि कानूनी रूपले मात्रै नेताहरूको जिब्रामा अडिएर मात्र धर्मनिरपेक्ष बनेको छ । तर भारतलाई राम्ररी हेर्ने हो भने नेपालजस्तै धर्मसापेक्ष राष्ट्र हो । राष्ट्रभाषा र अन्य भाषिकाहरू संविधानकै अनुच्छेद्‌भित्र पारेर बहुदलीय प्रजातान्त्रिक सरकारले घोषणा गरेका थिए । नेपाल सरकारको दुर्भाग्य हो वा जनताको दुर्भाग्य हो स्वयं सरकारकै एक लोकसेवा आयोगले राष्ट्रभाषा नेपालीलाई दूधबाट झिङ्गा निकालेर फ्याँकेजस्तो नेपालीलाई फ्याँकेर प्रजातन्त्रात्मक संविधानलाई अपहेलना गरेको देखिन्छ । स्वयं सरकारले संविधानको कडाईसंग पालना गर्नुपर्नेमा स्वयं सरकारको एक अङ्गले संविधानको उलङ्घन वा अपहेलना गर्छ भने त्यसको दोषी को हो ? वस्तुस्थितिमा लो.से.आ. ले नेपाली भाषा हटाउनमा एउटै मात्र स्वार्थ देखिन्छ । केही यस्ता ठूला अधिकारीहरू छन् जसका छोराछोरीहरू मात्र अंग्रेजी पढेर अंग्रेजबाज भइरहेका छन् र नेपाली पढ्न लेख्न जान्दैनन्, । त्यसो हुँदा आफ्ना छोराछोरीहरू प्रतिद्वन्दमा असफल हुन्छन् र लो.से.आ. आउन सक्तैनन् भन्ने धारणाबाट नै नेपाली भाषालाई निकालिएको देखिन्छ। लो.से.आ. मा नेपाली भाषा नराखेपछि निश्चय पनि अंग्रेजी भाषालाई प्रधानता दिइन्छ । त्यसो गरेपछि आफ्ना छोराछोरीहरू लो.से.आ. मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुने भए– यही धारणा नै उनीहरूको देखिन्छ। तर के यो नेपाली जनताको कल्याण सोचेर उठाएको कदम हो त ? दुई करोड जनताको प्रतिनिधि गर्ने सरकारले निश्चित् रूपले यस कदमलाई हटाएर सही कदम चाल्नुपर्ने देखिन्छ।

□ "ध्येय चिन्तन" मार्फत् युवाहरूको निम्ति केही सन्देश अभिव्यक्ति गरिदिनु हुन्छ कि ?

卐 आज हाम्रो राष्ट्रमा निकट भविष्यको ठूलो खाँचो परेको देखिन्छ। जुन टार्न हामीलाई युवाशक्तिको प्रमुख आवश्यकता पर्छ। युवाशक्ति भनेको राष्ट्रको प्राण हो। प्राण विनाको कुनै जीव पनि बाँच्न सक्दैन र मुर्दा हुन्छ। यस्तो प्रकारले राष्ट्रको प्राण युवा भएकोले सर्वप्रथम युवा-वर्गलाई नै सामाजिक, धार्मिक, आर्थिक, वैज्ञानिक, ऐतिहासिक र राष्ट्रिय कार्यमा अग्रसर गर्नुपरेको छ। अन्त्यमा विश्वको एक मात्र हिन्दू राष्ट्रका युवावर्गलाई आशीर्वादसहित सुझाव छ। सुनौला भविष्य-लाई निर्माण गर्दै राष्ट्रिय परिप्रेक्ष्यलाई गम्भीर रूपमा अवलोकन गर्ने हुन आवश्यक छ। जोशले कार्य गर्नु पर्छ। होश नभएको जोश काम लाग्दैन साथै जोश नभएको होश पनि काम लाग्दैन। त्यसैले राष्ट्रका कर्मठ युवकहरूले जोश र होशलाई वरावर रूपमा प्रयोग गर्दै अल्छीलाई परित्याग गरी संगठित भएर राष्ट्रमा अघि बढ्ने र राष्ट्रलाई अगाडि बढाएर सुनौला भविष्यको रूपदिने हुनुपर्दछ।

–प्रस्तुतिः रोदन

卐

सत्य भन्दा ठूलो धर्म छैन। सत्य नै परम् परमात्मा हो।

–गोस्वामी तुलसीदास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शक्ति समाराधनको सन्दर्भ र विजया दशमीको संकेत

–चेतोनाथ शर्मा आचार्य

विजया दशमी शक्ति समाराधनको उपसंहारको दिन हो । त्यसैले यस दिन अपराजिता र शमीपूजापूर्वक शक्तिपूजाको विसर्जन गरिन्छ । दशैं शब्द भाषा विज्ञानको दृष्टिले विचार गर्दा दशमीकै तद्भव हुनुपर्छ । विजया दशमी भनौं या दशैंसित वैदिक धर्मावलम्वी हिन्दू समाज निकटरूपले परिचित छ । यस परिचयमा धार्मिक भाव, सांस्कृतिक अनुराग, सामाजिक सम्वन्ध, ऐतिहासिक गौरव र स्वास्थ्य संरक्षण जस्ता कुरासमेत स्वाभाविक रूपमा समेटिएको पाइन्छ । किनभने यो एकपक्षीय नभएर वहुपक्षीय चाड हो, शक्त्युपासकको लागि प्रमुख पर्व हो ।

दीर्घकालिक रूपमा आफ्नो अस्तित्व जोगाएर रहेको जुनसुकै समाजमा धर्म, संस्कृति र रिवाजको रूपमा प्रसिद्धि राख्ने पर्व, महिना वा दिन विशेष हुन्छन्, यो नौलो कुरा होइन । तर हिन्दू समाजमा यस्ता पर्वको संख्या र स्वरूप अपेक्षाकृत बढी पाइन्छन् र यिनमा प्रकाश पार्ने ग्रन्थको नाम पनि त्यति नै धेरै छन् । यसको अर्को एउटा विशेषता के छ भने यहाँ वहार या मनोरञ्जन गरिन्छ भने त्यसमा गएर धेरथोर धार्मिकभाव जोडिएको हुन्छ, हुनुपर्छ ।

यो सामान्य भूमिकापछि विजया दशमीकै प्रस्तुत प्रसङ्गतिर लागौं । जुनसुकै चाड-पर्ववाट विचार गर्दा त्यसका पूर्वापर प्रसङ्गतिर ध्यान दिनु स्वाभाविक ठहरिन्छ । विजयावारे विचार गर्दा पनि यसो हुनु उपयुक्त मानिन्छ । घटस्थापनदेखि महानवमीसम्मका नौ दिनसम्म शैल पुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा आदि नामले प्रसिद्धि राख्ने नौ देवीको आवाहन पुजन पछिनै विजया दशमीको पालो आउने हो । त्यसो हुँदा नौ दिनको जो भूमिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ दशौं दिन त्यसैको परिपाक हो । भनौं कुनै विद्यार्थीले नौ वर्षसम्म राम्रो अध्ययन गरेको छ भने दशौं वर्षको परीक्षा उत्तीर्ण गरी विजय हासील गर्ने वर्ष हुन्छ । विजया दशमीसित जुन ऐतिहासिक प्रसङ्ग जोडिएको छ यसको लक्ष्य भनौं या उद्देश्य पनि त्यस्तै देखिन्छ । जस्तो कि श्रीरामले रावणमाथि विजय प्राप्त गरेको अथवा विजयको लागि अभियान गरेको दिनको रूपमा यसको प्रसिद्धि छ । तर निर्णय सिन्धुकारले अभियानकै दिन भनेर तोकेको हुनाले विजय प्राप्त गरेको दिनको रूपमा शंका गर्नुपर्दैन । त्यसो हुँदा अहिले पनि कुनै शुभदायक काम यसै दिनदेखि आरम्भ गर्नु उत्तम मानिन्छ । जसको लागि फेरि हेराउनु केराउनु जरूरत पर्दैन ।

हाम्रो यहाँ दुर्गा पूजा हुने दशैंको चाड सबभन्दा बढी महत्वको मानिन्छ । नेपालीको घर आँगनसित दशैंको सम्बन्ध बडो घनिष्ट रूपमा गाँसिएको छ । किनभने यसले मीठो खाने राम्रो लाउनेदेखिन लिएर मनोरञ्जन, मेल-मिलाप, ढोग-भेट, पूजा उपासनाजस्ता सम्पूर्ण क्षेत्रलाई छोएको र आलोकित पारेको हुन्छ । उमेर पुगेका प्रौढ र टार्न पुऱ्याउन पर्ने घरमूलीलाई भन्दा बालबालिका एवं किशोर किशोरीलाई दशैंको चाड अझ बढी मनोरञ्जक हुन्छ ।

हुन त देख्ने-सुन्ने, लाउने-खाने र मनोरञ्जन गर्ने जस्ता कुरा त हुने र सक्नेले जहिले र जहाँसुकै गरेको, गर्दै रहेको र गर्दैजाने कुरा हो । त्यसो हुँदा यसमाथि यसबारे जो सामान्य चर्चा भयो त्यो हो प्रासङ्गिक उल्लेख । किनभने त्यस्ता कुरा पनि दशैंका अङ्ग बनेका छन् । त्यो हुँदा यतिखेर जो सामान्यमा प्रचलित त्यस्ता कुरा गर्न, पुऱ्याउन भ्याउँदैन उसलाई आत्मग्लानिले छुन्छ, लघुताभास हुन्छ ।

उक्त रूपको व्यवहारिक पक्षलाई व्यक्ति विशेषको आर्थिक अवस्थामा आधारित हुने र रहने संझी दशैंको अन्तरङ्ग पक्ष शक्त्युपासनाबारे केही प्रकाश पार्ने प्रयास गरिन्छ ।

शक्ति के हो ? र यसको उपासना किन जरूरत छ ? यही नै यतिखेरको प्रमुख प्रश्न हो, जिज्ञासा हो । जस्को उत्तर बुझ्न केही होशियारी चाहिन्छ भने केही समझदारी पनि । सीमित शब्दद्वारा छोटकरीमा के भन्नु उपयुक्त पर्दछ भने शक्ति भन्ने कुरा नाङ्गो आँखाले देखिने ठोस र छालाले छोइने तरल जस्तो नभएर विवेकपूर्वक बुद्धि लगाएर अनुभव गर्नुपर्ने कुरा हो । जसको परिचयको लागि दार्शनिक ग्रन्थ एवं पौराणिक साहित्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशदवर्णन भएको छ। जुन वर्णनअनुसार यसको स्वरूप भर्नौं या अस्तित्व अलिकति विवेक र थोरै मात्र पनि विचार गरेमा सर्वत्र अनुभव गर्न सकिन्छ। भनिएको छ— शक्तय: सर्वभावना मचिन्त्य ज्ञान गोचरा:

यतोऽतो ब्रह्मण स्तास्तु सर्गाधा भाव शक्तय ।।

(विष्णुपुराण)

अर्थात् शक्ति भन्ने कुरा सम्पूर्ण भाव पदार्थमा विद्यमान छ, तर अचिन्त्य याने अप्रत्यक्ष रूपमा त्यसैले यो ज्ञान गम्य (वोध्य) छ। ब्रह्माद्वारा सृष्ट वस्तुभाव रूपमा अनुभव गराउनमा शक्तिकै प्रमुख हात छ। विना शक्ति जस्तो अहिले अनुभव भइरहेछ त्यस्तो हुने थिएन। मार्कण्डेयपुराण अन्तर्गतको सप्तशतीमा सत् याने छ भन्ने रूपमा र असत् याने छैन भन्ने रूपमा भासित गराउने काम शक्तिकै हो। त्यस्ती शक्तिरूपिणी हे देवी तिम्रो स्तुति गर्न म के सक्छु र भनिएको छ। यो कथन पनि विष्णुपुराणकै कथनसित समता राख्दछ। जस्लाई उदाहरणको रूपमा हेर्न खोज्दा धरतीमा प्राणी मात्रको लागि आवश्यक पर्ने अन्नादि उत्पादन गर्ने शक्ति छ। त्यसैले एकदाना रोप्दा सयौं सयौं दाना भएर फल्छ। धरतीमा यस किसिमको उत्पादकशक्ति नभए प्राणीको अस्तित्व रहने थिएन। त्यसै भएर वेद्को पृथ्वी सुक्तमा पृथ्वीको वहुविध गुणको चर्चा गरिएको छ। (माता भुमि :पुत्रोऽहं पृथिव्या:) याने भूमिआमा हुन् र म उनको पुत्र हुँ भन्ने कथन पनि त्यसैमध्येको हो भूमिमा उत्पादकत्व शक्तिलुप्त हुँदा के कस्तो संकट पर्दोरहेछ भन्ने कुराको उदाहरण महाभारत र पुराणादिमा वर्णित महाराज पृथु र पृथ्वीको दोहन सम्बन्धी कथानकवाट वुझ्न सकिन्छ।

पृथ्वीमा जस्तै जलमा पनि आफ्नो रूपको शक्ति छ, जस्ले गर्दा त्यो सिंचाइमा सहयोगी भैकन तीर्खा मेट्ने क्षमता राख्दछ। जलमा विद्यमान सरसता विना भूमिमा उर्वरता शक्ति आउँदैन र प्राणीको तीर्खा मेटिंदैन। यसै गरी पञ्चमहाभूतको तेस्रो रूप जो तेज छ त्यसमा विद्यमान शक्तिलाई हामी घाम, आगो र विद्युत रूपमा प्रयोग गर्छौं। कारण तेजमा विद्यमान जो उष्णता याने तातोपन छ त्यहीनै यसको शक्ति हो। रूपरहित भैकन सर्वत्र वहने र प्राण संचारमा सहयोगी हुने वायवीय शक्तिको स्वभाव हो भने शब्द गुणको आश्रय भैकन सवलाई अवकाश दिनु आकाशीय शक्तिको स्वभाव। सामान्य रूपमा हेर्दा जडरूपले अनुभव हुने माथि वर्णित पृथ्वी आदिमा आ-आफ्नो रूपको शक्ति या सामर्थ्य रहने भएकोले हिन्दू धर्म संस्कृतिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यिनीहरूको पनि पूजा आराधना गर्ने विधान छ। यताउता शक्ति प्रत्यक्ष रूपले देख्ने र छुने गुन नभएर अनुभव गरिने या अडकलिने गुण हो। सामान्यतः शक्तिको स्वरूप भनौं या स्वभाव त्यस्तो हो तापनि माग हुँदा, इच्छा राखिँदा, आवश्यक पर्दा दृष्ट रूपमा पनि यो आविर्भूत हुन्छ। त्यसरी आविर्भूत हुने स्वरूपलाई नै देवी या भगवती भनिन्छ। काम र ठामअनुसार अनेक नाम र बहुविध रूप हुने भगवतीका महाकाली, महालक्ष्मी र महासरस्वती यो तीन प्रमुख रूप भनिन्छन्।

मार्कण्डेय पुराण अन्तर्गतको सप्तशतीमा प्रमुख रूपले यिनै तीन देवीको चरित्र वर्णन भएको छ। यिनमा शत्रुमर्दनको लागि विशेषता राख्ने महाकालीको चरित्र छोटो रूपमा एक अठद्वारा वर्णन भएको छ भने ऐश्वर्यकी अधिष्ठात्री महालक्ष्मीको तीन अठद्वारा ज्ञान, विद्या र समझदारीकी अधिष्ठात्री महासरस्वतीको चरित्र सबभन्दा धेरै नौ अठले वर्णन गरेको छ। यसले के कुरा पनि संकेत गरेको पाइन्छ भने हाम्रो लागि शारीरिक बलको मात्रा एक अंशको भए श्रीऐश्वर्यको मात्रा तीन अंश बढी चाहिन्छ। त्यस भन्दा पनि पर ज्ञान, बुद्धि र समझदारीको मात्रा त अझ बढी नौ अंशको चाहिन्छ। कारण के हो भने मुढेबलकोभन्दा श्रीऐश्वर्यको प्रभाव गहिरो र दीर्घकालीक हुन्छ भने यसकोभन्दा पनि बढी बौद्धिक सामर्थ्य त बुद्धिमानकै हुन्छ। त्यसैले 'बुद्धिर्यस्य बलं तस्य' भनेर यसको प्रशंसा गरिएको छ। सरस्वती चरित्र लामो हुनमा यही कारण हुनुपर्छ। नवरात्रमा उपासना गरिने शैलपुत्री, ब्रह्मचारिणी आदि नाम सम्बन्ध विशेषले अलग रूपमा प्रसिद्ध भएका पाइन्छन्।

यस लेखको खास लक्ष्य भनौं या उद्देश्य विजया दशमीबारे प्रकाश पार्नु हो। तर त्यसको भूमिका भनौं या पूर्व पिठीकाबारे केही संकेत नगरी विजया बारे मात्र भन्दा जग बिनाको महल जस्तो लाग्ने भएकोले त्यसको पनि सामान्य निर्देशन गरिएको हो।

नवरात्रमा देवी पुजन भनौं या शक्तिको आराधना पछाडि ऐतिहासिक धार्मिक र सांस्कृतिक रूपको लामो पृष्टभूमि छ। यद्यपि शक्ति भनौं या सामर्थ्य भन्ने कुरा व्यक्तिको लागि जहिलेसुकै चाहिने आवश्यक पर्ने कुरा हो, तर पनि दैवी पीडाको शमन, मानसी व्यथाको प्रशमन र भूत बाधा निवारण जस्ता काम कुराको लागि यसको अत्यधिक जरूरत पर्दछ। त्यसैले वनमा गएको बेला रावणले छल गरी सीताको अपहरण गर्दा नारदको उपदेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार श्री रामले बाह्र वर्षको वनवास पूरा गरी गुप्तवास जानु अघि, युधिष्ठिरले स्यमन्तक मणिको खोजीमा गएकोवेला, हराएका कृष्णको शीघ्र सकुशल आगमनको आकाङ्क्षाराखी वसुदेवले भगवतीको उपासना आराधना गरेको उल्लेख पाइन्छ। स्वयं भगवतीको मुखारविन्दबाट चरित्र मात्रको स्मरण गरेपनि व्यक्ति संकटबाट मुक्त बन्ने कुरा– स्मरन् ममैतच्चरितँनरो मुच्येत संकटात्, भनेर व्यक्त भएको छ ।

स्थूल रूपमा देखिने भनौं या अनुभव हुने विश्व ब्रह्माण्डका मूल तत्व के हुन् ? भन्ने प्रश्नको ग्रन्थ वा दर्शनैपिच्छे अलग उत्तर होलान् । तिनैमध्ये नाम अलग भए पनि तात्त्विक रूपमा समता राख्ने विष्णुपुराणको कथन यस्तो छ– देवतिर्यङ मनुश्यादौ पुन्नामा भगवान् हरिः । स्त्री नाम्नी श्रीश्चविज्ञेयानानयोर्विद्यतेपरम् ।।

याने देवयोनि, तिर्यग्योनि र मनुष्य योनिमा विद्यमान जुन पुंस्तत्त्व छ त्यसको मूल हो हरि याने विष्णु । त्यसैगरी तीनै योनिमा विद्यमान जो स्त्रीतत्व छ त्यसको पनि मूल तत्त्व हो श्री याने लक्ष्मी । यिनै श्रीलाई अद्वैत वेदान्तमा माया भनिएको छ भने सांख्य र योगमा प्रकृति । शक्तिपुराण एवं शक्तितन्त्रमा योगमाया, प्रकृति र महाविद्याको रूपमा पनि यिनको उल्लेख भएको छ।

यसरी ग्रन्थभेद र विद्या विभाग अनुसार अनेक नामले प्रसिद्ध शक्ति रूपिणी देवीको समाराधनमा प्रसिद्धि राख्ने नवरात्रको अन्तिम विजया दशमीमा अपराजिता र शमीपूजा पूर्वक उनको विसर्जन हुन्छ । पराजित शब्दले पराजय असफलता याने हार अर्थ व्यक्त गर्दछ भने अपराजितले विजय या सफलता । त्यसो हुँदा जो विधिपूर्वक शक्तिको समाराधन गर्छ उसले जीवनका हरेक क्षेत्रमा सफलता हासिल गर्नु स्वाभाविक ठहरिन्छ । अपराजिता पूजाले यही कुरा दर्शाएको पाइन्छ ।

यतिखेर गरिने पूजाको पनि आफ्नो रूपको महत्व छ । भित्री भागमा अग्नि रहने भनेर प्रसिद्धि राख्ने शमीमा–शमी शमयेत पापं जस्ता कथनले पाप नाश गर्ने क्षमता समेत भएको मानिन्छ ।

शक्ति समाराधनको प्रसङ्गमा सम्झनुपर्ने अर्को कुरा के छ भने यसको मूल स्रोत हो आमा । त्यसो हुँदा परिस्कृत आत्मभाव जाग्रत पार्नु हो शक्ति समाराधनको प्रमुख लक्ष्य। त्यसरी सुसंस्कृतभाव जाग्रत भएमानै व्यक्ति आफ्नो, आफन्तको र समष्टिको भलाईमा समर्पित बन्न सक्छ । रामले शक्तिको समाराधनबाट लोकण्टक रावणमाथि विजय प्राप्त गरेको कुरा प्रसिद्ध छ । तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अहिलेका रावण सानो लङ्कामा मात्र सीमित नरही घरघर व्याप्त पाइन सक्छन्, आफ्नै मनमा समेत त्यो लुकेर रहेको हुन सक्छ।

त्यसैले अहिलेको समाजमा लोकलाई सताउने रावण, कुम्भकर्ण, अभिमानको मूर्तरूप–महिषासुर, बाहिर मीठो बोलेर भित्रबाट कैंची मार्ने सुग्रीव हुनु र गर्नुपर्ने काम कुराको विपरित्त भ्रष्ट मार्गतिर आकान्त पार्ने धुम्रलोचन, अहन्ता र ममताका मूर्तिमान शुम्भ निशुम्भ अनि जति भए र जति बटुले पनि भयो र पुग्यो भन्ने नठानी नदीका तरङ्ग समान तृष्णा रूपले उब्जिरहने रक्तवीज नभएको र नसुनिएकोले शक्त्यु पासनाको जरूरत छैन कि भन्ने नठाने हुन्छ। यस्ता कुराको उदाहरण खोज्न कतै जानुपर्दैन। किनकि अहिलेको विकसित संचारले प्रचार-प्रचारका माध्यमद्वारा ऐतिहासिक एवं पौराणिक रूपमा वर्णित जुन आसुरी स्वभावका व्यक्तिको चरित्र वर्णन हो त्यसलाई पनि माथ गर्ने आजभोलिको समाजमा प्रचलित एवं घटित लूट, हत्या, बलात्कार, शोषण, दुर्व्यसन जस्तो कुरा समाचार भनौ या जानकारी रूपबाट देख्न र सुन्नमा आइरहेका छन्। त्यसो हुँदा अहिलेको समाजमा दैवी स्वभावको अपेक्षा दानवी स्वभावको प्रभाव बढ्दै गएको देखिन्छ। वस्तुतः दुर्भावना भनौ या दुर्व्यवहार जस्ता कुरा राख्छ र त्यसैले गर्छ, जस्को मन अपरिष्कृत छ आत्मा कमजोर छ। त्यसैले शक्ति समाराधनको परिणति रूप विजयादशमीबाट हामीले सिक्नुपर्ने कुरा के छ भने हामी आफू स्वयंमा त्यस्ता कमजोरी छन् भने त्यसबाट मुक्त बन्न सकौं, विजय गर्नसक्ने होऔं।

संझनु र बुझ्नु पर्ने कुरा के छ भने सुकृति या सुकर्म र सुखको अनि दुष्कृति या दुष्कर्म र दुःखकोबीच कारण कार्य भाव सम्बन्ध छ। त्यसो हुँदा परिणाममा गएर सुख एवं सुगतिको चाहना राख्ने हो भने बेलैदेखि सत्कर्मको अनुकरण एवं अनुसरण गर्नु आवश्यक छ। विजया दशमी त्यसैको संकेतक हो। यसलाई हामीले बुझ्न र तद्नुसार लिन सक्नुपर्छ।

अन्त्यमा निम्न आशीर्वादात्मक श्लोककासाथ लेख समाप्त हुन्छ।

लक्ष्मीस्ते पङ्कजाक्षी निवसतु भवने भारतीकण्ड देशे
वर्धन्तां वन्धु वर्गा सकल रिपुगणा यान्तुपातालभूले।
देशेदेशे च कीर्तिः प्रसरतु भवतां कुन्दपुष्पेन्दु शुभ्रा
त्वंजीव वन्धु वर्गः सकलशुभ युतोहायनानांशतानि ॥

अस्तु दुर्गार्यणम्।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्र–जीवनका सञ्चालक: धर्म र संस्कृति

–डा. तुलसी भट्टराई

कुनै पनि राष्ट्रको प्राण-प्रतिष्ठा 'धर्म र संस्कृति' यी दुई तत्व हुने गर्छन्। धर्म र संस्कृति छुट्टा-छुट्टै विषय र पृथक् प्रकृतिका तत्व हुन्। दुवैको आ-आफ्नो स्थान छ, महत्व छ। यी दुवै मानव सभ्यतासंगै, मानव इतिहासको प्रादुर्भावसँगसंगै जन्मिएका हुन्। सभ्यता मानव इतिहासको वाह्य संरचना-स्थूल रूप हो भने-धर्म र संस्कृति अन्तर संरचना-सूक्ष्मरूप हुन्। राष्ट्रको आन्तरिक स्वरूपको अर्को नाम संस्कृति र धर्म। ई. पू. छ हजार वर्षदेखि मिश्र सभ्यता र त्यसपछिका यूनानी, रोमी आदि युरोपीय सभ्यता अथवा यो भन्दा धेरैअघिको मानिने भारतीय-पूर्वीय सभ्यता - यी दुवै विकासक्रममा - धर्म र संस्कृतिको विशिष्ट स्थान छ - नछुट्टिने गरी जोडिएको छ।

'देश, माटो मात्र होइन, त्यहाँका वासिन्दाको सामूहिक भावनाको समष्टिरूप हो।' यथार्थमा कुनै पनि देशको अतीत बुझ्न त्यहाँको धर्म र संस्कृतिलाई सबैभन्दा पहिले केलाउनुपर्छ। धर्म - संस्कृतिभित्र तीनकाल - भूत, वर्तमान, भविष्य अन्तर्भुक्त रहन्छन्। राष्ट्रको त्रिकालक दर्पण हुन् यी। प्रत्येक राष्ट्रको उत्थान-पतनकोक्रममा धर्म-संस्कृतिको प्रमुख हात रहेको पाइन्छ इतिहास पल्टाउँदा। कुनै पनि राष्ट्रलाई/समाजलाई विथोल्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिगार्नु छ भने सबैभन्दा पहिले त्यहाँको धर्म र संस्कृतिमाथि प्रहार गरेको इतिहास हाम्रासामु छ ।

– धर्म-संस्कृतिबाट विमुख गराएपछि त्यो राष्ट्र स्वतः अधीनमा आउँछ । त्यसैकारण राष्ट्रको मुटुका रूपमा धर्म र संस्कृतिलाई लिइन्छ । मुटु कमजोर भएपछि सम्पूर्ण शरीरकै संरचना ढलपल हुन्छ । संस्कृति नासिंदा राष्ट्र कै पतन हुन्छ । प्रत्येक राष्ट्रका निम्ति आफ्नै संस्कृति, आफ्नै मर्यादित धर्म संरचित हुनु आवश्यक छ ।

☐ संस्कृतिः राम्रो व्यवहार, असल कार्य, संस्कारपूर्ण परिष्कृत कार्यको समष्टिपक्ष - संस्कृति । राष्ट्रको आन्तरिक संरचना, अन्तः स्थितिको परिचायक हो संस्कृति । संस्कृतिभित्र - सामाजिक मूल्य, मान्यता, परंपरा, विश्वास, आदर्श, मर्यादा, आस्था, श्रद्धा, सम्मान आदि समस्त व्यवहारहरू - संस्कृतिका अंग हुन् ।

संस्कृति, भौतिक-बाह्य पथ होइन । यसैले यो कुनै आवश्यक नियम – कानूनको सीमाभित्र बन्द हुने चीज पनि होइन । मान्छेले सामाजिक जीवनमा जुनजुन विषयहरू आवश्यकता ठानेर रचना गऱ्यो, प्रयोग गर्न थाल्यो, आफ्ना दैनिक व्यवहारमा समावेश गर्दै ल्यायो, तिनै विषयहरू क्रमशः संस्कृतिका अंग बन्दै गएर कालान्तरमा सामाजिक मान्यता र आदर्शका मूल धारसमेत बन्न पुगे । संस्कृति-यसर्थ बाह्यस्वरूप होइन, यो अदृश्य-अमूर्त र व्यापक तत्व हो ।

– सामाजिक रीतिस्थिति, व्यवहार, परंपरा, भाषा, साहित्य, कला, धार्मिक मान्यता एवं प्रचलनहरू अथवा भनौं मानव जीवन पद्धतिसँग सम्बद्ध समग्रपक्षलाई संस्कृतिले ढाकेको हुन्छ । विश्वका जुनसुकै राष्ट्रको साँस्कृतिक पक्ष प्रायः यस्तै नै हुने गर्छ । त्यसमा पनि हाम्रो जनजीवन छुट्टै विशेषताले भरिएको छ । हाम्रा सम्पूर्ण चाड, पर्व, नाच-गान्, उत्सव, मेला, परम्परागत-रीतिरिवाज-संस्कृति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

का अंग हुन् ।... र यस्ता विविध साँस्कृतिक पक्षको कुनै न कुनै रूपमा धर्मसंग अन्योन्याश्रित सम्बन्ध रहेकै हुन्छ । हाम्रो संस्कृतिको धर्मसंग गहिरो सम्बन्ध छ यस अर्थमा ।

□ धर्म !, धारणगर्नु, ग्रहणगर्नु कुनै विशिष्ट व्यक्ति,महापुरुष, पूजनीय व्यक्तित्व, आदर्श ग्रन्थ आदिका माध्यमबाट पालना गरिने कर्तव्य व्यवहारको नाम – धर्म । जुन काम गर्नाले अरूको भलाई हुन्छ, पीर पर्दैन, आत्मतृप्ति मिल्छ, सर्वजनहितकारी काम हुन्छ त्यसको अन्तर्स्वरूप धर्म हो । न्याय, कर्तव्य, विवेक, सदाचार नैतिकता एवं इमान्दारीपूर्वक गरिने काम र यसबाट उत्पन्न भावको नाम धर्म । कसैलाई नबिझाउने भलो हुने काम गर्नु धर्म। शास्त्रीयसार – 'परोपकार' धर्म हो । धर्म - मानव निर्मित होइन, वस्तुत मानव स्वीकृत र गृहीत विषय हो । आफ्नै भलाइका लागि आत्मविकासका निम्ति गृहीत र स्वीकृत विषय हो धर्म-धर्म अनादिकालदेखि सनातन रूपमा अनवरत चल्दै आएको छ, कोशी प्रवाह हो धर्म । अनन्त र निरन्तर प्रवाहमान-नित्य नवीनतावाहक ।

हाम्रो धर्मका मूलस्रोत 'वेद्' र पछिका श्रुति - स्मृति - पुराण आदि मानिएका छन् । पूर्वीय धर्मदर्शन आर्षमत-ऋषिमुनिका मत-विचारहरू - मन्थन, चिन्तनलाई परिमार्जित र समयानुकूल सुधार गर्दै परंपरादेखि चलाउँदै ल्याइयो । त्यसैकारण भारत–नेपाल र वरपर प्रचलित धर्मलाई–वैदिक परंपरालाई–सनातनधर्म मानिन्छ। सनातन अविनाशी र अनादि धर्म हो । यसै सनातन धर्मबाट क्रमशः जैन, बौद्ध, शिख, वैष्णव-शाक्त–शैव आदि विकसित हुँदै आएका हुन् । यी धर्मभन्दा बढी सम्प्रदाय हुन् । सम्प्रदाय र धर्ममा फरक छ । सनातनता 'धर्म' हो । र यस्ता विभाजन–सम्प्रदाय ।

– 'धर्म' कुनै सम्प्रदाय, दीक्षा वा मठ-मन्दिरको घेरामा मात्र रहने विषय होइन । न त धर्मको कुनै निश्चित मापदण्ड नै हुन्छ । सनातन र सार्वजनीन–शाश्वत् धर्मका लक्षण–यसरी देखाइएको छ । धर्म लक्षणबारे आर्षवाणी मुखरित भएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

– धृति-धैर्य–धर्मको भूमिका र मनुष्य संस्कृतिको मर्यादा पनि । यसले मनुष्यलाई आत्मसंयमित पार्दछ । क्षमा: सहिष्णुताको परिचायक र धैर्यको अभिव्यक्ति साधन । दम: इन्द्रिय रोक्ने आधार, शान्तिको प्रतीक । अचौर्य: चोरी नगर्नु अर्थात् समृद्धि–वैभव-ऐश्वर्यप्रति नलोभिनु । इच्छा: – आकांक्षाको दास नहुनु । शौच: पवित्रता–विशुद्ध–भावना । इन्द्रियनिग्रह:–इन्द्रियहरूको नियन्त्रणा, मन–वचन–कर्मप्रति संयमता । यो मानव दैनिक व्यवहारको मुख्य आधार हो । धर्मको प्रमुख साधन । धी: कर्तव्य–अकर्तव्य विवेक । आवेग र दुर्भावना नियन्त्रणको माध्यम । सत्य: समग्र व्यवहारको सारतत्व । मन- वचन र व्यवहारको सरलता नै सत्य । यो नै धर्मको मुटु हो । विद्या: सत्यप्राप्तिको साधन–ज्ञान । अक्रोध: नरिसाउने स्वभाव, उदार चरित्र र क्षमाको अर्को रूप हो ।

– यस दशवटा तत्वमा केन्द्रित पारेर धर्मका सम्पूर्ण मापदण्ड र आधार समेटिएका छन् । समग्र व्यवहार पक्ष समाहित भएका छन् । यी तत्वहरू धर्मका मात्र लक्षण नभएर संस्कृतिका वाहक- पनि हुन् । संस्कृति पनि यिनै तत्व परिवेशमा अडेको हुन्छ ।

– धर्म: मानव-स्वरूपको प्रतिष्ठा हो । पशुबाट फरक पार्ने मुख्य भेदक तत्व हो धर्म । मानवीयता संस्कृतिको मापदण्ड हो र यही धर्मको मूलस्वरूप पनि । धर्म र मोक्षको समन्वयबाट एउटा कल्याणभाव जन्मिन्छ । कल्याणतत्वमा धर्म र संस्कृतिको समन्वय हुन्छ ।

☐ यहाँ धर्मको व्याख्या – विवेचना गर्न खोजिएको होइन र संस्कृतिको लेखाजोखा गर्ने उद्देश्य पनि छैन । संक्षेपमा हाम्रो समाजमा।नेपाली जनजीवनमा धर्म र संस्कृति कसरी अन्योन्याश्रित भएर रहेका छन्; एकअर्कामा कस्तो समन्वयभाव छ - त्यो देखाउने चाहना हो ।

मूलत: हाम्रो जनजीवन-नेपाली समाज-चारवर्ण-छत्तीस जात-,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को साझा फूलवारी–सार्थक छ। विभिन्न–धर्म, परम्परा, सम्प्रदाय, भाषिक विविधता, साँस्कृतिक पार्थक्य, सामाजिक मूल्य र धारणागत पृथकता भएर पनि–'अनेकतामा एकता' सार्थक छ।

– हाम्रो संस्कृतिको आफ्नै विशेषता छ। धार्मिक सहिष्णुता, हजारौं वर्षदेखि लिइआएका मान्यता र आस्थाहरू, धर्मप्रधान भावना, सनातन प्रवृत्ति, सहनशीलता, साम्प्रदायिकताको अभाव, स्वच्छ-शुद्ध, प्रकृति, सुधारात्मक समयानुकूल परिवर्तन–मूख्य तथ्य हो। विभिन्न वोलीचाली, वेशभूषा र रीतिरिवाजमा समष्टि धारणा नै नेपाली संस्कृतिको उर्वर र उज्वल पक्ष।

– राष्ट्रको – समाजको स्थायित्व, शान्ति र सद्भावको आधार हो आफ्नो साँस्कृतिक–धार्मिक मूल्य–मान्यताको–संरक्षण संवर्धन, धार्मिक र साँस्कृतिक झै–झगडाले कैयौं राष्ट्रको इतिहास नै लोप भएको तथ्य सामु छ। नेपाल र नेपाली यस अर्थमा गौरवशाली छन्–यहाँ कहिल्यै साँस्कृतिक–धार्मिक झै–झगडा भएन, विद्वेष भएन। असहिष्णुता र ईर्ष्यागत भावना उठ्न पाएन। जसको परिणाम नेपाल सधैं नेपाल नै रहिरह्यो। प्राकृतिक जलसम्पदाको धनी नेपाल साँस्कृतिक–धार्मिक दृष्टिले पनि सम्पन्न छ। साथै साँस्कृतिक एकता एवं धार्मिक सहिष्णुताको पनि धनी छ। यही नै नेपालको आत्मा हो, विकास र उन्नति हो।

☐ हाम्रो समाज धर्म र संस्कृति एकीकृत–समन्वयभावका आधारमा चलेको छ। धर्मका आधारमा कतिपय साँस्कृतिक मूल्य-मान्यता तयार भएका छन् भने कतिपय साँस्कृतिक परम्पराले धार्मिक मान्यता र विश्वास स्थापित गर्न सघाउ पुऱ्याएको छ।

– एउटै आधार केन्द्रमा धर्म र संस्कृति दुवै अडिएका छन्। जुन विषय साँस्कृतिक मानिन्छ, त्यसको आधारविन्दु धार्मिक रहेको पाइन्छ। हाम्रो समाजका प्रत्येक चाडपर्व एकातिर साँस्कृतिक परि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ायक हुने गर्छन् र अर्कातिर धार्मिक मूल्य-मान्यता पनि अँगालेका न्छन् ।

– धार्मिक सन्वय एवं साँस्कृति पारस्परिक पूरक सम्बन्धले गर्दा ाँ जाति र वर्गमा एकीकृत भाव फैलिएको छ। यहाँ धर्मभित्र कृतिको संमिश्रण भएको छ। संस्कृतिले धर्मलाई बोकेको छ। ाली जनजीवन शान्ति, सहिष्णुता, समन्वय र अहिंसा चाहन्छ।

· धर्मले यही पाठ पढाउँछ र संस्कृतिले त्यसलाई अझ प्रष्ट ँछ। धर्म संस्कृतिको वाहक भएको छ भने संस्कृतिले धर्मको ्चय दिएको छ। नेपाली समाज धर्म र संस्कृतिलाई छुट्याएर चाहँदैन। भनौं दुवै परस्पर अभिन्न छन्। विश्वका कतिपय कमा-समाजमा छुट्याउन खोज्दा निकै अप्ठ्यारो स्थिति सिर्जन ो देखिन्छ। हामीकहाँ छुट्याएर हेर्ने कल्पनासम्म गर्न सकिन्न। ी नेपाली समाजमा धर्म र संस्कृति–प्रसिद्ध अर्द्धनारीश्वर ा जस्तै। प्रकृति–पुरुष सरह अभिन्न छन्। दुवै अन्योन्याश्रित । अभेद्य र अखण्डनीय रूपमा रहेका छन्। धर्म र संस्कृतिको न्वत समष्टिस्वरूप हो नेपाल र नेपाली समाज ।

卐 · 卐

ात्यका तीन भाग हुन्छन्, प्रथम, जिज्ञासा– जुन कि उसको आराधना ीय ज्ञान–जुन कि उसको उपस्थिति हो र तृतीय, विश्वास– जुन कि उपभोग हो ।

–ब्रेक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लागू पदार्थः योग

–नरेन्द्रनाथ भट्टराई

लागू पदार्थ ?

संक्षेपमा यौगिक परिभाषा अनुसार, "अज्ञानवस इन्द्रिय, मन र बुद्धिद्वारा सेवन गरिने ती सबै कुरा लागू पदार्थ हुन् जसबाट नशा तथा मद चढ्दछ, जसले आदतको रूप लिन्छ तथा जसको सेवन पश्चात् मानिस मूर्छित हुन्छ, वेहोश हुन्छ तथा क्षणिक सुख शान्तिको भाष हुन्छ तर परिणाममा झन्-झन् गलित, पीडित, चिन्तित र अतृप्त हुन थाल्दछ तथा आफू, परिवार, समाज र राष्ट्रलाई अधोगतितिर लैजान्छ।"

योग भनेको के हो ?

महर्षी पातञ्जलिका अनुसार "योग: चित्त वृत्ति निरोध" अर्थात् सदासर्वदा चंचल र अशान्त भैरहने चित्तका वृत्ति रोकिनुको नाम योग हो। भगवान् श्रीकृष्ण भन्नुहुन्छ, "समत्वंयोगउच्चते" अर्थात् सुख-दुःख, लाभ-हानी आदि द्वन्द्वमा समान रहन सक्ने अवस्थाको नाम नै योग हो। योग शब्दको अर्थ हो जोड। आफूलाई चिनेर आफू नै भएर रहनुको नाम योग हो भने आफूलाई नचिनेर आफूबाट बिछोड हुनुको नाम वियोग हो। वियोगको अर्थ दुःख हो भने योगको अर्थ आनन्द हो। वैज्ञानिक परिभाषा अनुसार स्वस्थ शरीर र मन लिएर बुद्धि विवेकको सही प्रयोग गरेर आनन्दमग्न जीवन यापन गर्ने प्राचीन वैज्ञानिक प्रक्रया नै योग हो। अब यी दुईको सम्बन्धबारे केही चर्चा गरौं- जसको शरीर स्वस्थ हुन्छ उसको मन स्वस्थ हुन्छ, जसको मन स्वस्थ हुन्छ उसको बुद्धि स्वस्थ हुन्छ, जसको बुद्धि स्वस्थ हुन्छ उसैको जीवन सार्थक हुन्छ। जसको शरीर, मन, बुद्धि ठीक हुँदैन उसको हर क्रयाकलाप गलत हुन जान्छ, गलत क्रयाकलापको नतिजा जीवन वर्वाद र निरर्थक हुन जान्छ। यस्तै बुद्धि विवेक भएपछि मानिस लागू पदार्थको आदतमा परेर वर्वाद हुन जान्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तवमा कुनै पनि लागू पदार्थ खराव छैनन् जति हामीले ठानेका छौं। ठीक समय र ठीक मात्रामा यिनको प्रयोग हुने हो भने यिनले वहुतै लाभ गर्दछन् भने आदतको रूपमा सेवन भयो भने सत्यानाश गर्दछन्। जस्तै हामीले घातक लागू पदार्थ भनी मानेका कोकीन, अफिम जस्ता पदार्थहरू औषधिको रूपमा प्रयोग हुँदा मानिस दर्द पीडा जस्ता रोग र शोकवाट मुक्त हुन पाएका छन्। अर्को कुरा, यी गाँजा, चरेस जस्ता लागू पदार्थभन्दा पनि खतरनाक लागू पदार्थ छन् जसतर्फ मानिसको ध्यान पटक्कै गएको छैन। ती पदार्थका नाम हुन्, धन र पद। यी लागू पदार्थको आदतमा परेका मानिस-वाट त सर्वनाश नै हुन्छ। वास्तवमा भन्ने हो भने यो चरेस, कोकीन जस्ता लागू पदार्थ वहुमूल्य हुनु र यिनको सेवन वढ्नुको मुख्य हात पनि यिनै धन र पदरूपी लागू पदार्थका आदत परेर मूर्छित भएका मानिस नै हुन्। यसको मतलव धन र पद कमाउनु नै खराव हो भन्न खोजिएको होइन यिनको आदतमा परेर वेहोश हुनु हुन्न भन्न खोजिएको मात्र हो। जसरी औषधिको रूपमा प्रयोग हुँदा गाँजा चरेस जस्ता पदार्थले मानिसलाई लाभ गर्दछ भने त्यलरी नै धन पद रूपी पदार्थ पनि यदि आत्म सेवा, समाज सेवा तथा राष्ट्र सेवाको उद्देश्यले गरिन्छ भने त्यसैले जगतको कल्याण गर्दछ। तर जसरी आज चरेस, भांग जस्ता पदार्थले आदतको रूप लिन जाँदा मानिसको जीवन नै वर्वादीतिर धकेलिदैछ त्यसरी नै धन-पदरूपी पदार्थले पनि आदतको रूप लिन पुगेकोले विश्वलाई नै वर्वादीतिर लगिरहेको छ। यसको ज्वलन्त उदाहरण हालै कोलम्वियामा भैरहेको संघर्ष तथा अमेरिकामा जंफत भएको सात अरव डलर मूल्यका लागू पदार्थ हुन्। साथै विश्वभर वढ्दै गएको यिनको कारोवार, जफत भएका परिमाण, सेवन गर्नेको संख्यामा वृद्धि पनि हामीवाट छिपेको छैन। खवरमा सुनिए अनुसार अमेरिकामा मात्र ७% मानिस कुनै न कुनै लागू पदार्थको अम्मली वनेका छन् रे। के विकासको परिणाम यही हो त? भौतिक विकासको देन यस्तै हो भने त यो विकास भएन कि यो विनास पो भयो। यस्तो अवस्था लिएर वाँच्नु भन्दा त अज्ञानी वनेर जंगली जीव-जन्तु सरह रहनुमा धेरै सुख र शान्ति मिल्दछ।

मानिसको स्वभाव हो ज्ञान अर्थात् आनन्द, शान्ति। ऊ आनन्द चाहन्छ, हरवखत शान्ति चाहन्छ। के गर्दा आनन्द मिल्ने हो भन्ने कुरा ज्ञान नहुँदा अज्ञानवस यस्ता सर्वनाशक पदार्थको शरणमा पुग्नुपरेको हो तथा तिनवाट पाएको क्षणिक सुख-शान्तिलाई नै सच्चा आनन्द ठानेर यसैलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
लम्बाउने दुस्प्रयासमा लागेर बर्बाद हुन पुगेको हो। जसरी माछाको स्वभाव पानी हो, पानीमै जन्मन्छ, हुर्कन्छ र पानीमै लीन हुन्छ यसैगरी मानिसको स्वभाव, उद्गमस्थल तथा वासस्थान ज्ञान हो, आनन्द हो। पाखोमा परेको माछा जसरी पानी पाउनको लागि छट्पटिन्छ, पानी पाएन भने मर्दछ त्यसरी नै ज्ञानबाट विमुख भएको मानिस संसार रूपी पाखोमा परेर छट्पटिँदै मर्दछ। जसरी पाखोमा परेको माछोले हिलो पाउँदा पानी पाएँकि भन्ने आशाले त्यसमै लुटपुटिन थाल्दछ र केही क्षणमा हिलोमै गाडिएर सुकेर मर्दछ त्यसरी नै अज्ञानमा परेको मानिस लागूपदार्थ रूपी हिलोमा क्षणिक आनन्द लिएर त्यसमै गाडिएर मर्दछ।

कारण:–

यस्तो परिस्थिति हुनाको मूल कारण अर्थात् अज्ञान सृजना हुनुको मूल कारण हो–वियोग। आफूबाट, आफ्नो स्वभावबाट वियोग भएर अन्यत्र लाग्नु नै अशान्तिको मूल कारण हो जसरी:

खेतको चपरीभित्र आरासँग बसिरहेका गँड्यौलामध्ये एकपटक एउटा गँड्यौलाले प्वालबाट बाहिर मुन्टो निकालेर च्याएछ। अलि पर कालो टल्किएको अलकत्राको सडक देखेर विचार गर्न थालेछ, "आहा! क्या राम्रो कालो टल्किएको ठाउँ रहेछ। त्यहाँ जान पाए, त्यहाँ रहन पाए त कति मजा होला"। अरू साथीलाई पनि बोलाएर देखाएछ। सबै जना जाउँ जाउँ भन्न थालेछन्। तब त्यो गँड्यौलाले भनेछ, "म पहिले त्यहाँ गएर आउँछु अनि तिमीहरू पनि जाउला भनेर बल्ल-बल्ल घस्रदैं-घस्रदै अलकत्राको सडकमाथि के पुगेथ्यो घामले तातिराखेको त्यो फलाम जस्तो कडा र तातो स्थानमा छुने बित्तिकै डाहले उफ्रिन थाल्यो, छट्पटिन थाल्यो। पर खेतबाट देख्ने गँड्यौलाले आफू-आफूमा कुरा गर्न थाले "ऊ हेर त्यो आनन्दले नाच्न लागेको होला।" एकैछिनमा त्यो गँड्यौला डाह र पीडाले उफ्रदै केही पर पुग्यो र कक्रिएर मर्‍यो। अरूले सोचे, "अब त्यो आनन्दमग्न भएर सुत्यो होला, हामीलाई किन लिन आउँथ्यो, जाउँ हामी पनि आनन्द लिन" भनी त्यतै लागे। त्यहाँ पुगेपछि सबैको त्यही गति भयो। टाढाबाट देख्ने वरपरका अरू गँड्यौलाले पनि त्यही कुरा सोचेर हूलका हूल बाँधी जान लागे। तब एकजना बूढो गँड्यौलाले भन्यो, "हेर बाबुहो! हामी गँड्यौलाको स्वास्थान यही माटो हो, यसलाई छोडेर अन्यत्र लाग्नु कदापि हितकर हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टल्कने जति सबै सुन हुँदैनन्, उफ्रेको जति सबै नाचेको हुँदैन अनि सुतेको जति सबैको आनन्दमयी अवस्थामा हुँदैन । गँड्यौला भन्नु नै माटो हो, माटोबाटै जन्म, माटोमै जीवन र माटोमै लीन हुने हामीले माटो छोड्नु हुँदैन । ती पर पुगेका गँड्यौला रमाएर नाचेका होइनन्, दुःख र चिन्ताले छट्पटिएका हुन्, आनन्दले पल्टिएका होइनन्, दर्द र पीडाले छट्पटिएर मरेका हुन् ।" बूढाका कुरा पत्याउने २/४ वटा गँड्यौला आफ्नै स्वधिस्थानमा रमाएर बसे अरू अनगिन्ति गँड्यौला त्यतै लागे । तिनीहरूको पनि त्यही गति भयो, छटपटिए, उफ्रिएर मरे । आजसम्म पनि असंख्य गँड्यौला अलकत्राको चमकको पछि लागेर छट्पटिँदैछन्, उफ्रँदैछन्, मर्दैछन् ।

यसैगरी आज मानिस वाहिरी रिमझिमबाट आनन्द लिने दुस्प्रयासमा दौडिरहेका छन्, छट्पटिरहेका छन् र अलकत्रामा परेको गँड्यौला सरह मरिरहेका छन् । वास्तविकता बुझेर स्वस्थानबाट विचलित नहुने मानिस हरतरफबाट सुख र संतोषले मग्न रहेको हुनेछ । लागूपदार्थको चपेटामा नपरेका अरू अज्ञानी मानिसको हालत पनि कम चिन्ताजनक छैन । आनन्द पाउने प्रयासमा लाग्ने यस्ता कैयौं मानिस वाहिरी भूलभूलैयाबाट प्राप्त भएका अतृप्ति र अशान्तिको असह्य वेदनामा जकडिएर दिनहुँ आत्महत्या गरेर मरिरहेका छन् भने अरू कैयौ मानिस जीवनदेखि नै हताश भएर मर्न पाए मात्र आनन्द हुन्थ्यो भन्ने सोची मृत्युलाई पुकारिरहेका हुन्छन् । अर्कोथरि कैयौं मानिस यस्तो अवस्थामा बाँचिरहेका छन् जो यदाकदा एकैछिन विषयवासना पूरा हुँदा पाएको क्षणिक सुख शान्ति अझ धेरै पाएर आनन्द प्राप्त होला भन्ने निरर्थक आशामा बाँचिरहेका छन् । जस्तैः

एउटा शिकारी जंगलमा शिकार खेल्न गएको रहेछ । ऊ एउटा मृगको पछि पछि लागिरहेको थियो । तर उसलाई थाहै थिएन कि उसको पछि पछि पनि एउटा सिंह उसैलाई शिकार गर्न आइरहेको थियो । मृग अदृश्य भयो । बल्ल शिकारीले थाहा पायो उसको एकदम नगिचै सिंह आइसकेको रहेछ । दायाँ वायाँ कतै भाग्ने बाटो छैन, पछाडि सिंह छ, फर्कियो कि झम्टिहाल्दछ । अगाडि ३/४ सय फिट गहिरो भीर, ठाडो चट्टाने भीर छ । खस्यो भने हाडखोर नै बाँकी रहँदैन । के गर्ने ? भीरको डीलमा एउटा जीर्ण अवस्थाको रूख आधा भाग भीरतिर लट्किएर रहेको थियो । लामा–लामा जरा झुण्डिरहेका थिए । एउटा मोटो जरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झुण्डिरहेको थियो। त्यो जरा पक्रिएर त्यो शिकारी तर्लङ्ग झुण्डियो प्राण जोगाउन। सिंह भीरको डिलमा बसेर गर्जन थाल्यो। जराको फेदमा एउटा कालो र एउटा सेतो मुसाले त्यो जरा काटिरहेको देख्यो। तल हेऱ्यो कहाली लाग्दो भीर। त्यसै बखत मुन्टो माथि उठायो रूखको हाँगामा रहेको मौरीको चाकाबाट तप-तप मह चुहिरहेको थियो। माथिबाट एकथोपा मह चुहिएर उसको मुखमा पऱ्यो। आहा क्या मीठो! बिर्सियो त्यो क्षण सिंह, भीर, मुसा। फेरि सुनियो सिंह गर्जन, देखियो मुसाले आफूले समातेकै जरा काटिरहेको, अनि कहाली लाग्दो भीर! चुहियो एक थोपा मह मुखमा, आहा, क्या मीठो! फेरि भुल्यो सब कुरा! कालो र सेतो मुसाको प्रतीक हो दिन र रात, जराको सूचक हो जीवन, सिंहले रोग, शोक, भय जनाउँदछ भने महले सांसारिक भोग वासना जनाउँदछ, अनि भीर पहराले मृत्यु अर्थात् कालको संकेत गर्दछ। त्यही शिकारीको अवस्थामा आज मानिस बाँचिरहेकाछन्।

योगले यस्तो अवस्थाबाट कसरी छुटकारा दिलाउँदछ त ?

योगको अर्थ र परिभाषा त माथि भनिसकियो। तर यसको केही विस्तृतिकरण यहाँ गरिन्छ, योग भन्ने वित्तिकै अहिले हामी धेरैले सोचेका छौं, 'केही आसनहरू गर्नु' अरू केहीले सोचेका होलान्, 'केहीबेर आँखा चिम्लिएर ध्यान गर्नु। यी आसन तथा ध्यान योगको १।१ भाग जरूर हुन् तर एक भागलाई मात्र योग भन्न कदापि मिल्दैन। जसरी काउली वा आलुको तरकारी खाने भन्दैमा काँचै काउली वा आलु खाएर वा राम्ररी नपाकेको, नून, मसला, भुटन नहालेको आलु खाएर आलुको तरकारी खाएँ भन्न मिल्दैन। आलु काउलीको तरकारी स्वादै लिने हो भने, यसको फाइदा लिने हो भने भुटन, मसला, तेल, बेसार, आगोका आँच, पकाईको तरीका सबै मिलेको हुनुपर्दछ। यसैगरी योगबाट वास्तविक उपलब्धि लिएर सफल सार्थक जीवन जिउने हो भने योगका सबै अंगको अभ्यास गर्नुपर्दछ। योगासन तथा ध्यान जस्ता योगका १।२ अंग मात्रको अभ्यासबाट ता आज मानिसले कतिपय शारीरिक र मानसिक रोगबाट मुक्ति पाइरहेका छन् भने योगको पूरै अंगको अभ्यास गर्ने हो भने कस्तो होला ?

योगाभ्यास गर्न थाल्नुभन्दा अगाडिको शरीरिक, मानसिक र बौद्धिक स्थिति र योगाभ्यास गर्न थालेदेखिको यो स्थिति आफैले प्रत्यक्ष अनुभव गरिएको छ। आफ्नो परिवारमा एकजनालाई यतिसम्म भएको छ, अनेक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकारका आधुनिक तथा कविराजी उपचारले निको नभै दुःख र कष्ट भोग्नु परेको रोग आसन र प्राणायामका केही मात्र हल्का अभ्यासवाट नै त्यो रोग निर्मूल हुन गएको छ । हामीले देखेकै पनि छौं आज विश्वभर योगका अनगिन्ती केन्द्रहरू खुलेका छन् । कतै कतै त योग थेरापीको नाममा उपचार पद्धति नै पनि विकास गरिरहेका छन् । रक्तचाप, मधुमेह, हाड खिइने रोग, कम्मर टाउको दुख्ने, मुटु-फोक्सो, कब्जियत, दम, निद्रा नलाग्ने, भोक नलाग्ने, मोटोपन जस्ता अनेक रोग योगका केही मात्र अभ्यासले पनि काफि फाइदा गर्दछ ।

अब प्रश्न उठ्न सक्दछ योगले कसरी लागू पदार्थको कुलतवाट मानिसलाई छुटकारा गराउन सक्दछत ? यो कुरा त स्पष्ट भयो कि अज्ञानी तथा शारीरिक वा मानसिक रोगवाट पीडित तथा आत्मवल कमजोर भएका मानिस नै लागू पदार्थको कुलततिर लागेर शान्ति पाउने निरर्थक प्रयासमा लाग्दछन् । योग नै एकमात्र यस्तो व्यावहारिक साधन हो जसले विग्रिसकेको वा विग्रन लागेको शारीरिक र मानसिक अवस्थालाई स्वस्थ पारिदिन्छ आत्म-वल वढाइदिन्छ तथा अज्ञानको पर्दालाई समेत हटाइदिन्छ । शरीर र मन स्वस्थ हुने वित्तिकैदेखि यस्ता कुलत स्वतः हट्दै जान्छन् । सही मार्गदर्शन र सही शिक्षाको अभाव तथा गलत धारणा, गलत संस्कार र गलत सोचाईको कारणले गर्दा नै मानिस कुलततिर लाग्ने हो । उसमा वालककालदेखि नै गलत धारणा. गलत विचार तथा गलत शिक्षादीक्षाको प्रभाव पर्न थाल्दछ र ऊ अशुद्ध हुन थाल्दछ । जसरी फोहोर मैलाले भरिएको वा फोहोर मैलाले कट्कटिएको भाँडोमा जतिसुकै शुद्ध कुरा राखेपनि एक त त्यो शुद्ध वस्तुले रहने ठाउँ नै पाउँदैन, ठाउँ पाइहाले पनि त्यो अशुद्धीमा पर्ने वित्तिकै त्यो शुद्ध वस्तु पनि विग्रिहाल्दछ । यसै गरी हाम्रो अशुद्ध अन्तकरणमा पनि शुद्ध ज्ञान टिक्नै सक्तैन । योग एउटा यस्तो साधन हो जसले वाल्यावस्थादेखि हामीमा भरिएको वा कट्कटिएर रहेको गलत धारणा, संस्कार, कल्पना तथा गलत विचारलाई हटाइदिएर शुद्ध पारिदिन्छ । दुःख चिन्ता तथा दुर्व्यशनका मूल कारण नै यिनै अशुद्धी हुन् । अशुद्धतालाई हटाउनतिर नलागि केवल ऐन नियम लागू गरेर लागू पदार्थ सेवन गर्ने, वेचविखन गर्ने तथा अन्य भ्रष्टा-चार गर्नेहरूलाई कडा से कडा सजाय दिएर मात्र यस्ता कुलतबाट मानिसलाई हटाउन खोज्नु ता भाँडोभित्रको फोहोर मैला सफा नगरी केवल भाँडोलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाहिर पुछपाछ गरेर सफा गर्न खोज्नु र त्यही कट्कटिएको फोहोर भाँडोभित्र शुद्ध कुरा राख्न खोज्नु जस्तै निरर्थक प्रयास मात्र हुनेछ ।

योगका जम्मा ८ अंग मानिएका छन् : यम, नियम, आसन, प्राणायाम्, प्रत्याहार, धारणा, ध्यान तथा समाधि । यी अंग आफ्नो उमेर, पेशा तथा शारीरिक र मानसिक स्थिति अनुरूप दिन दिनै अभ्यास गर्ने हो भने २ । ४ दिनदेखि नै हामीभित्रको अशुद्वता हटेर शान्ति तथा प्रफुल्लता वढ्न थालेको अनुभव हुन थाल्दछ ।

सम्पूर्ण सृष्टि प्रकृति र पुरूष अर्थात् भौतिक र आध्यात्मिकको समिश्रणवाट भएको छ । यी दुईको सन्तुलन मिल्नुपर्दछ । भौतिक विकासतर्फ मात्र मानिसले वढी ध्यान दिएर अध्यात्मिकतर्फ वास्ता नगरिदिएकाले नै आज मानिसको जीवन यस्तो दुर्दशापूर्ण हुन गएको हो ।

यो वास्तविक तथ्यलाई राम्ररी मनन गरेर तत्कालै हामीले आवश्यक कदम चालिहाल्नु परेको छ। शिक्षालयहरूमा शुरू कक्षादेखि नै आवश्यक योगका अभ्यासहरू अनिवार्य गराएर भावी सन्ततिको उद्धार गर्ने र अरू सवैका लागि पनि उपयुक्त किसिमको योगाभ्यास गराएर स्वस्थ राख्नेतर्फ ध्यान दिनु ज्यादै जरूरी भैसकेकोछ । योगको महत्ववारे यो एउटा घटना सुनौं– धेरै पहिलेको कुरा हो भारतवर्षको उत्तरी खण्डमा एकजना अति वलवान, तेजस्वी तथा पराक्रमी राजा राज्य गर्दथे । यौवन, शक्ति र शौन्दर्यको मदमा परेर ती राजा सांसारिक भोगवासनामा मस्त रहन थाल्दा थाल्दै दिन वितेको पत्तै भएन । भोलिदेखि त सरकार साठी वर्ष पूरा गरी एकसठी वर्ष लागिवक्सिन्छ भनी मन्त्रीले सुनाउँदा राजाको मनमा चसक्क लागेछ ओहो म ६० नाघिसकें! ऐनामा राम्ररी आफ्नो मुहार हेरे । चाउरिएका रेखाहरू देखे, कपालका रौं पनि आधा सेता भैसकेका ! शक्ति क्षीण हुन थालेको तर काम वासना झन वढ्न थालेको अनुभव पनि भयो । रूचि घटेको, दाँत तथा पाचनशक्ति कम भएको, निद्रा कम भएको, विभिन्न रोगले आक्रमण गर्न थालेको कुरा पनि अनुभव गरे । यस्ता निडर राजामा अव मृत्युको भयले पनि सताउन थाल्यो । "के मनुष्य जीवनको सार यही हो त ? वालक अवस्था खेलेरै वित्यो, यौवन अवस्था लडाई झगडा, सुरा र सुन्दरी अनि जर्जर वढैसकाल र मृत्यु ।" यो जीवनको सार नवुझी म मर्दिन भनी राजाले देशभरका सन्तमहन्त, पण्डित र विद्वान्हरूलाई भेला गराई यही प्रश्न सोधे । जवाफ आयो राजाको प्रश्नको उत्तर आध्यात्मिक ग्रन्थहरुबाट पाउन सकिन्छ भन्ने । धार्मिक ग्रन्थ वटुल्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टौलीहरू खटाइए । ५ वर्षमा ५ सय वयलगाडाभरि लादेर धार्मिक ग्रन्थ ल्याइयो र राजा समक्ष ती ग्रन्थको डुंगुर थुपारेर भनियो, "सरकारको प्रश्न-को उत्तर यिनै ग्रन्थहरुवाट मिल्न सक्छ।" राजाले रिसाउँदै भने, "म ६५ वर्ष नाघिसकें, कहिले यत्रा ग्रन्थ पढेर उत्तर निकाल्ने" तव राजाले एउटा समिती गठन गरेर भने, "तिमीहरूले यो ग्रन्थको सार सूत्र निकाली चाँडो से चाँडो पेश गर ।" ५ वर्षमा हजारौं विद्वान्हरुले सारसूत्र निकालेर १०० वटा पुस्तकमा उतारी राजा समक्ष लगे । दिक्क मान्दै राजाले भने, "हेर म ७० वर्ष नाघिसकें, कहिले यी सय पुस्तक पढ्ने ? जाओ चाँडो यिनको पनि सार निकालेर संक्षेपिकरण गर ।" सय पुस्तकको सार एउटा पुस्तकमा निकाली ५ वर्ष पछि पण्डितहरू आएर राजालाई त्यो तुस्तक चढाए । ७५ वर्ष पुगि-सकेका बूढा राजाले थरथर काँप्दै भने, "हे मूर्ख हो । यस अवस्थामा म यत्रो ठेली पुस्तक कसरी पढ्ने ? एक शव्दमा यसको संक्षेप निकालेर ल्याओ ।" तीन वर्षपछि एक शव्द लिएर प्रमुख पण्डित राजा समक्ष आए । त्यस बखत राजा अन्तिम श्वास फेरिरहेका थिए । कानमा गएर त्यो शव्द सुनाए । राजाले सुनेकी सुनेनन्, सुने पनि त्यस अवस्थामा के काम ! तर हामी-ले सुन्यौं, त्यो एक शव्द थियो, "योग" ।

सत्येको लागि सबै कुरा त्याग्न सकिन्छ, तर सत्यलाई कुनैपनि कुराको लागि छोड्न सकिदैन, यसको बस्ने दिन पनि सकिदैन ।

—स्वामी विवेकानन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यानले के गर्छ ?

–पूर्णकृष्ण 'पथिक'

१) स्वास्थ्यमा सुधार:–

क) श्वास प्रश्वासलाई लामो र नरम तुल्याई फोक्सोलाई आराम दिन्छ । यसको ह्रास प्रतिशत घटाउँछ ।

ख) हृदय गतिलाई ठीक राख्छ ।

ग) स्नायुमण्डललाई आराम दिन्छ ।

घ) मस्तिष्क तरङ्गलाई सुव्यवस्थित पार्छ ।

ङ) तनाव र थकाई मेटाउँछ ।

२) शारीरिक रोगबाट बचावट:–

क) दम घटाउँछ ।

ख) रक्तचाप ठीक राख्छ ।

ग) राम्रो निद्रा दिन्छ ।

घ) अम्लिकरन (Aciolity) हुन दिँदैन ।

ङ) मुटुको रोगवाट वचाउँछ ।

च) सरूवारोगवाट वच्ने सवल प्रतिरोधात्मक शक्ति वढाउँछ ।

३) मनोरोगबाट मुक्ति:–

क) तनाव विलाउँछ ।

ख) चिन्ता हटाउँछ ।

ग) आकुलता र अशान्ति घटाउँछ ।

घ) ईर्ष्या वैलाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ङ) क्रोध घटाउँछ ।
च) प्रसन्नता उदाउँछ ।

४) आहारमा परिवर्तनः-

क) जाँड रक्सी आदि तामसी पेयमा रूचि कम हुँदै जान्छ ।
ख) फलफूल, दूध, दही र घिउ जस्तो सात्विक पदार्थमा रूचि वढ्दै जान्छ ।
ग) नन-प्रेस्क्राइब्ड औषधिहरूको प्रयोग कम हुँदै जान्छ ।
घ) आहारविहारमा स्वच्छता वढ्दै जान्छ ।
ङ) जिभ्रोको अनुभूति शक्तिको वृद्धि भै उही खाने कुरा पनि अघिभन्दा वढी स्वाद पाउने हुन्छ ।

५) शैक्षिक प्रगतिः-

क) अध्ययनमा रूचि वढ्छ ।
ख) ग्रहण, स्मरण तथा अभिव्यक्ति शक्तिको वृद्धि हुन्छ ।
ग) विचार शक्ति गहन र स्पष्ट हुन्छ ।
घ) समस्याको समाधान गर्न बुद्धिको सृजना हुन्छ ।
ङ) प्रतिभा चम्किन्छ ।

६) पूर्व विश्रामः-

क) ध्यानले शरीर र मन दुवैलाई पूरा आरामदिई तनमन दुवैलाई ताजगी र स्फूर्ति दिन्छ ।
ख) ध्यानान्तमा प्रभातानुभूति हुन्छ, आनन्द र प्रसन्नता छाउँछ।

७) आध्यात्मिक प्रगतिः-

क) दुशीलहरू विलाउँदै जान्छ ।
ख) सदाचार सञ्चार हुन्छ ।
ग) शील भूमी दृढ् हुन्छ ।
घ) नम्रता वृद्धि हुन्छ ।
ङ) सद्विचारको उदय हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८) कार्या क्षमता:–

क) कार्यालयमा

ध्यानले काममा तत्परता ल्याउँछ जसले गर्दा उच्च पदाधिकारीबाट स्नेह र सद्भावना प्राप्त हुन्छ । सहयोगीहरूवाट सन्मान र श्रद्धा प्राप्त हुन्छ ।

ख) कारखानामा

१) व्यवस्थापक र कामदारबीच सुमधुर सम्बन्ध ल्याउँछ।
२) सहकर्मीहरूसग मैत्री र सहयोगको भावना वृद्धि गर्छ ।
३) उद्योगमा उत्पादकत्वको वृद्धि हुन्छ ।

९) व्यापारमा:–

ग्राहकहरूसंगको नम्रवोली र सद्भावनाले गर्दा व्यापारमा वृद्धि हुन जान्छ ।

१०) दुर्घटनाबाट बचावट

हिड्डुलगर्दा र कुनै पनि काममा स्मृतिशीलभै

क) घरमा
ख) कारखाना र कार्यालयमा
ग) सडकमा

हुन जाने दुर्घटनाहरू कम हुन जान्छ ।

देशमा ध्याताहरूको संख्या बढ्दै जाँदा

१) अस्पतालमा बिरामीहरूको घुइँचो कम हुँदै जान्छ ।
२) अपराध वृत्ति घटी जेल रित्तिदै जान्छ ।
३) सहनशीलता, इमान्दारी, सहअस्तित्व र क्षमा भावनाको वृद्धि न्यायालयमा धाउनेहरूको संख्या घट्दै जान्छ ।
४) जनताको नैतिकस्तरको वृद्धि भै दुराचार घट्दै जान्छ ।
५) शारांशमा मनोजगतको प्रदूषण विलाउँदै गई देशका नागरिकहरू असल हुँदै जान्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६) शान्ति

क. परिवारमा एकले अर्काको मनोभावको कदर गर्ने वानी वस्छ । सहन र क्षमाशीलताको भावना वढ्दै कलह हराउँदै जान्छ ।

ख. छिमेकी र गाउँलेहरूमा प्रेम वढी भै झगडा कम हुन जान्छ।

ग. राष्ट्रमा विरोधात्मक प्रवृत्ति विलाई सहयोगको भावना वृद्धि भै शान्ति छाउँछ जसवाट विकासको गतिमा अवरोध हट्न जान्छ ।

घ. राष्ट्रहरूकोवीच शंका, भय र वैमनस्य विलाउँदै जान्छ । मानव मात्रमा विश्वभरनै सुख शान्तिको वातावरण श्रृजना हुन जान्छ ।

ङ. सारांशमा ध्यानले व्यक्ति, परिवार गाउँ, शहर, देश र विश्वमा शान्ति र सुव्यवस्था ल्याउँछ ।

*

यदि सुन्दरतासंगै सद्गुण छ भने त्यो हृदयको स्वर्ग हो; तर यदि उसको दुर्गुण छ भने, त्यो आत्माको नरक हो । त्यो बुद्धिमानको होली र मूर्खको भट्टी हो ।

—क्वार्ल्स

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुकरणीय उदाहरण

–लक्ष्मीकान्त निरौला

श्री विश्वेश्वर कोइराला प्रधानमन्त्री छँदा महाकवि लक्ष्मीप्रसाद देवकोटा जस्ता उत्कृष्ट–प्रतिभाशाली व्यक्तिले औषधिखर्च नपाई अकालमा ज्यान गुमाउनु पर्‍यो भन्ने गुनासो नभएको होइन । उत्कृष्ट प्रतिभाको जीवितावस्थामा नै सम्मान गर्ने परिपाटी बसाल्ने कुरामा विश्वेश्वर बाबुको असहमति पनि थिएन । उनले देवकोटालाई नचिनेका पनि होइनन् र काशीमा 'युगवाशीको सम्पादन गरी नेपाली कांग्रेसलाई लगाएको गुन विर्सेका पनि थिएनन् होला, तैपनि २०१६ सालमा नवगठित मन्त्री परिषद्को व्यवस्थामा व्यस्त रहनुपरेकोले र कसैले ध्यान आकृष्ट नगरिदिदा उनी प्रधानमन्त्री भएको एक महिना पनि पुग्दा नपुग्दै देवकोटालाई आर्यघाटमा पुऱ्याए र त्यस वेला अंतिम मुख हेर्नु सिवाय अरू केही हुन सकेन । अलि अघि थाह हुन सकेको भए स्वर सम्राट् नारायण गोपाललाई झैं बचाउन नसके पनि ओखती–मूलो गर्ने प्रयास त गरेथ्यौं भनी चित्त बुझाउने बाटो त हुन्थ्यो होला, त्यो पनि देवकोटाको बारेमा हुन सकेन र त्यो एक भवितव्य थियो ।

यता भरखरै मात्र ज्ञात हुन आएको छ कि प्रधानमन्त्री श्री गिरिजा बाबुले उक्त घटनाबाट सतर्क भएर होला, निकै समयदेखि बिरामी भएर पोखरामा बस्नुभएका वयोवृद्ध प्रसिद्ध विद्वान् प्रा. गङ्गाधर शर्मा पराजुलीलाई केही समय अघि स्थानीय प्र. जि. अ. मार्फत् एक पत्र पठाई कृतज्ञता व्यक्त गर्नु भएको रहेछ ।

पत्र निम्नप्रकारको छः–

प्रिय गङ्गाधर शर्माजी, यहाँ लामो समयदेखि अस्वस्थ हुनुहुन्छ भन्ने थाहा पाउँदा ज्यादै दुःख लागेको छ। तपाईले नेपाली संस्कृतिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विकास र संवर्धनमा संस्कृत भाषाको उत्थान गरी चाल्नु भएका कदमहरूबाट अवश्य पनि नेपाली समाज ऋणी रहेको छ।

तपाईको स्वास्थ्य उपचार गर्न अर्थ अभाव भएको कारण थाहा भएकोले नेपालमा स्थित कुनै पनि अस्पतालमा उपचार गर्न भर्ना हुनुभएमा म सहयोग पुऱ्याउने छु र हाललाई सहयोग वापत रू १०००० । यसैसाथ राखी पठाएको छु। हुन त यो सानो सहयोग मौलिक रूपमा त्यति महत्वपूर्ण नभए पनि मेरो सद्भावना हो भनी अवश्य पनि स्वीकृत गर्नु हुनेछ। अन्त्यमा यहाँको शीघ्र स्वास्थ्यलाभको कामना गर्छु।

तपाईको–

गिरिजा प्र. कोइराला

१७/५/२०४८

यस पत्रले कृतज्ञताकासाथै दयालुता, कर्तव्यपरायणता र संस्कृत वाग्मयङ्प्रति आस्था पनि दर्शाएको छ। नेपालमा अब पण्डितराज सोमनाथ सिग्देल र प्राचार्य पद्मप्रसाद भट्टराई जस्ता उत्कृष्ट विद्वान् हुनुहुन्न, उहाँहरू पछि प्रा. गङ्गाधर शास्त्री पराजुलीकोनै नाम लिइन्छ। परिवर्तित स्थितिमा देशको नवनिर्माण गर्दा धार्मिक, साँस्कृतिक र सामाजिक क्षेत्रमा खारिएको विद्वत्ताको आवश्यकता प्रतीत भएर नै प्रधानमन्त्रीजीले शास्त्रीजीलाई सम्झनु भएको हुन सक्छ।

हिन्दूराष्ट्र नेपालमा संस्कृत विश्वविद्यालयको प्रसङ्ग सर्वप्रथम शास्त्रीजीले नै चलाउनुभएको थियो। संस्कृत आज कसरी जीवित रहन सक्छ? संस्कृतको उत्थान कसरी गर्ने? संस्कृत आधुनिक जनजीवनोपयोगी कसरी होला? र संस्कृतको पाठ्यक्रम कस्तो हुनुपर्छ? आदि विषयमा छलफल गर्न संस्कृत विश्वविद्यालयको पृष्ठभूमिमा एक ऐतिहासिक विद्वत्सम्मेलन २०२४ चैत्र १ गतेदेखि तीन दिनसम्म शास्त्रीजीकै सत्प्रयासबाट दाङमा सम्पन्न भएको थियो। श्री ५ महेन्द्रबाट उद्घाटित त्यस विद्वतसम्मेलनमा नेपाल र भारतका गरी हजारौं विद्वान्को र पूज्य श्री १००८ स्वामी करपात्रीजी, जगद्गुरू श्री १००८ शङ्कराचार्य जस्ता सन्तहरूको पनि उपस्थिति थियो। कतिपय व्यक्तिगत- स्वार्थीहरूले दाङको बिरोध नगरेका होइनन्, तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रीजीले चाहि कुनै स्वार्थ नराखी औचित्यको आधारमा आँट्नुभएकोले अन्ततः दाङ्गमानै संस्कृत विश्वविद्यालय स्थापना भयो ।

अध्ययन र अध्यापनको क्रममा तीन दशकसम्म काशीमा वस्दा नेपाली छात्र एवं तीर्थयात्रीहरूलाई काशीका पण्डा-गुण्डाहरूले सताएको देखेर चिन्तित भई पण्डित कुलचन्द्र गौतम तथा गुरु पण्डित पद्मप्रसाद भट्टराई-को आशीर्वाद प्राप्त गरी सर्वप्रथम शास्त्रीजीकै सत्प्रयासबाट काशीमा विद्या-धर्मप्रचारिणी नेपाली समितिको स्थापना भयो र त्यस संस्थामा स्थायित्व ल्याउन पूरा चौध वर्षसम्म शास्त्रीजीले स्वयंसेवकको रूपमा छात्रहरूलाई पढाउँदै संस्थाको सञ्चालन गर्नुभयो । आज त्यस संस्थाले तीनथरि नेपाली धर्नशाला, एक भव्य नेपाली छात्रावास र एक नेपाली संस्कृत महाविद्यालय चलाएको छ ।

आजका शिक्षितहरू विलासिताको कारणले नाना दुर्व्यसनबाट ग्रस्त भएको देखेर सानैदेखि बानी सुधारेमा यसको समाधान सम्भव हुने हुँदा अस्वस्थ भएको वेला पनि शास्त्रीजी ब्रह्मचर्याश्रम परिपाटी उज्जीवित गर्ने तरखर गर्दै हुनुहुन्छ र एक जिल्लास्तरीय ब्रह्मचर्याश्रम समिति सङ्घठित गरी स्थानीय प्रशासनबाट दर्ता समेत गराई कार्य गर्दै हुनुहुन्छ ।

धार्मिक सामाजिक क्षेत्रमा झैं राष्ट्रियताप्रति पनि शास्त्रीजी चिन्तन-शील हुनुहुन्छ । नेपालको प्रसिद्ध धार्मिक सहिष्णुता बिथोल्न खोज्ने तत्त्व सक्रिय हुनथालेको चाल पाई अस्वस्थावस्थमा पनि शास्त्रीजीले एक चिन्तन तयार पार्नुभएको थियो । हिन्दूधर्म संरक्षणसंघद्वारा प्रकाशित 'बुद्धमार्गीले बुझिदिनुपर्ने कुराहरू' शीर्षकको त्यस सानो चिन्तनमा अरूको इशारामा नाच्ने विखण्डन-वादी तत्वहरूसंग सावधान हुन बुद्धमार्गी बन्धुहरूलाई अनुरोध गर्नुभएको रहेछ । सन्धायभाषामा परिमार्जित पदावलीद्वारा शास्त्रीय कसीमा खारिएको यस चिन्तनले एकातिर विखण्डनवादीका सारा कुतर्कको समष्टिमा जवाफ दिएको पाइन्छ भने अर्कातिर धर्मको मर्म नबुझी धर्मरिएर अशान्त भएको आजको विश्वलाईनै मार्गप्रदर्शन गरेको देखिन्छ । देशहितमा समर्पित शास्त्रीजीले यस चिन्तनद्वारा गागरमा सागर भरिदिने कुरा चरितार्थ गराउनुभएको छ ।

जुन प्र. जि. अ. मार्फत् शास्त्रीजीलाई प्रधानमन्त्रीजीको उक्त पत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्तभयो, उहाँले स्थानीय गण्डकी-अञ्चल अस्पतालमा शास्त्रीजीको स्वास्थ्यपरीक्षण प्रक्रिया चालू गरी पूरा हुन नपाउँदै उहाँको सरुवा भएछ र अस्पतालले परीक्षण पूरा गरी कुनै साधनसम्पन्न अस्पतालमा मात्र उपचार हुन सक्ने, तर यहाँ हुन नसक्ने भनी वीरअस्पतालसंग सम्पर्क राख्ने भनी पत्र लेखेर दिएको रहेछ। अब कुनै साधनसम्पन्न अस्पतालमा लगेर उपचार गराई शास्त्रीजीका सर्वाङ्गीण वैदुष्यको सदुपयोगका साथै कृतज्ञता ज्ञापन गर्ने काम संस्कृत विश्वविद्यालयले गर्नुपर्ने हुन आएको छ। प्रधानमन्त्रीजीले त 'तपाईंले नेपाली संस्कृतिको विकास र संवर्धनमा संस्कृत भाषाको उत्थान गरी चाल्नुभएका कदमहरूबाट अवश्य पनि नेपाली समाज ऋणीरहेको छ' भनी मूल्याङ्कन गर्दै कुनै पनि अस्पतालमा उपचार गर्न भर्ना भएमा म सहयोग पुऱ्याउनेछु भन्ने उदार आश्वासन दिएर भविष्यका निम्ति अनुकरणीय उदाहरण प्रस्तुत गर्नुभएको छ। अस्तु।

वास्तविक सौन्दर्य हृदयको पवित्रतामा छ।

—महात्मा गाँन्धी

सौन्दर्यको आदर्श सद्‌गुण (सादगी) र शान्ति हो।

—गेटे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत भाषा–प्राचीन हिन्दू विज्ञानको भण्डार

–डा. ज्ञानलाल श्रेष्ठ

हुन त आजको युगमा 'प्राचीन हिन्दू विज्ञान'को कुरा गर्ने वित्तिकै पश्चिमी समाजद्वारा प्रभावित नव युवावर्गहरू 'वाहियात्' भन्न थाल्छन् । अर्कोतिर प्राचीन हिन्दू विज्ञानवाट नै आजको विज्ञानको विकास भएको हो भन्ने थाहा पाउने शिक्षित समाजले पनि आफू तल परेको भावनाले गर्दा प्राचीन हिन्दू विज्ञानलाई वाहियात् भन्नु स्वभाविकै हो। हाम्रो समाज पश्चिमी समाजको लहैलहैमा लागेर आफ्नो मौलिकपनालाई बिर्सन थालेको छ जसले गर्दा हाम्रा सन्तानहरूले पनि के सम्झन थालेका छन् भने "हाम्रा पूर्खाहरु वाँदरभन्दा केही सुध्रेका थिए होलान् ।"

राजधानी काठमाडौंमा पनि नाम लिन नहुने (फोहर मिसेको) पानी पिउने पानीको रूपमा प्रयोग भइरहेको छ। त्यो पनि पाइरहेको छैन । यो हो आजको आधुनिक युगको विज्ञान । अनि यही ठाउँमा हाम्रा पूर्खाहरूले ५ तल्ला मुनि कहाँ कहांवाट पानीको मुहान ल्याएर, भगवान् जानोस्, कहाँ कहाँवाट निकासा पठाएर २४ औं घण्टा स्वच्छ शुद्ध पानी पिउन ढुंगे धारा, सुनधारा आदि वनाएर गए। आज पनि त्यो सुनधाराको पानी रातदिन खेर गइरहेको छ । तर त्यो पानी जनतालाई खुवाउने चेष्टा पनि आजको विज्ञानले गरेको छैन । उदाहरणको लागि भोटाहिटीको जमीन मुनिको वाटो खन्दा तीन तल्ला मुनि तीनवटा ढुंगेधारावाट लगातार पानी आइरहेको फेला पर्‍यो । ती धाराहरू भगवान्ले वनाएका थिएनन् हाम्रै पूर्खाहरूले वनाएका थिए । ती धाराहरूवाट आज पनि अटूट रूपमा अमृत जस्तो पानी आइरहेको छ । ती कामहरू वैज्ञानिक काम नभए के काम होला त ? तर अपशोचको कुरा आजका हामी शिक्षित नेपालीहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती प्राचीन हिन्दू विज्ञानका सुनधारा र ढुंगेधाराहरूबाट अटूट रूपमा आइरहेका स्वच्छ पानी जनतालाई खुवाउन सकेका छैनौं। यसको मुख्य कारण त हामी झन्-झन् परतन्त्र हुँदै जानु नै हो। हाम्रो हातले काम गर्न झन्-झन् छोड्यो। विदेशीले दियो भने हामी पानी पिउन पाउँछौं, नत्र असम्भव।

झन पहिलेका जस्ता ठूला-ठूला मन्दिरहरू, (जुन कि आजका मानिसले कल्पना पनि गर्न सक्तैनन्) मूर्तिहरू इत्यादि बनाउने त सपना पनि देख्न सक्तैनन्। बरु उल्टो ती अमूल्य सुन चाँदीका मूर्तिहरू चोरेर विदेशीहरूलाई बेच्ने सन्तानहरू मात्रै देखिन थालेका छौं।

आउनुहोस्, अब प्राचीन हिन्दू विज्ञानको विषयमा केही चर्चा गरौं। धेरै पर नजाऔं आजभन्दा करीब ३,४ सय वर्ष पुराना नमूनाहरू काठमाडौं उपत्यकाभित्र मात्र केलाएर हेरौं।

भक्तपुरको पाँच तल्ले मन्दिर त आज पनि हाम्रै अगाडि छ। यो मन्दिर आजभन्दा करीव तीन सय वर्ष पहिले भक्तपुरका राजा भूपतिन्द्र मल्लको पालामा बनाइएको थियो। यो मन्दिर पाँच तल्ले मात्र होइन दश तल्ले हो। यो मन्दिरको पहिलोतल्ला त जमीनबाट पाँच तल्लामाथिबाट मात्रै शुरू हुन्छ। यो सबैलाई थाहै छ। वि. सं. १९९० को बिर्सन नसकिने भुइँचालोले पनि यो मन्दिरको कुनै पनि भागलाई हल्लाउन सकेन। जब कि त्यसबेला जनताका थुप्रै घरहरू भत्के। वि. सं. २०४५ सालको भूकम्पले पनि यसलाई केही असर पार्न सकेन। त्यसबेला मन्दिर बनाउँदा के वास्तुकला विज्ञान थियो र? कसरी त्यस्ता मजबुत मन्दिरहरू तयार पारिए? त्यसबेलाको माटो, काठ र काँचो इँटामा के शक्ति थियो? र आजको सिमेन्ट, डण्डी र पाकेका इँटाभन्दा बलिया हुन सके। पशुपतिनाथ र चाँगुनारायण जस्ता हजारौं वर्ष पुराना मन्दिरहरू पनि आज हाम्रो सामु जस्ताको तस्तै छन्।

अझ पाँच, सात हजार वर्ष पहिले प्राचीन हिन्दू विज्ञानतिर एकपटक नियालेर हेरौं। महाभारत इतिहास केवल पाँच हजार दुई सय वर्ष जति पुरानो मानवीय इतिहास हो। यो इतिहास हेर्दा एकातिर ज्ञानै ज्ञानले भरिपूर्ण छ भने अर्कोतिर विज्ञानै विज्ञानले पनि भरिपूर्ण छ। त्यसबेलाको धनुवाण विद्या कस्तो थियो? अहिलेको अग्नी क्षेप्यास्त्रभन्दा कम थिएन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसवेला लाहाको दरवार वनाउने विज्ञान कस्तो थियो ? त्यसवेलाको फौजको संगठन कस्तो थियो ? महाभारतको लडाइँमा १८ अक्षौहिणी सैन्यबल भेला भएका थिए ।

अब एकचोटि अरू अध्यायहरूमा जस्तै यस अध्यायमा पनि प्राचीन हिन्दू विज्ञान सम्बन्धी पाश्चात्य विद्वान्‌हरूवाट केही कुरा जानौं ।

कालसय राक्सको भनाईमा– "हामीले वेद्‌हरूवाट धेरै कुराहरू सिक्छौं । वेद्‌ले हामीलाई ज्ञान मात्र होइन विज्ञान पनि सिकाउँछ ।"

प्रसिद्ध फ्रेन्च विचारवाद डा. जेकोलियटले 'भारतमा वाइवल' भन्ने ग्रन्थमा प्राचीन हिन्दू विज्ञानलाई यसरी स्वीकारेका छन्– "यो एउटा आश्चर्यजनक कुरा हो, ईश्वरीय धर्म ग्रन्थहरूमा एक मात्र वेद् यस्तो छ, जसको विचार वर्तमान विज्ञानसंग पूर्ण मेल खान्छ । किनकि वेद्‌मा विज्ञानको अनुसार सृष्टिको क्रमिक रचनाको प्रतिपादन छ ।"

यसै गरी अमेरिकन विद्वान् Wheeler Wilax ले यस्तो भन्नु भएको छ– "हामीले प्राचीन भारतीय धर्मको विषयमा पढेका छौं कि भारत भूमि अत्यन्तै महत्वपूर्ण छ । ती वेद्‌हरूमा धार्मिक जीवनको लागि धार्मिक तत्वहरूको निरूपण मात्रै नभएर, वस्तुसत्यको निर्देशन गरिएको छ । जसलाई विज्ञानले सत्य प्रमाणित गरेको छ । वैदिक ऋषिहरूलाई विजुली, रेडियो, परमाणु, हवाइजहाज इत्यादि सवै कुराहरूको ज्ञान थियो ।"

स्वामी भारती कृष्ण तीर्थ जसले अथर्ववेद्‌को परिशिष्टमा रहेको 'गणितसूत्र' विषय अनुसन्धान गरेर प्राचीन हिन्दू विज्ञानको सम्पूर्ण गणितको मूलढोका खोल्नुभएको छ ।

आउनुहोस् अव हाम्रै नेपाल आमाकी सुपुत्र डा. स्वामी प्रपन्नाचार्य वेदान्तचार्य (वेद्‌मा विद्यावारिधि प्राप्त) द्वारा लिखित् "प्राचीन हिन्दू विज्ञान, वेद्‌मा के छ ?" को उत्तर भाग पुस्तकलाई एकपटक केलाएर हेरौं । हुन त मलाई थाहा छ, युवावर्ग, भाइ, वहिनीले यस्तो प्राचीन हिन्दू विज्ञान विषय सुनेर शुरूमा अनौठो मान्नुहुन्छ होला । हामीहरूलाई पनि प्राचीन हिन्दू विज्ञानवारे केही पनि शिक्षा नदिइएकोले अनौठो लाग्नु स्वभाविकै हो । उसमाथि पनि पश्चिमी समाजको चपेटामा परेकाले त हामीले आफ्नोपन भन्ने कुरा गर्ने वित्तिकै नाक खुम्चाउन थाल्छन् । जे भए पनि डा. स्वामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रपन्नाचार्यज्यूको पुस्तकलाई समिक्षा गरौं र वेद्को प्राचीन हिन्दू विज्ञानलाई थाहा पाउने कोशिश गरौं ।

यस "प्राचीन हिन्दू विज्ञान, वेद्मा के छ ?" को उत्तर भाग जम्मा २४० पेजको भएर पनि प्राचीन हिन्दू विज्ञानको दृष्टिकोणले अति नै सानो पुस्तक हो । तर अति नै मार्मिक ढंगले प्राचीन हिन्दू विज्ञान सम्बन्धी बुझाउन खोजिएको छ । यस पुस्तकमा आजभन्दा दशौं हजार वर्ष पहिले प्रचलितमा ल्याइएका कम से कम ९ थरी विमानहरूको चर्चा अति मार्मिक ढंगले गरिएको छ । ती विमानहरू हुन्:–

१) तीन तल्ले विमान २) विजुलीले चल्ने विमान ३) विश्वमा पहिलो सात पहियाको विमान ४) सौर्यशक्तिले चल्ने विमान ५) तीन पहियाको विमान ६) मनभन्दा पनि छिटो उड्ने विमान ७) पुष्पक विमान ८) वातानुकूल विमान ९) मय दानवले वनाएको सौभ विमान ।

यी मध्ये एउटा विमान श्री रामचन्द्र भगवान्ले प्रयोग गर्नुभएको थियो । त्यो हो पुष्पक विमान । श्री रामले लंकामा रावणको वध गर्नुभई फर्कदा पुष्पक विमानमा वसेर फर्कनुभएको थियो ।

उक्त पुस्तकमा ती विमानहरूको नाम मात्र होइन तिनीहरूको चर्चा, विचर्चा कुन वेद्को कुन श्लोकमा उल्लेख भएको आदि वृतान्त छोटकरीमा लेखकले प्रष्ट पार्नुभएको छ ।

यसैगरी त्यसवेला समुद्रमा चलाउने जहाजहरू, पनडुब्बीहरू आदिका बारेमा पनि लेखकले मार्मिक ढंगले प्रस्तुत गर्नुभएको छ । वैदिक कार, घडी, दूर सञ्चार यन्त्र, स्वचालित यन्त्र, रेलगाडी, मरेको मानिसलाई जिउँदो पार्ने औषधि इत्यादि कुराहरू यस पुस्तकमा प्रचुरमात्रामा व्याख्या गर्नुभएको छ । पाठकवर्गले यो पुस्तक अवश्य पनि हेर्नुहोला । यति मात्र होइन, यसरी वेद्मा सम्पूर्ण प्राचीन हिन्दू विज्ञान भएकोले पश्चिमी विद्वान्हरूले मरी मरी संस्कृत भाषा पढें र यसवाट आधुनिले विज्ञानका टुसाहरू कसरी पल्हाउन सके भन्नेसमेत लेखकज्यूले वडो मार्मिक ढंगले प्रस्तुत गर्नुभएको छ ।

शुरूमा यी प्राचीन हिन्दू विज्ञान विषय नवुझ्ने अथवा वुझ्न अत्ठ्यारो लाग्ने पाठकवर्गले आफ्नो दिमागमा एउटा प्रश्न आफैले राख्नुहोस् अनि आफैले सोध्नुहोस् ।

"मेरो वाजेको वाजेको नाम के हो ?" अनि आफैलाई "थाहा छैन" भनी आफैले जवाफ दिनुभयो भने उसो भए वाजेको बाजे कहाँ जन्मनु भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थियो ? कहिले परलोक हुनुभयो ? उहाँले के कर्म गरेर जानुभयो ? इत्यादि इत्यादि प्रश्न गर्नुहोस् । यी सबैको उत्तर तपाईले आफैलाई दिन सक्नु भएन भने उसो भए "मेरो बाजेको बाजे थिएन होलान् ?" भनि तपाई आफै शंका गर्नुहुन्छ होला । तर त्यसको जवाफ तपाई आफैले दिनु हुन्छ "होइन, मेरो बाजेको बाजेको विषयमा मलाई केही थाहा नभए पनि बाजेको बाजे त अवश्य पनि थिए होलान् । किनभने बाजेको बाजे नभए बाजेको बाबु कहाँबाट आउनु भयो होला ? बाजे नभए बुवा कहाँबाट आउँनु भयो होला ? बुवा नभए म कहाँबाट आएँ होला ?" यसको मतलब बाजेको बाजे अवश्य पनि थियो ।

हो त्यसै गरी प्राचीन हिन्दू विज्ञानमा पनि विमानदेखि लिएर पानी जहाज आदि-आदि सारा वैज्ञानिक वस्तुहरू थिए र यसरी ती सबै कुराहरूका इतिहास लेखेर गए । तर यसको मतलब तपाईले पढेन भन्दैमा थिएन चाहिं भन्न मिल्दैन । तपाई आफै आँखा चिम्लेर सूर्य छैन भन्नुमा तपाईको गल्ती कि सूर्यको गल्ती ? यो त तपाईकै गल्ती हो । अनि आँखा खोलेर पनि राती सूर्य खोज्नु भयो भने त्यो पनि तपाईकै गल्ती हो । त्यसैले आँखा खोलेर तपाई दिउँसो सूर्यलाई खोज्नुस् अवश्य पनि देख्नु हुनेछ । त्यसै गरी तपाई हामीले पढ्नुपर्छ । पढेपछि मात्र सबै कुरा छर्लङ्ग हुन्छ र सोही अनुसार काम पनि हुन्छ ।

त्यसै कारण यसरी हाम्रा पूर्वजहरूले सारा प्राचीन हिन्दू मानवीय सभ्यताको क्रममा जति पनि ज्ञान र विज्ञानका इतिहासका पन्नाहरू छोडेर गएका छन् ती यति शुद्ध र वैज्ञानिक ढंगका छन् कि ती इतिहासका पन्नाहरू तपाई हामीले पढ्नु पर्छ र पढाउनु पनि पर्छ । नत्र भने पूर्खाको गौरव माटोमा मिसिने छ ।

माथि उल्लेखित सबै प्राचीन हिन्दू विज्ञानका इतिहासहरू संस्कृत भाषामा लेखिएका छन् । वास्तवमा भन्ने हो भने प्राचीन हिन्दू विज्ञानका असंख्य नमूनाहरू तपाई हाम्रै अगाडि प्रशस्त छन् । केवल हामीले मनको आँखा खोलेर हेर्नु पर्‍यो । यही नै पाठकवर्ग र अनुसन्धानकर्ताहरूसंग मेरो अनुरोध छ ।

(संस्कृत विश्व भाषा हो "संस्कृत र अंग्रेजी भाषाको खोजीमा"बाट उद्धृत)

卐卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

योग विज्ञानमा "तप"को गलत प्रयोग

–मानसाग्नि

योग विज्ञान संकल्प शक्तिद्वारा सदैव नवीन जीवनको खोजमा लागेका व्यक्तिहरूको उपज थियो तर आज योग विज्ञान हीनतामनोग्रन्थीद्वारा पीडित व्यक्तिको पञ्जामा बाँधिई आफ्नो स्वभाविक यथार्थ र वैज्ञानिक धारणाबाट टाढा जाँदैछ। उनीहरूले यस योगको वैज्ञानिक पक्षबाट यसलाई वञ्चित गराई सहजताबाट टाढा लगि वाह . . . वाहको बलमा आफ्नो हीनताबोधबाट बच्ने र स्वार्थ पूरा गर्ने साधन बनाउँदै छन्।

हीनतामनोग्रन्थीद्वारा पीडित व्यक्तिले या त अरुलाई नष्ट गर्दछ या त स्वयम्लाई। योगको क्षेत्रमा पनि ती व्यक्तिहरू आउन थाले जो आफ्नै स्थूल शरीरलाई कष्ट दिन सकुन्, नष्ट गर्न सकुन्। जुन मानिसलाई सदैव अगाडि हुने या श्रेष्ठ हुने विचारले झक्झक्याई रहेको हुन्छ र कसरी सर्वश्रेष्ठ बन्ने ? यस प्रश्नले सदैव कम्पन पैदा गरिरहेको हुन्छ र त्यसको परिपूर्तिको स्वप्नील कल्पनाको तान बुनिरहेको हुन्छ। जो आफ्नो सामर्थ्यभन्दा बाहिर हुन्छ तब त्यो व्यक्ति हीनतामनोग्रन्थीबाट पीडित हुन जान्छ। मनोग्रन्थी एक यस्तो मानसिक संरचना हो जसमा अनेक विचार र संवेग कुनै तीव्र एवं गहन अन्तर्प्रेरणा या अन्तर्नादको यताउता अन्तर्गथित हुन जान्छ। यो हमेशा अचेतन हुन्छ र अचेतन भएर पनि व्यक्तिको व्यवहार, भाव र चिन्तनलाई प्रभाव पार्दछ। मनोग्रन्थी बाह्यकारी, विचार शून्य एवं कष्टदायक हुन जान्छ। हिनतामनोग्रन्थीद्वारा पीडित व्यक्ति नजानेरै आफै हीनताबोधद्वारा वास्तविकतालाई ढाकेर, कमजोरीलाई लुकाएर छद्म व्यक्तित्वको पछि दौडन्छ। यो सर्वश्रेष्ठ देखाउने लालच अचेतनमा हीनतामनोग्रन्थीको कारण बन्दछ।

तपाईहरू प्रत्येक दिन देखिरहनु भएको छ– काँडामाथि सुत्नेहरू, हात माथि उठाएर राखेकाहरू, महिनौं अनावश्यक उपवास गर्नेहरू, तीनदिनको एकपटक खाने या दिन बिराएर खानेहरू, चारैतर्फ आगो बालेर ग्रीष्मको चरम गर्मीमा मध्य दिनमा धूनि जगाउनेहरू, वर्षातमा खुला आकाश तल र जाडोमा चिसो पानीमा डुबेर बस्नेहरू या यस्तै अनेकन क्रिया गर्नेहरू यिनीहरू तपस्वी योगी होइनन् मानसिक रोगी हुन। हीनतामनोग्रन्थीद्वारा पीडित रोगी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको भीडलाई योगी र उपरोक्त क्रियाहरूलाई योग सम्झिनु पूर्णत गलत छ।

मैले जब योग विज्ञानको बारेमा जिज्ञासा जागी पाँच छ वर्षसम्म गेरुवा वस्त्र, रुद्राक्ष र दाढी जटामा तपको नाममा अनेकन नियमहरूमा आफूलाई बाँधी अज्ञानताबस नै भनौं नेपाल र भारतका प्रमुख तीर्थस्थलहरू घुमें। प्रसिद्धि र वाह वाहको शिखरमा पुगेका योगी या साधु नामधारी व्यक्तिहरूको सत्सङ्ग सुनें, खुट्टा मालिस गरें, आफ्नो भ्याएसम्म सेवा पनि गरें तर आफ्नै सम्प्रदायहरूमा बाँधेरश्रमले मेरो चेतन उडानलाई रोक्न चाहनेहरू त धेरै पाएँ। मेरो उडानको वेगमा सहयोगीहरू पाइन। यो यस यात्राले दुई तीन कुरा मलाई सिकायो–यो योगी नामधारीहरू वास्तविकतामा योगी नभै मानसिक रोगी हुन् र उनीहरूको पछि लागी स्वपीडनभन्दा बढी केही हुन सक्दैन, अर्को कुरा यात्राले भेद मुक्ति सिकायो जस्ले गर्दा बाह्य रूपरंगको आध्यात्मबाट मुक्ति मिल्यो, आध्यात्मको मिठास हृदयमा मिल्न थाल्यो।

कति तपस्वीहरूलाई मैले भेटें जस्ले साधना या तपको नाममा चारैतर्फ आगो बाल्दथे साथै टाउकोमा पनि माटोको भाँडामा आगो जलाउँथे। यो साधना भनिने विकृत मनोदशाद्वारा उत्पन्न विकृति हरेक दिन एकदेखि दुई घण्टासम्म चल्दथ्यो र अन्तमा शंख उद्घोष एवं अन्य पूजा प्रक्रया पूरा गरेर तपस्वीले भोजन गर्दथे। यो कुनै योग क्रिया होइन र यसबाट केही प्राप्त हुँदैन।

कतिलाई भेटें जो १५–१६ वर्षदेखि एउटा खुट्टाको बलमा उभिइ-रहने तप गरिरहेकाहरू र अरू कैयन वर्ष त्यसरीनै रहने हठ गरेकाहरू। कसैले भन्दथ्यो २४ वर्षमा अनुष्ठान हुन्छ त कसैले २० वर्षमा अनुष्ठान त कसैले १२ वर्षमा अनुष्ठान हुने र त्यसपछि स्वाभाविक जीवनमा आउने कुरा बताउँथे। एउटा खुट्टा जो खुम्च्याइएको थियो त्यो सुक्दै गएको थियो भने जुन खुट्टाको सहारा उनीहरू उभिएका हुन्थे त्यो सुन्निएर हात्ती पाईले रोग जस्तै देखिएको थियो। यात्रामा अपाङ्गले जस्तै वैशाखी प्रयोग गर्दथे। जहाँ आश्रम हुन्थ्यो या रहनु पर्दथ्यो त्यहाँ झुलाजस्तो डोरीले बनाएकोमा कपडा राखी हातलाई सहारा दिएर उभिई रहन्थे। नीद पनि बडो कष्टकासाथ एक दुई घण्टा यही झुलामा नै लिन्थे र आराम पनि यही झुलामा हुन्थ्यो।

कोही यस्ता पनि पाइए जो आफूलाई सूर्य उपासक मान्दथे र एउटा हात माथि उठाई राख्दथे (उनीहरूको अर्थमा सूर्यलाई चढाएको हात) माथि उठाउँदा उठाउँदा रक्तसंचारको अभावमा त्यो हात मूर्दा स्वरूप या चेतना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विहीन एक हड्डीको ढाँचा मात्र रहेको हुन्थ्यो । सूर्य हरेक विहान अन्धकार-लाई चिर्दै समाप्त गर्दै प्रकाश लिएर आउँछ र भन्दछ उठ र अघि बढ कर्म पथमा तर मानिस त्यही सूर्यको नाममा कर्मको लागि प्राप्त हात जड बनाएर उसैको शिक्षामा थप्पड लगाउँछन् ।

कैयन साधक भन्नेहरू गर्मीको दिनमा दिनभर घाममा सुतिरहन्छन् । यो पनि योग होइन । योग त भन्दछ–"हरेक दिन विहान सूर्यको पहिलो किरणमा सूर्यनमस्कार (व्यायाम शृङ्खला) गर, सम्पूर्ण शरीरमा विहानको प्रथम सूर्यकिरण १५ देखि ३० मिनेटसम्म प्रवेश गराउ ।" यो सूर्य साधना सूर्यमा निहीत ओज शरीरमा एकत्रित गर्न या संग्रह गर्न यथेष्ट लाभदायक हुने छ नत्र दिनभर तप्त धूपमा बस्नाले पागल भएर मानिस मर्नेछ । यो कुनै योग साधना होइन ।

कति काँडामा सुत्दछन्, शरीरमा प्वाल पारेर केके झुण्ड्याउँछन्, जीब्रोमा त्रिशूलले छेडी राख्दछन् । गंगामा या तलाउमा आधा शरीर पानीमा डुबाई राखदछन । जमीनमा खाल्टो खनेर घाँटीदेखि मुनि माटोमा पुरेर टाउको मात्र देखाई बस्दछन्, वर्षौं देखि टाउकोमा पानीको अनवरत धारा चुहाई बस्दछन्, वर्षौं रूखमा चढेर बस्दछन् तल नै ओर्लिदैनन् । यी सम्पूर्ण क्रिया योग होइन न त तप नै हो ।

रामानंद सम्प्रदायका साधुहरू कष्टकर क्रिया गर्न बढी पुचाउँछन् । उनीहरूले तप्त गर्मीमा आगो बालेर ध्यान गर्दछन, जाडोमा एक एक हजार गाग्री पानीले स्नान गर्दछन् या त चिसो पानीमा डुबेर बस्दछन् । वर्षातिभर खुला आकाशमुनि भिजेर रहन्छन् । शरीरलाई बढी भन्दा बढी कष्ट दिनाले पवित्रता आउँछ भन्ने यो सम्प्रदायले हरेक शब्दमा स्व–पीडनको या स्व–हत्याको कुरा गर्दछन् ।

योग जस्तो विज्ञानलाई जन्माउने पूर्वजहरूका यी सन्तति आज योगकै नामलाई कलंकित गर्दै छन् । उपरोक्त सम्पूर्ण क्रियाको नाटक मात्र हीनतामनोग्रन्थीद्वारा पीडित भएर गरेको स्व–पीडन कार्य हो, यसको अध्यात्मसंग कुनै सम्बन्न छैन । योग विज्ञान त्यो विज्ञान हो जसले पीडा होइन सादगी र आनन्द दिलाउँछ । योगको शक्ति र शान्तिको सम्यक मिलनद्वारा घट्ने महा–घटनाको बारेमा पूर्ण ज्ञान दिलाउँछ । जीवनलाई सरल, सहज तरिकाबाट जिउन एवं जागरण जीवन र सचेत देहत्यागको बारेमा सिकाउँछ आज मानिस योगबाट टाढा किन भाग्दै छन् ? सारा संसारको जीवन प्रक्रिया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किन असन्तुलित हुँदैछ। यसको उत्तर हो योगमा निहीत वैज्ञानिक पक्षको अज्ञानता।

योगद्वारा मानिस भाग्नुको कारण यही छद्म तपस्वीको कारण हो जस्ले योग कठीन, कष्टकर र असहज हो भनेर व्याख्या गरिरहेका छन्। सरल जीवन बिताउनेहरूमा भ्रम पैदा भइरहेको छ। योग सरल, सहज, आनन्द, शान्ति, सादगी सिकाउने साथै शरीरका कोषमा चेतना भर्ने विज्ञान हो। यो पूर्ण जागरण र हरेक क्षण नवीनको खोजी गर्ने विज्ञान हो तर विक्षिप्त मस्तिष्कको उपजद्वारा योग कष्टको पर्यावाची शब्द बन्दैछ जसवाट भय पैदा भई मानिसहरू भाग्दैछन्।

योगमा प्रवेश गर्न चेतनाको जरूरत छ, प्रेमको जरूरत छ आडम्वर र कष्टकर साधनाको होइन। जसले आफ्नो शरीरलाई प्रेम गर्दैन उस्ले अरू मानवको या जीवको शरीरप्रति के प्रेम गर्ला ? जो जीवप्रति नै प्रेम पूर्ण छैन ऊ परमात्मा प्रति के प्रेमपूर्ण होला ? यसैले सावधान नाटक गरेर हिड्ने हरूसँग, योगको नाममा विक्षिप्त मानसिक रोगको किटाणु फैलाउनेहरूसँग। जुन भूमिले अष्टावक्र, कृष्ण, पतञ्जलि, बुद्ध, कविरलाई आफ्नो गर्भवाट जन्मायो, शिवलाई योग साधना र अनुसन्धानको चेतनस्पर्श गऱ्यो त्यो भूमि आज अचेतन हुँदैछ। जर्जर हुँदैछ। त्यसैले तपको वास्तविक अर्थ बुझौं, योगको वास्तविक अर्थ बुझौं। शरीर ताडनावाट एक अवस्थामा जागन सकिन्छ यदि यो दुःखमा जागने प्रयोगको लागि गरिन्छ भने कति साधकहरूले स्वेच्छावाट दुःखलाई निम्त्याउँछन् र शारीरिक दुःखमा चेतनामा के प्रभाव पर्दछ भन्ने प्रयोग गर्दछन तर यो प्रयोग केही समयको लागि मात्र हुनुपर्दछ। ६ महिना १ वर्ष तर जीवनभर होइन। उपवास गरिन्छ त सिर्फ यो जान्न कि वास्तविक भोक कहाँ छ ? भोकले चेतनामा के प्रभाव पार्दछ ? तर उपवास शरीर नष्ट गर्न, मृत्यु निम्त्याउन होइन। जाडोमा पानीमा डुवेर वस्नुको अर्थ त सिर्फ यो जान्न हो कि जाडो कहाँ छ ? जाडोले चेतनालाई के प्रभाव पार्दछ ? तर पानीमा केही दिन प्रयोग गर्दैमा साक्षि प्रयोगवाट यो प्रष्ट भै हाल्दछ २० वर्ष २४ वर्षको के जरूरत छ। जस्ले जाडोको चरमतामा १ घण्टा डुव्दा त्यो गुण थाह पाउन सकेन उसले २४ वर्ष त होइन १०० वर्षसा पनि थाह पाउँदैन। जस्ले यति सूक्ष्म साक्षि प्रयोगको लागि यति लामो समय बिताउँछ उस्ले योग विज्ञानको शाश्वत रहस्य कहिले थाह पाउला ? अतः तपको वास्तविक अर्थ बुझौं र योग विज्ञानमा अगी वढौं।

卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संघ सामाजिक जागरणको अभियानमा

–विमलराज पाठक
प्रचारक
मातृभूमि सेवक संघ

(१)

अनन्तकालदेखि सतत् प्रवाहमान भएर प्रवाहित हुँदै आइरहेको हाम्रो यो समाज-जीवन अनेक कटु यथार्थ अनुभवहरूलाई बटुल्दै आइरहेको छ । यो चिरन्तन, अजय, अमर समाजले अनेक उत्थान एवं पतनका कहानीहरू आफ्नो इतिहासमा संगाल्दै आइरहेको छ । त्याग, तपस्या, वलिदान, उदारता "सर्व जन हिताय, सर्व जन सुखाय" आफ्नो जीवन समर्पण गर्ने उदान्त परम्पराको निर्वाह ऋषिमुनि, त्यागी, तपस्वी वीरहरूले एकातिर गरेका छन् भने अर्कोतिर समाज व्यवस्थालाईनै ध्वंस पार्ने खालका कुकर्म पनि भएका छन् । समाज कुरीतिको जालभित्र फँसेर आफ्नो मूलभूत स्वरूपनै भुलेको र त्यसवाट समाजलाई निकाली आदर्शमय स्वच्छ निर्मल एवं जीवनको सर्वोत्कृष्ठ वाटोमा समाज जीवनलाई लगेर सत्यको विजय सदा हुन्छ भन्ने विजय उद्घोष गर्दै हाम्रा दिग्विजयी, वीर, पराक्रमी पुर्खाहरूले अजय, अमर, समाज जीवनको शंखनाद गरेका छन् । नेपालको इतिहास यस्ता असंख्य वन्दनीय स्मरणहरूले परिपक्व आँपको फल झैं भविष्यका हामी संन्तानलाई रसास्वादन गराउन तत्पर छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२)

हे! नेपाल आमाका दुई करोड नेपाली सन्तान हो । हे ! राजा जनक, रामशाह, गोरखनाथ, भगवान् बुद्ध, पृथ्वीनारायण शाह, वीर वलभद्र, अमरसिहका सन्तानहरू हो जाग, सोच, तिमी को हौं । किन कि आज हाम्रो समाजले आफ्नो स्वरूपलाई नै भुलिसकेको छ । कुनै पनि राष्ट्रको दूर्भाग्य भनेको त्यो देशको युवा पिढी दिशाहीन हुनु हो । त्यस्तो अवस्थामा अनेक राष्ट्र मासिएका छन् अनेक सभ्यता मेटिएका छन् । मिश्र, मेसोपोटामिया, ग्रीक, युनान यसका प्रत्यक्ष उदाहरण हुन् । हामी अमर छौं किनकि हामीहरूले सात्विक साँस्कृतिक परम्पराको वदलिदो अवस्थामा वडो वैज्ञानिक ढङ्गले पालना गरेका छौं । हे ! अजय अमर साँस्कृतिक सम्पदाका भागीदारहरू हो । हे ! अमर नेपालका कालजयी नेपालीहरू हो । तिम्रो नेपाल तिमीलाई पुकार्दैछ । स्वार्थको दलदलमा नफस परायी मोहमा परेर स्वराष्ट्र, स्वधर्म, स्वसंस्कृति नभुल, यो हाम्रै आफ्नै र भावी संतानको लागि संकट वृक्ष वन्नेछ । समय रहँदै राष्ट्रजागरणरूपी धारिलो तलवारले यो अराष्ट्रिय विचाररूपी विषतरुलाई काटेर सदासदाको लागि मिटाई देऊ । इतिहास तिम्रो गुणगान गाउनें छ ।

(३)

जगद्जननी जगदम्वा साक्षात् भगवती सरस्वती स्वरूपा सतत् वन्दनीय मातृभूमि नेपाल आमाको पारम्परिक आदर्श राष्ट्रिय चरित्रमाथि आज असहनीय प्रहार भइराखेका छन् । आज हाम्री मातृभूमि असहाय भएर आफना वीर सपूतलाई पुकारी रहेकी छिन्। यो कर्णभेदी आर्तनादलाई सुन, यो हाम्रै घर, नगर, टोल, गाउँ छिमेक वरिपरि भइराखेका अराष्ट्रिय कुकर्महरूको प्रतिध्वनि हो । धिक्कार छ त्यो युवकलाई (तरुणायीलाई) जसले आफनी मातृ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिको सेवा र रक्षा गर्न सकेन बरु त्यसको वदला जसको जवानी, भोग र विलाशमा मात्र वित्यो। कोटी-कोटी युवकको आह्वान गर्दै आज "मातृभूमि सेवक संघ" नेपालको राष्ट्रिय गौरवलाई पुनर्जागरण गर्न कृत संकल्प छ। हे ! नेपाल आमाका सपूतहरू हो ! संघ स्वराष्ट्रको स्वसाँस्कृतिको गौरवलाई जगाउन आफ्ना जीवन्त कार्यक्रमकासाथ अहोरात्र सेवारत छ। प्रतिदिन चउरमा हुने कार्यक्रममा व्यायास, योगआसन खेल, राष्ट्रभक्ति पूर्णगीत राष्ट्रियवन्दना गरेर संघले हाम्रो राष्ट्रका युवाहरूलाई निशदिन देशको सेवा गर्ने प्रेरणा दिएको छ, भौतिक विकास मात्र राष्ट्रोन्नति होइन वैयक्तिक विकास मात्रले त समाजलाई वीभत्स, कलह र द्वेषले भरिदिन्छ जसका प्रत्यक्ष उदाहरण आज पश्चिमी तथाकथित पूँजोपति राष्ट्र भएका छन्।

(४)

राष्ट्र जागरणको यस पावन कार्यमा संघ आफ्नो आदर्श राष्ट्रिय इतिहासलाई आधार वनाएर सम्पूर्ण विश्वका सामुन्ने "चन्द्र-सूर्य" अंकित ध्वजालाई उतुंग गरेर फरफराउनका लागि त्यागी, तपस्वी, आदर्श तरुण पिढीको सृजना गर्न चाहन्छ। मानव मात्रको लागि मानवीय जीवन पद्धति, जीवन दर्शन दिन चाहन्छ। राष्ट्र जीवनका सामु आएका कुनै पनि चुनौतिको प्रत्यक्ष प्रतिकार गरेर स्वराष्ट्रको नाम दुनियाँकासामु चम्काउनका लागि यो देशका भावी पिढीलाई एक सवल सुसंकारीत मातृभूमि नेपालको अगाध मायाले परिपूर्ण अभेघ संगठन दिन "मातृभूमि सेवक संघ" आफ्ना तर्फबाट सम्पूर्ण प्रयास गरिरहेको छ। अनेक स्थानमा प्रतिदिन संघका शाखाका कार्यक्रम हुन्छन् यही लक्ष राखेर कि त्याग तपस्याको जुन वलीवेदीमा हाम्रा पूर्खा स्वजीवनलाई होम गरेर गए, त्यो यज्ञ कुण्ड खालि नरहोस् भनेर। हामी दुई करोड नेपाली आफ्ना पूर्खाको थाति रहेको यो राष्ट्र जागरणरूपी महान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञमा हविस भएर यज्ञ दान दिनेछौं । आफ्नो राष्ट्रभक्तिबाट निःस्वार्थ भावले देशको सेवा गरेर "मातृभूमि सेवक संघ" कोटी कोटी नेपालीका हृदयमा यही भाव पुऱ्याउन चाहन्छ । आफ्ना कार्यक्रमका माध्यमबाट धर्म केवल पूजा पाठ गर्नु होइन, वाह्याडम्बर धर्मको सबैभन्दा डरलाग्दो उपक्रम हो । धर्मले त्याग, तपस्या, सदाचार, इमानदारी र सम्पूर्ण समाजका लागि आपनो जीवन दान दिने शिक्षा दिन्छ । त्यो धर्म वास्तममा धर्म हो जसले परहितका लागि मर्न र जिउन सिकाउँछ । बाँकी त सब प्रदर्शन मात्रै हो । हाम्रो पवित्र सनातन हिन्दू धर्मको यही सन्देश छ कि राष्ट्रदेव र स्वबान्धवका दुःख निवारणको लागि आफ्नो जीवन होम गर । संघ यही सन्देश नेपालका प्रत्येक राष्ट्रप्रेमी बन्धुसम्म पुऱ्याउन चाहन्छ । संघको जन्म यही युग परिवर्तनकारी कार्य सम्पन्न गर्न भएको छ । नेपालका प्रत्येक युगवाहक नेपालीहरूमा यही सन्देश दिदै । "मातृभूमि सेवक संघ"का सत्प्रयासबाट एकदिन नेपाली राष्ट्रियताको प्रखर सूर्योदय हुनेछ । यही अटल दैवीय विश्वासकासाथ मातृभूमिका श्री चरणमा आफ्नो जीवन, आफ्नो सेवा सर्मपित गरौं ।

卐

ज्ञान नै वास्तवमा सुन अथवा हीरा हो ।

—स्वामी शिवानन्द

☐

ज्ञानको ज्योति प्रज्वलित हुन गएमा कर्म भस्म हुन्छ ।

—स्वामी शंकराचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयं-सेवकप्रति

अजय रिसाल

रविको रश्मिले चिर्छ रातको अन्धकारलाई
वीरको खुकुरी चिर्छ देशको द्रोह गर्नेलाई ।
स्वयंसेवक भए आउँछ कालको गति मोड्नलाई
नयाँ आलोक बोकेर सारा ती हिन्दू जोड्नलाई ।।

मातृभूमिको सेवामा ज्यान जो दिन सक्दछ
आफूलाई मेटाएर अरूलाई दिन सक्दछ ।
देशमा व्याप्त रात्रिलाई नासेर ज्योति बाल्दछ
आफ्नो स्वार्थलाई त्यागेर देशको स्वार्थ हेर्दछ ।।

स्वयंसेवक छ ऊ आफैं अरूको उपकारमा
दिलोज्यान दिई हिंड्ने को छ त्यस्तो महामना ?
संघलाई ठान्छु मन्दिर पूजारी ती स्वयंसेवक
देवता हो ध्वज हाम्रो ध्येयविन्दु देखाउँछ ।।

जाग जाग स्वयंसेवक देश हाम्रो धपेडियो
हिन्दूकै देशमा आज हिन्दूजाति लखेटियो ।
संस्कृति सभ्यता सारा भई नाश उजाडियो
भैलो, देउसी र कीर्तन सुक्दै सुक्दै कता गयो ?

काँधमा देश छ हाम्रो जिम्मेवारी छ हातमा
संस्कृति सभ्यता गुमे नासिन्छ देश साथमा ।
त्यसैले नै तिमी हामी स्वयंसेवक भइकन
जोगाउनु पर्दछ हाम्रो संस्कृति सभ्यता चिन ।।

तेल थप त्यो ज्योतिमा निभ्ने निभ्ने भइसक्यो
दीगो दीपक बाल्नुछ धेरै ढिलो भइसक्यो ।
सल्काउँदै जानुछ हामीले एउटा एउटा दीपक
उज्यालो पार्नुछ हामीले हाम्रो यो देश नेपाल ।।

चिनौं कर्तव्यलाई आफ्नो, सबै स्वयंसेवकले ।
नेपाल आमाको आँसु पुछौं स्वयंसेवकले ।।
कम्मर कस्नुछ अब ध्येयविन्दु समाउन
आफू र अरूलाई पनि देशनिम्ति जुटाउन ।।

卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयं-सेवक अभिव्यक्ति

यस दुनियाँमा थुप्रै तारा उदाउँछन् र अस्ताउँछन भन्ने हामी सबैलाई थाहा छ। तर साँचो अर्थमा अन्धकारसंग पौंठेजोरी खेल्दै टिमटिमाइरहेका ताराहरू कहिल्यै अस्ताउँदैनन्। आफू चम्किरहन्छन् अरूलाई प्रेरणा दिइरहन्छन्। रात्री जतिसुकै विकराल र भयानक देखिए पनि क्षणिक मात्रै हो। कर्म क्षेत्रमा खटिएको कर्मवीर मानव जीवनभर काम गर्छ। तर कर्मकै फलले केही मात्र मानव स्थूल शरीर जीवनपर्यन्त पनि बाँचिरहन्छ। यसर्थ जो आफ्नो लागि मात्र बाँच्दछ मृत्युतुल्य जिन्दगी बाँच्दछ।

तसर्थ प्रत्येक मानव राष्ट्र, राष्ट्रिय, कला र संस्कृतिप्रति गौरव गर्नुकासाथै उत्तरदायी बन्न सक्नुपर्छ। हाम्रा संस्कृति र धर्मलाई थिच्दै र पुर्दै पश्चिमेली छाडावाद अर्थवाद एवं अहंवादले हाम्रो समाजमा जरा गाड्न लागेको बेला मातृभूमि सेवक संगठन जस्तो सामाजिक संस्थाको जन्म हुनु र त्यस संस्थालाई नजिकबाट चिन्न पाउनु अत्यन्त खुशी लाग्दो कुरा हो। अठोट र उत्साह बोकेका थुप्रै जीवनको पुर्वार्द्ध र मध्यार्ध व्यतित गरिसकेका व्यक्तिहरू पनि यस लक्ष्य धर्म र संस्कृतिको लागि रहेको पाउँछौं। म निकै प्रभावित भएको छु। यस संस्थाले भावनामा मात्र जोड नदिएर हिन्दू विद्यापीठको निर्माण, नि:शुल्क चिकित्सा सेवा, पुस्तकालय सेवा लगायतका क्रियात्मक सेवाहरू पनि देशको विभिन्न भागमा दिइरहेको छ। यसरी भावना र क्रियालाई गाडीका दुईपाङ्ग्रा मानेर जुन संस्था चलिरहेको छ त्यसलाई राम, कृष्ण, भृकुटी, सीता, जनक, बलभद्र, अमरसिंह, पृथ्वीनारायण शाह, बाल्मीकी, त्यसबाट प्रेरित जनशक्तिको आवश्यकता रहनु स्वभाविक छ। यस सम्मानित कार्यमा के महिला के पुरुष, के युवा, के वृद्ध हामी सबैले क्षमतालाई भ्याएसम्म यस्ता संस्थाहरूलाई सहयोग गरी आफू आफ्नो समाज र राष्ट्रकै लागि योगदान गरौं। अहिलेलाई यही कामना "सत्यं एव जयते" अहं एव यस्य पृष्ठ।

–दिव्य पन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

★★★★★
बालमञ्च
★★★★★

हामी बालक

हिमाललाल श्रेष्ठ
हिन्दू विद्यापीठ–नेपाल
कक्षा – ९ (नौ)

बालक हामी सानामा साना, भोलिका तारा हौं,
उज्ज्वल पार्ने यो देशलाई, हामीनै वीर हौं ।।

सानामा साना चम्किने तारा, भोलिका कर्णधार,
चाहिँदैन कुनै भौतिक चीज, चाहिँदैन मोटरकार ।।

नगर हेला बालक भनी कमजोर ठानेर,
बालक हामी अगाडि बढ्छौं, खुकुरी भिरेर ।।

दुई ढुंगाबीच तरूल सरि, तर छ दह्रो यो,
त्रिकोण झण्डा लिएर जागौं, यो देश हाम्रो हो ।।

यो मेरो देश छ चारैतिर, पहाडले घेरेको,
उत्तर हेर शिर उठाई, हिमाल हाँसेको ।।

यो मेरो देश नेपाल हेर, स्वर्ग झैं सुन्दर,
मिलेर बस्छौं, विकास गर्छौं, कसेर कम्मर ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीरको गाथा

राजेन्द्रबहादुर शाही
हिन्दू विद्यापीठ–नेपाल
कक्षा – ७

हामी बाँच्यौं यही माटोमा
हामी हुर्क्यौं यही पाखोमा
पानी पियौं यही कुलोको
जीवन ठान्छौं यही धुलोको ।।

यही काखामा हुर्क्यौं हामी
यही छाप्रामा जीवन पायौं
पानी पिउँछौं अमृत ठानी
दुःख सहन्छौं आफ्नै मानी ।।

पूजा गर्छौं यही माटोलाई
स्वर्ग ठान्छौं यही भूमिलाई
हामी बाँच्छौं यस्कै लागि
हामी मर्छौं देशको लागि ।।

पहाड हुन् हाम्रा इन्द्रिय-खम्बा
नदी हुन् हाम्रा रगतका नसा
नेपाल आमा हाम्री माता
हामी गाउँछौ यसकै गाथा ।।

हामी बिर्सन्नौं यो माटोलाई
हामी सहन्नौं विद्रोहीलाई
बोल्नेछौं सधैं नेपाली भाषा
भुल्दैनौं कहिले वीरको गाथा ।।

卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आऊ हे कृष्ण ! आऊ

–संजय श्रेष्ठ
हिन्दू विद्यापीठ–नेपाल, कक्षा ७

आऊ हे कृष्ण ! आऊ फेरि आऊ
विगुल फुर्को पुनर्जन्म लिएर आऊ
भोगको रोगी म मान्छेलाई, फेरि योगी
वनाउन तिमी आऊ
वासनाको दलदलमा फसेको म मान्छेलाई पार
गराउन तिमी आऊ
पतित धर्मको रक्षाका निम्ति, धर्मयुद्ध लडाउन तिमी आऊ
अधर्मका विरुद्ध ढुङ्गा–मुढाहरूलाई पनि जोगाउन तिमी आऊ
मान्छेको दृष्टि र विचारमा लागेका ध्वाँसोलाई
हटाउन तिमी आऊ
सिङ्गो महाभारत मान्छेको मनमा फेरि दोहोऱ्याउन तिमी आऊ
फेरि "खुरत दु:खे समे कृत्वा" भनी कर्मभूमिमा सुनाउन तिमी आऊ
दु:खी छु यो संसारमा ध्येयविन्दुसम्म बाटो देखाउन तिमी आऊ
अति चंचल छ मन यो ध्यान सिकाउन तिमी आऊ
धर्मको ध्वज ठड्याउनको निम्ति मेरा हात–पाऊ वलिया
वनाउन तिमी आऊ
तिम्रा गोपिनीहरूका उत्थानका निम्ति तिमी फेरि आऊ
तिम्रो वाँसुरीको मधुरताले आजको संगीतलाई नयाँ मोड दिन तिमी आऊ
हे कृष्ण ! दया राखी यही नेपाली हिन्दू विपापीठमानै
पुनर्जन्म लिएर आऊ
अनि आकाश छुने मातृभूमि सेवक संघको उन्नेश्यलाई
साकार गराउन तिमी आऊ ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब शक्ति देऊ

हीरा पोखरेल
हिन्दू विद्यापीठ–नेपाल
कक्षा – ७

हे जगजननी अब शक्ति देऊ
प्राण प्राणमा भक्ति देऊ। २
हे जगजननी. २

ज्ञानी विद्यार्थी बन्न सकौं
योग्य नागरिक बन्न सकौं
तिम्रै सेवा गर्न सकौं
दुःखमा पनि हाँस्न सकौं।
हे जगजननी. . . . . . .

आँखा राम्रो देख्न सकून्
कान यी राम्रै सुन्न सकून्
वाणी मीठो बोल्न सकौं
तन मन अर्पी रम्न सकौं।
हे जगजननी. . . . . . .

दुःखीको आँसु पुछ्न सकौं,
राष्ट्रको लागि मर्न सकौं
प्राणी मात्रलाई माया गर्दै
जीवन सार्थक पार्न सकौं।
हे जगजननी. . . . . . .

卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

संघ–गतिविधि

शिविर

गत २०४६ आश्विन विजयादशमीको पावन अवसरमा शक्ति समाराधनको क्रममा यस संघद्वारा नवौं केन्द्रीय शिविर सुसम्पन्न भयो। ०४६ आश्विन ११ देखि १४ गतेसम्म संचालित यस चार दिने शिविरमा करीव एक सय स्वयंसेवकहरूले भाग लिएका थिए। वहुउद्देश्यीय मा. वि. सानो ठिमीमा आयोजित यस शिविरको सर्वाधिकारीको पदमा श्रद्धेय डा. स्वामी प्रपन्नाचार्य ज्यू विराजमान हुनुभएको थियो भने समापन समारोहमा प्रतिनिधि सभाका सभामुख श्री दमननाथ ढुंगानाज्यू प्रमुख अतिथिको रूपमा पाल्नुभएको थियो।

संघीय पद्धति अनुसार यस शिविरको बौद्धिक प्रमुखको भार संघका महासचिव श्री रामप्रसाद सत्यालज्यूले वहन गर्नुभएको थियो भने शारीरिक प्रमुखको श्री ज्ञानवहादुर थापाज्यूले। सुप्रतिष्ठित समाजसेवी श्री वद्रीविक्रम थापाज्यूको विशेष समुपस्थितिले शोभायमान यस शिविरमा कविवर केदारमान व्यथितज्यू, विशिष्ट विद्वान् श्री मोहन खनालज्यू, श्री पुष्करप्रसाद रेग्मीज्यू एवं संघका विशिष्ट कार्यकर्ताहरूको प्रवचन अविस्मरणीय नै थियो। सुविख्यात स्वामी श्री रामानन्दज्यूको मार्गदर्शनको सौभाग्य पनि शिविरका सहभागीहरूलाई मिलेको थियो। वर्षेनी आयोजना गरिने यस शिविरमा राष्ट्रका कुना-कुनावाट आएका स्वयंसेवकहरूले शारीरिक, मानसिक, बौद्धिक र आध्यात्मिक विषयक प्रशिक्षण प्राप्त गरेका थिए।

समर्पण दिवस

२०४६ पौष २७ गते संघको परम्परा अनुसार पृथ्वी जयन्ती तथा एकता दिवस "समर्पण दिवस" को रूपमा भव्यताका साथ सुसम्पन्न भयो। त्रि. वि. का उपकुलपति प्रा. श्री केदारभक्त माथेमाज्यूको प्रमुख आतिथ्यमा सुसम्पन्न भएको यस समर्पण दिवसमा त्यस दिनको महत्वमाथि प्रा. श्री शिवगोपाल रिसालज्यू लगायत संघका कार्यकर्ताहरूले प्रकाश पारेका थिए। राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहद्वारा राष्ट्र, समाज, धर्म र संस्कृतिका लागि गरिएको समर्पण वास्तवमा एक युगान्तकारी ऐतिहासिक समर्पण थियो तथा एक दूरदर्शितापूर्ण राष्ट्रिय चिन्तनमा आधारित आदर्श समर्पण थियो भन्ने विश्वासको आधारमा संचालित यस कार्यक्रममा सम्पूर्ण स्वयंसेवक एवं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यक्रममा आमन्त्रित संघप्रेमी बन्धुहरूले भावनात्मक समर्पणका साथसाथै स्वेच्छाले आर्थिक समर्पण पनि गरेका थिए ।

माघे संक्रान्ति

हाम्रा राष्ट्रिय चाड–पर्व एवं उत्सवहरूको सामाजिक सुदृढीकरणमा सूत्रहरू एवं राष्ट्रिय जागरणका सन्देशहरू प्रत्येक नेपाली नागरिकका हृदयमा सही रूपले पुग्न सकुन् तथा समयको अन्तरालमा आएका विकृतिहरूको परिमार्जन गरी चाड–पर्व–उत्सवहरूप्रति श्रद्धा र निष्ठाको भाव विकसित गर्न सकियोस् भन्ने उद्देश्यले संघ वर्षेनी नियमित रूपले चाड-पर्वहरूको समायोजन गर्दछ । यही क्रममा माघे संक्रान्ति २०४९ को समायोजन स्वयंसेवकहरूको बीचमा गरी पारिवारिक स्नेहको वातावरणमा सुसम्पन्न भयो– अध्यक्षकै निवासस्थान जावलाखेलमा ।

बुद्ध जयन्ती

यही २०५० वैशाख २४ गते भगवान गौतम बुद्धको जन्मजयन्ती यस संघको आयोजनामा संचार राज्यमंत्री माननीय श्री विजय गच्छदारज्यूको प्रमुख आतिथ्यमा सुसम्पन्न भयो । हिन्दू विद्यापीठ–नेपालको प्राङ्गणमा संचालित यस कार्यक्रममा विद्यापीठका विद्यार्थीहरूले विविध झाँकी, भक्ति संगीत, वन्दना, प्रार्थना आदि प्रस्तुत गरेका थिए । डा. स्वामी प्रपन्नाचार्यज्यूको विशेष समुपस्थितिमा आयोजित यस कार्यक्रममा भगवान् गौतम बुद्धको जीवनीका खास पक्षमा विद्वान् वक्ताहरूद्वारा प्रकाश पारिएको थियो ।

वनभोज

स्वयंसेवकहरूको बीचमा पारस्परिक सद्भावको विकास होस् र संघीय धारणाको स्पष्ट ज्ञान होस भन्ने उद्देश्यले वर्षेनी वनभोज कार्यक्रमको आयोजना गरिन्छ । यस वर्षको वनभोज त्रिभुवन स्मारक समिति थानकोटमा करीब एक सय स्वयंसेवकहरूको सहभागितामा सुसम्पन्न भयो । २०५० जेठ २३ गते सम्पन्न गरिएको यस वनभोजमा विविध मनोरञ्जनका साथसाथै चर्चा र प्रवचनको समेत आकर्षक आयोजना गरिएको थियो ।

गुरू पूर्णिमा

संघीय चिन्तनको एक महत्वपूर्ण पक्षको रूपमा रहैको गुरू पूर्णिमाको कार्यक्रम २०५० आषाढ १९ गते सुसम्पन्न भयो । संघका अध्यक्षज्यूको निवास स्थल सत्संग कक्षमै संचालित यस कार्यक्रममा गुरू भगवद्ध्वजको पूजन गरिनुका सथै प्रवचन, छलफल आदि गरिएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनै पूर्णिमा

यही २०५० श्रावण १८ गते जनै पूर्णिमा (रक्षा वन्धन) को कार्य-क्रम स्वयंसेवक परिवारको वीचमा सुसम्पन्न भयो । यस कार्यक्रममा डा. स्वामी प्रपन्नाचार्यज्यूद्वारा कार्यक्रमको महत्वमाथि प्रकाश पारिएको थियो भने संघका वरिष्ट कार्यकर्ताहरूले रक्षावन्धनको साँस्कृतिक प्रसंगलाई राष्ट्र रक्षाको सामाजिक प्रसंगसँग जोड्ने संघीय चिन्तनमाथि विशेष चर्चा गरेका थिए । गुरु भगवद्ध्वजको सन्देश एवं आदर्श परम्पराको रक्षा गर्ने संकल्पका साथ सभारम्भ गरिएको यस कार्यक्रममा रक्षासूत्र पनि वाँधी सामूहिक जीवन शैलीको यथार्थ स्वरूप प्रस्तुत गरिएको थियो ।

श्रीकृष्णजन्माष्टमी

प्रत्येक वर्ष झैं यस वर्ष पनि श्रीकृष्णजन्माष्टमी समारोह २०५० श्रावण २६ गते संघको आयोजनामा हिन्दू विद्यापीठ–नेपालको प्राङ्गणमा घूमधामकासाथ सुसम्पन्न भयो । भूमिसुधार तथा व्यवस्था राज्यमन्त्री माननीय श्री सिद्धराज ओझाज्यूको प्रमुख आतिथ्यमा समायोजित यस कार्य-क्रममा विद्यापीठका वाल-गोपालहरूद्वारा विविध झाँकी प्रदर्शन गरिनुकासाथै भजन-कीर्तन-वन्दना आदि प्रस्तुत गरिएको थियो ।

जिल्ला भ्रमण

संघकार्यको प्रचार प्रसार एवं धार्मिक जागरणका उद्देश्यले संघका कार्यकर्ताहरूको समय समयमा जिल्ला भ्रमणको आयोजना गरिन्छ । कार्य-कर्ताहरूसँग भेटघाट, धार्मिक प्रवचन, स्कूलहरूमा नैतिक शिक्षाको प्रचार आदि कार्यक्रमका माध्यमवाट जिल्लाहरूमा संघकार्यको सुदृढीकरण गरिन्छ साथै धार्मिक-आध्यात्मिक एवं राष्ट्रिय चेतनाको व्यापक रूपमा विकास गर्ने अटूट प्रयास गरिन्छ ।

२०४९ सालको भाद्रमा यस संघका अध्यक्ष डा. श्री बिहारीलाल श्रेष्ठज्यू एवं विद्यापीठका प्रधानाचार्य श्री चिन्तामणि योगीज्यूले नारायणघाट, भैरहवा र दांग आदि ठाउँको झण्डै १० दिन जतिको भ्रमण गर्नुभएको थियो । मातृभूमि सेवक संघ, रूपन्देही शाखाका अध्यक्ष डा. श्री रामप्रसाद वस्यालज्यू एवं वलदेव योगी र सागर घिमिरेज्यूकोसमेत सहभागिता रहेको यस भ्रमणमा निःशुल्क स्वास्थ्य सेवाको कार्यक्रम पनि समावेश गरिएको थियो ।

यसैगरी २०४९ चैत्रमा अध्यक्ष डा. श्री बिहारीलाल श्रेष्ठज्यू लगायत संघका कार्यकर्ता श्री चिन्तामणि योगीज्यू एवं श्री जर्जुन गुरूङ्गज्यूको सह-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भागितामा जिल्ला भ्रमणको कार्यक्रम सुसम्पन्न भयो। जसमा प्रवचन, भेटघाट बैठक आदिका साथै स्वास्थ्य कार्यक्रमको पनि आयोजना गरिएको थियो।

जिल्ला भ्रमणको यही क्रममै २०५० आश्विन १ गतेदेखि सप्ताह भरका लागि संघका कार्यकर्तागण विमलराज पाठक, चिन्तामणि योगी र नारायण पन्थीज्यूको पुनः नारायणघाट, देवघाट, भैरहवा, दांग आदि पश्चिमी क्षेत्रमा सफल भ्रमण कार्यक्रम सुसम्पन्न भयो। प्रवचन कार्यक्रम आदिका साथै दशौं केन्द्रीय शिविरको प्रचार प्रसार आदिको दायित्व पनि यस भ्रमण टोलीले निर्वाह गऱ्यो।

शिक्षक शिविर

वर्षेनी कुशल कार्यकर्ताहरूको निर्माण गर्ने उद्देश्यले शिक्षक शिविरको आयोजना गरिन्छ। शिक्षक शिविरले एकातिर सक्षम कार्यकर्ताहरूको जत्था नै तयार गर्ने क्रममा महत्वपूर्ण भूमिका खेल्छ भने अर्कोतिर संघका नियमित वार्षिक शिविरहरूको सुसंचालनका लागि पूर्वाभ्यासको काम गर्दछ। यही व्यापक उद्देश्यलाई ध्यानमा राखी २०५० आश्विन १३ गतेदेखि १७ गतेसम्म पाँच दिने "चतुर्थ रात्री शिक्षक शिविर"को कार्यक्रम सुसम्पन्न भयो। अध्यक्ष-ज्यूकै निवासस्थानमा समायोजित यस कार्यक्रममा विविध बौद्धिक विषयहरू-मा कार्यकर्ताहरुद्वारा कार्यपत्र प्रस्तुत गरिनुका साथै समग्रमा संघीय चिन्तनका विविध पक्षमा विस्तारपूर्वक विमर्श गरियो तथा धर्म, संस्कृत एवं विविध महत्वपूर्ण संवेदनशील प्रश्नहरुमाथि गंभीरताका साथ चिन्तन-मनन गरियो।

स्वास्थ्य र आध्यात्मिक पुस्तकालय

गरीबीको मारले पिल्सिएका नेपाली दाजु-भाइ, दिदी-बैनीहरूको सेवा गर्नु नै वास्तवमा राष्ट्रको सेवा गर्नु हो। त्यसैले संघले हालै २०५० मा काठमाडौं वडा नं. ३४ बानेश्वर-देउराली क्लबको भवनमा निःशुल्क स्वास्थ्य सेवा केन्द्रको स्थापना गरेको छ। सुप्रतिष्ठित चिकित्सकहरूको निःस्वार्थ सहयोगमा सञ्चालन गरिएको यस क्लिनिकलाई क्रमशः वृद्धि गर्दै लैजाने संघको योजना रहेको छ।

हाम्रो नेपाली समाजमा आफूसंग भएका पुस्तकहरूको जगेर्ना गरी राख्नु एक समस्या भएको छ भने खोजेका बेलामा अभीष्ट पुस्तक नपाइनु झन् अर्को ठूलो समस्या भएको छ। त्यसैले संघले यही २०५० मा आएर "जनक आध्यात्मिक राष्ट्रिय पुस्तकालय"को बानेश्वरमा स्थापना गरेको छ। यो पुस्तकालय धर्म, संस्कृत, साहित्य, इतिहास, पुरातत्व, शिक्षा आदि विषयको एक महत्वपूर्ण आधार नै बन्ने कुरामा हामी विश्वस्त छौं। □

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया :
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जन :

नेपाली मात्रको महान् पर्व

विजया दशमी २०५० को

सुखद् अवसरमा सम्पूर्ण ग्राहक महानुभावहरूको

सुख, समृद्धि तथा सुस्वास्थ्यको लागि

हार्दिक मङ्गलमय शुभ-कामना

व्यक्त गर्दछौं ।

सबै किसिमको एक्स-रे को भरपर्दो
सेवाको लागि सदा सम्झनु होस् ।

फोनबाट पनि सेवा दिने व्यवस्था छ ।

फोन नं. Off. २-१४९२१ Re २-१५५७२

नारायणी एक्स-रे प्रा.लि.
त्रिपुरेश्वर, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमीको उपलक्ष्यमा
समस्त देशवासीहरूमा
हार्दिक
शुभ-कामना व्यक्त
गर्दछु ।

ज्ञानेन्द्रचन्द्र श्रेष्ठ
☎ ५-२३७४६ अर्थोपेडिका
कुपण्डोल, ललितपुर
(हामी कृतिम हातखुट्टा जडान गर्नुका साथै अन्य अर्थपेडिक उपकरण बनाई सेवा पुऱ्याउदैछौं ।)

विजया दशमी
२०५०
को शुभ-उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरूमा
हार्दिक मङ्गलमय
शुभ-कामना

रामराज ताम्राकार
मङ्गलवजार, ललितपुर

विजया दशमीको अवसरमा
सम्पूर्ण
ग्राहकहरूमा हाम्रो
हार्दिक मङ्गलमय
शुभ-कामना

-कृषि चून उद्योग लि. परिवार
चोभार

विजया दशमी २०५० को
सुखद् उपलक्ष्यमा समस्त
ग्राहक महानुभावहरूमा
हार्दिक मङ्गलमय
शुभ-कामना व्यक्त
गर्दछौं ।

–कृषि विकास बैंक परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संगच्छध्वं संवदध्वं सं वो मानांसि जानमाम् ।।

विजया दशमी २०५० को अवसरमा

हामी हाम्रा समस्त ग्राहक महानुभावहरूको

सुख तथा सफलताको लागि

शुभ–कामना व्यक्त गर्दछौं ।

– राजकमल स्पिनिङ्ग एण्ड विभिङ्ग मिल्स प्रा. लि.

बालाजु, काठमाडौं

वडा दशैं २०५० को

सुखद् अवसरमा

सम्पूर्ण ग्राहक महानुभावहरूको

सुख एवं सफलताको लागि

हार्दिक शुभ-कामना

– रुद्र थापा

त्रिवेणी छापाखाना

५२६८५६ न:टोल, ललितपुर

साझा प्रकाशन - हामी सबैको प्रकाशन प्रतिष्ठान हो । नेपाली वाङ्मयका विविध विधाका एक हजार जति–विभिन्न शीर्षकका कृतिहरू-संस्थाका विभिन्न शाखा एवं अधिकृत विक्रेताहरू कहाँ-बाट खोजी खोजी पढ्नुहोस् ।

साझा प्रकाशन

पुल्चोक, ललितपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वडा दशैं २०५० को

हार्दिक शुभ-कामना

नेपाल प्रजनन स्याहार केन्द्र

[N F C C]

ज्यागल, कुपण्डोल ।

यहाँ भ्याकेस्टोमी, ल्याप्रोस्कोपी मिनिल्याप र परिवार नियोजनको राम्रो सुविधा छ ।

विजया दशमी २०५० को उपलक्ष्यमा समस्त देशवासीको सुस्वास्थ्य एवं प्रगतिको कामना गर्दछौं ।

थुप्तेन लोप्साङ लामा
(म्यानेजिङ डाइरेक्टर)
तथा
माया ट्रेकिङ्ग प्रा. लि. परिवार
बौद्ध, काठमाडौं ।

विजया दशमीको सुखद् उपलक्ष्यमा

हार्दिक शुभ-कामना

The Everest Hotel

Baneswor, P. O. Box 659
Kathmandu, Nepal
Tel. 220567 Fax: 977-1-226088
TLX 2260 HOTEVS NP

विजया दशमी सबैको लागि फलदायी हुन सकोस्

हाम्रो शुभ-कामना ।

Api Saipal Treks & Expedition Centre (P.) Ltd.

Phon; 413873
Fax- 00-977-1-222026

P.O. Bcx; 5966, Satghumti, Thamel
Kathmandu, Nepal

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

EVEREST TRAVFL SERVICE (P.) LTD
ONE OF THE PIONEER TRAVEL SERVICE IN NEPAL, ESTABLISHED WAY BACK IN 1965.
WE OFFER:

- Daily Conducted sightseeing Tours
- Domestic/International Ticketing
- Charter flight Arrangement
- Arrangement for Trekking, White - Water Rafting, Jungle Safari etc.
- Hotel Booking.

Head office: Basantapur, Kathmandu Tel. 222217
Telex: 2279 Ets Np
Branch office: Pratap Bhawan, Kantipath. Kathmandu
Tel: 221216, 221392 225263,

विजया दशमी २०५० को शुभ उपलक्ष्यमा
हार्दिक मङ्गलमय शुभ-कामना

नेपाल हस्तकला उद्योग संघ
माइतीघर, काठमाडौं

EVEREST DE CARGO [P] LTD.
One of the Leading Cargo Consolidater in Nepal.
We Expertise in Booking All Types
Of Air Cargo Worldwide
In Competitive Rates And Fastest Service. Please Call·

PRATAP BHAWAN, KANTIPATH
KATHMANDU, NEPAL
Tel: 221216, 221392, 225963, Telex 2279 ETS NP

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

या देवी सर्वभूतेषु श्रद्धारूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमो नमः ।।

विजया दशमी २०५० को शुभ अवसरमा

समस्त ग्राहक

महानुभावहरूमा हार्दिक मङ्गलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

मनकामना मेटल इण्डष्टिज
परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमीको

हार्दिक

मङ्गलमय

शुभ-कामना

२०५०

महेन्द्र संस्कृत विश्वविद्यालय
परिवार

विजया दशमीको पावन
अवसरमा

सम्पूर्ण ग्राहकहरूमा

हाम्रो हार्दिक

शुभ-कामना

२०५०

रत्न बूक डिष्ट्रीव्युटर्स प्रा. लि.
परिवार

वडा दशैं २०५० को

शुभ अवसरमा

हार्दिक मङ्गलमय

शुभ- कामना

—गोवर ग्यास तथा कृषि यन्त्र विकास
प्रा लि. परिवार
कुपण्डोल, ललितपुर

२०५० विजया दशमी

सम्पूर्ण नेपालीहरूका लागि

शुभ होस्

शुभ-कामना

卐 टुसिता रेष्ट हाउस प्रा. लि.
परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमी २०५० को
शुभ - उपलक्ष्यमा
हार्दिक मङ्गलमय
शुभ-कामना

—नेपाल बैंक लिमिटेड
परिवार

विजया दशमी
२०५०
को शुभ-उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरूमा
हार्दिक मङ्गलमय
शुभ—कामना

अफिस मेटेरियल्स सेन्टर
रामशाह पथ, काठमाडौं

विजया दशमीको अवसरमा
सम्पूर्ण
ग्राहकहरूमा हाम्रो
हार्दिक मङ्गलमय
शुभ—कामना

होटल सांग्रिला
काठमाडौं

विजया दशमी २०५० को
सुखद् उपलक्ष्यमा समस्त
ग्राहक महानुभावहरूमा
हार्दिक मङ्गलमय
शुभ—कामना व्यक्त
गर्दछौं ।
मुन्चा हाउस
न्यूरोड, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।।

शुभ विजया दशमीको पावन अवसरमा

समस्त शुभ चिन्तकहरूमा

हाम्रो

हार्दिक मङ्गलमय शुभ-कामना

२०५०

FARADAY ACADEMY OF
COMPUTER EDUCATION
Maitidevi
G.P.O. Box. 6807, Kathmandu.

Contact us For:

1. Computer traning
2. Software development
3. Computer Maintenace
4. Desktop Publishing
5. Computer Supply

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमी २०५० को शुभ अवसरमा

समस्त ग्राहक

महानुभावहरूमा हार्दिक मङ्गलमय

शुभ-कामना

इनोभेटिभ कम्प्युटर सिस्टम्स

बाघबजार, काठमाडौं

विजया दशमीको पावन

अवसरमा

सम्पूर्ण ग्राहकहरूमा

हाम्रो

हार्दिक शुभ-कामना

आमो लिङ्क प्रा. लि.

पुतलीसडक, काठमाडौं

विजया दशमी २०५० को शुभ उपलक्ष्यमा

हार्दिक मङ्गलमय शुभ-कामना

निको औषधि पसल

पुतलीसडक, काठमाडौं

(१-२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संघ-गीत

धन भन्दा पनि प्यारो छ
मान भन्दा पनि प्यारो छ
मेरो धर्म मेरो आफ्नो संस्कृति
प्राण भन्दा पनि प्यारो छ
धन भन्दा पनि ....

जसले विश्वमा सर्वप्रथम
जागृतिको नयाँ गीत गायो
वेद्का मन्त्रमा ज्ञान पोखी
धर्मको मार्गमा हिंड्न लाग्यो

विश्व बिहानीको प्रेरणा त्यै
प्यारो भन्दा पनि प्यारो छ
मेरो धर्म मेरो आफ्नो संस्कृति
प्राण भन्दा...................

देव छन्, वेद छन्, ग्रन्थ छन् सबै
साधु छन्, सन्त छन्, छैन कस्ती क्यै
चाड छन्,पर्व छन्, छन् परम्परा
बोली भाषा संस्कृति आफ्नै छन् पूरा
राम छन, कृष्ण छन्, बुद्ध छन् यहीं
यी सबै तर्फमा परिपूर्ण छन्
मेरो धर्म मेरो आफ्नो संस्कृति
प्राण भन्दा प्यारो छ
धन भन्दा पनि............

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

WARM FELICITATIONS
FROM
NEPAL BATTERY COMPANY LTD.
Balaju, Kathmandu

AN INDO-NEPAL JOINT VENTURE
CONTRIBUTING TO
ECONOMIC GROWTH AND SELF RELIANCE

EVEREADY BATTERIES

FRESH LONG- LASTING POWERFUL
TECHNICAL COLLABORATION
WITH
UNIONCARBIDE INDIA LIMITED

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu